नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक ४२ काठमाडौं | २५ चैत २०७६ मंगलबार चैत्र शुक्लपक्ष चतुर्दशी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, April 7, 2020 | पृष्ठ १२ | १० रुपैयाँ

विपन्नमाथि नै बढी मार

कोरोना भाइरसले भारतलाई गाँज्दा धेरै नेपालीको आम्दानी गुम्ने र विपन्न बस्तीहरूमा खाद्य अभावको सम्भावना छ

भारत उत्तरप्रदेशको अम्बेडकर नगरबाट चार दिनको यात्रापछि सुर्खेतको खुलामञ्चस्थित क्वारेन्टाइनस्थल आइपुगेका जुम्लाका बासिन्दा । *तस्बिर : कलेन्द्र सेजुवाल/कान्तिपुर*

एलपी देवकोटा (जुम्ला), **चाँदनी कठायत** (वीरेन्द्रनगर), **दुर्गा केसी** (दाङ), **वीरेन्द्र केसी** (अर्घाखाँची)

दाङको बंगलाचुली गाउँपालिका, बचनीका ऋषिराम विश्वकर्मा उत्तरप्रदेशको सरावस्तीस्थित होटलमा सेफको काम गर्थे । उनको नोकरीले सात जनाको परिवार पालिएको थियो । कोरोना भाइरसको त्रासले भारतले विदेशी उडान बन्द गरेपछि पर्यटक आउन छाडे । होटल बन्द हुने भयो, उनी नेपाल फर्किए ।

'अहिले होटलसमेत संकटमा परेको छ । कहिले बन्द खुल्ने, कसरी जाने केही निश्चित छैन,' उनले भने । भारतबाट आउँदा उनले ७५ किलो चामल ल्याएका थिए । अहिले त्यो सकिन लागेको छ । कमाएर राखेको खर्चले डेढ महिनासम्म पुग्ने अनुमान उनले गरेका छन् । त्यसपछि के खाने भन्ने समस्या छ ।

'जोखिम मोलेर काममा जाने कुरा भएन । सबैतिर यस्तै समस्या छ । के गरूँ, कता जाऊँ, कसरी परिवार पालूँ ?' उनले भने ।

ऋषिराम जस्ता धेरै नेपाली भारतमा वर्षैभर काम गर्छन् भने अरू धेरै नेपाली वर्षका केही महिना उता गएर काम गर्छन् । अहिले कोरोना भाइरसको संक्रमण फैलँदै गर्दा उनीहरूको रोजगारीमा असर परेको छ । उनीहरू धमाधम नेपाल फर्कंदै छन् ।

कर्णाली प्रदेश सरकारले यही चैत १० गते भारतमा रहेका आफ्ना नागरिकलाई १० दिनभित्र घर फर्कन आह्वान गरेको थियो । प्रदेश सरकारको मन्त्रिपरिषद्ले उनीहरूको स्वास्थ्य परीक्षण गराउने र क्वारेन्टाइनमा राख्ने विचार गरेको थियो । तर नेपाल सरकारले त्यही दिन र भारत सरकारले भोलिपल्ट मानिसको आउजाउ बन्द गरेपछि प्रदेश सरकारको आह्वानअनुसार नेपाली घर फर्कन पाएनन् । 'धेरै मान्छे आउन पाएनन्, आएका कतिपय पनि सीमामा अलपत्र परे,' प्रदेश सरकारकी प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसीले भनिन्, 'कतिपयलाई प्रदेश सरकारले उद्धार गरेर घर पुऱ्याएको छ, कति क्वारेन्टाइनमा बसिरहेका छन् ।'

केसीका अनुसार भारतमा काम गर्न गएकामध्ये कर्णाली प्रदेशका ५० हजारदेखि १ लाख मानिस स्वदेश फर्किने अपेक्षा प्रदेश सरकारले गरेको थियो । फागुनको अन्तिम सातायता सुदूरपश्चिम प्रदेशको महाकाली नदी तरेर ७५ लाख र कैलालीको गौरीफन्टा नाकाबाट एक लाख २४ हजार नेपाली नेपाल फर्किएका थिए । यी नेपाली सुदूरपश्चिमका मात्र होइनन्, अरू प्रदेशका पनि हुन् ।

प्रदेश ५ को स्वास्थ्य निर्देशनालयले नेपाल र भारतबीचका विभिन्न नाकामा स्थापना गरेका हेल्थ डेस्कको रेकर्डअनुसार चैत १५ गतेसम्ममा २ लाख नेपाली भारतबाट फर्किएको निर्देशनालयका सचिव विनोद गिरीले बताए । यिनमा प्रदेश ५ का मात्रै नभएर अरू प्रदेशका नागरिक पनि थिए ।

दाङ जिल्ला प्रशासन कार्यालयले संकलन गरेको तथ्यांकअनुसार कामका लागि विदेश गएका ३ हजार ६ सय मानिस बन्द भएका बेला दाङ फर्केका छन् । तीमध्ये भारतबाट फर्केका साढे तीन हजार जना छन् ।

घोराही उपमहानगरपालिकाका मात्रै १ हजार २ सय २५ जना भारतबाट फर्केको प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले बताए । उत्तरी पहाडी गाउँपालिका बंगलाचुलीका १ हजार १ सय ११ जना भारतबाट फर्केका छन् ।

गाउँ/नगरपालिकाले संकलन गरेको तथ्यांकअनुसार जुम्लामा पाँच हजार मानिस घर फर्केका छन् । धेरै नेपाली नेपाल-भारत सिमानामा अड्किएका छन् । अर्घाखाँचीमा झन्डै दुई हजार जना विदेशबाट फर्केका छन् । तीमध्ये ९५ प्रतिशत भारतबाट आएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । निकै जना नेपाल-भारत सिमानामा रोकिएका छन् । यस जिल्लाका निकै घरका एक जना भारतमा काम गर्ने र वर्षमा एक/दुई पटक आउजाउ गर्ने गर्छन् । कोरोनाको डर चाँडै हटिहाले पनि भारतमा नेपालीले पाउने रोजगारी धेरै मात्रामा घट्ने अनुमान गरिएको छ । त्यसैले नेपाल र भारतमा बन्द खुल्नेबित्तिकै अरू धेरै नेपाली घर फर्कन सक्छन् । भारतमा नेपालीले काम गर्न नपाउँदा नेपाललाई दुई किसिमले असर पर्छ । पहिलो, आम्दानी घट्छ । दोस्रो, खानेकुराको अभाव हुन्छ ।

आम्दानी घट्छ

नेपाल राष्ट्र बैंकका अनुसार यस आर्थिक वर्षको साउनदेखि कात्तिकसम्म चार महिनामा भारतमा काम गरिरहेका नेपालीले ४३ अर्ब १६ करोड रुपैयाँ नेपाल पठाएका थिए । गएको वर्ष भारतबाट एक खर्ब २८ अर्ब रुपैयाँ रेमिट्यान्स नेपाल आएको थियो ।

भारतमा काम गरिरहेका/गर्ने नेपालीमध्ये कोरोना भाइरसका कारण उत्पन्न परिस्थितिले आधालाई मात्र असर पाऱ्यो भने पनि आउने एक वर्षमा भारतबाट नेपाल आउने ६४ अर्ब रुपैयाँ रेमिट्यान्स गुम्छ । यसको असर नेपालका सम्पन्न क्षेत्रमा अलि कम र विपन्न क्षेत्रमा अलि बढी पर्नेछ । **बाँकी पृष्ठ ४**

लकडाउन थप एक साता
पृष्ठ २

सुदूरपश्चिममा छैनन् चिकित्सक

कोभिड-१९ को सबैभन्दा बढी संक्रमण भेटिएको सुदूरपश्चिम प्रदेशभर १ सय १४ चिकित्सकको दरबन्दी रहेकामा अहिले १५ जना मात्रै कार्यरत छन्

मकर श्रेष्ठ (काठमाडौं)

सरकारले सुदूरपश्चिम प्रदेशको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा कोरोना (कोभिड १९) को परीक्षण सुरु गरेको छ । टेकुको राष्ट्रिय प्रयोगशालामा मात्रै हुने परीक्षण सबै प्रदेशमा विस्तार गरिएको हो ।

संघीय सरकारले प्रदेशमा उपकरण पठाए पनि विशेषज्ञ चिकित्सक पठाउन सकेको छैन । कोरोना संक्रमित चार जना बिरामीलाई आइसोलेसनमा राखिएको सेती अस्पतालमा वर्षौंदेखि विशेषज्ञ चिकित्सकको दरबन्दी रिक्त छ । नवौं तहको वरिष्ठ कन्सल्टेन्ट प्याथोलोजिस्ट र सातौं तहको ल्याब टेक्निसियनको दरबन्दीमा पनि जनशक्ति पठाइएको छैन । अस्पतालका सूचना अधिकारी किशोरप्रसाद श्रेष्ठका अनुसार ८ देखि ११ तहका ३० जना चिकित्सकको दरबन्दीमा १४ जना मात्रै कार्यरत छन् । सबैभन्दा बढी कोरोना संक्रमित भेटिएका कारण यतिबेला राज्यकै ध्यान सुदूरपश्चिममा भए पनि मुख्य अस्पतालमै जनशक्ति व्यवस्थापन हुन नसकेको उनले बताए ।

उनका अनुसार अस्पतालमा ११ तहका फिजिसियन, स्त्रीरोग विशेषज्ञ र मेडिकल सुपरिटेन्डेन्टको पद रिक्त छ । बालरोग विशेषज्ञ हेमराज पाण्डेले मेडिकल सुपरिटेन्डेन्टको जिम्मेवारी सम्हालेका छन् । त्यस्तै ९ र १० तहका स्त्रीरोग विशेषज्ञ, प्याथोलोजिस्ट, इएनटी सर्जन, साइक्याट्रिस्ट, कार्डियोलोजिस्ट, डेन्टल सर्जनको पद रिक्त छ । नर्सिङ प्रशासकमा पनि कसैलाई पठाइएको छैन ।

> जनशक्ति पठाइदिन ३ पटक माग गऱ्यौं, कतैबाट पनि पठाएनन्
>
> **– कृष्णराज सुवेदी**
> सामाजिक विकासमन्त्री

दरबन्दीअनुसार जनशक्ति नभएपछि अस्पतालले करार र छात्रवृत्तिमा अध्ययन गरेका डाक्टरबाट काम लिइरहेको मेडिकल सुपरिटेन्डेन्ट पाण्डेले बताए ।

कोरोना संक्रमित र आशंका गरिएका बिरामीलाई नियमित मनोपरामर्श दिनुपर्ने हुन्छ तर अस्पतालमा ९/१० तहको मनोचिकित्सक पद रिक्त छ । 'जनशक्ति नभएको अहिले अहिलेमात्रै होइन, मुलुक संघीय संरचनामा जानु अघिदेखि नै त्यहाँका धेरै पद रिक्त छन् । संघीयतामा गएपछि जनशक्ति व्यवस्था होला भनेको समायोजनले झन् कटौती पो भयो,' पाण्डेले भने, 'अस्पतालमा जनशक्ति नभएको कुरा स्थानीय, प्रदेश र संघमा सबैलाई थाहा छ । सबैतिर हारगुहार गरिसकें । कतैबाट पनि सुनुवाइ भएन ।'

महामारीका बेला उपकरण पठाए पनि जनशक्ति नभएसम्म प्रभावकारी सेवा दिन समस्या हुने उनले बताए । '५० शय्या हुँदा स्वीकृत दरबन्दीमै जनशक्ति अपुग छ,' उनले भने, 'अहिले त अस्पताल २४० शय्याको भइसकेको छ ।' महाकाली प्रादेशिक अस्पताल महेन्द्रनगरको अवस्था सेतीको भन्दा बिजोग छ । ११ औं तहको मेडिकल सुपरिटेन्डेन्ट हुनुपर्नेमा नवौं तहका स्त्रीरोग विशेषज्ञ डा. हरि श्रेष्ठले निमित्त चलाइरहेका छन् । ११ तहको सुपरिटेन्डेन्ट, स्त्रीरोग विशेषज्ञ, बालरोग विशेषज्ञ र फिजिसियन छैनन् । अस्पतालका अनुसार ८ देखि ११ तहसम्मका २८ जनाको दरबन्दीमा २ जना मात्रै छन् । **बाँकी पृष्ठ ४**

विश्व स्वास्थ्य दिवस २०२० को उपलक्ष्यमा

माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भानुभक्त ढकालको तर्फबाट शुभकामना सन्देश

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू !

आज भन्दा ठिक ७२ बर्ष अगाडि दोस्रो विश्व युद्धले थिलथिलो भएको विश्वको स्वास्थ्य स्थितिलाई सुधार गर्दै स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्ने ध्येयले स्थापित विश्व स्वास्थ्य संगठन (डब्लू एच ओ) को स्थापना दिवसको यस अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कोभिड-१९ महामारीको यस परिस्थितिमा "नर्स र मिडवाईफहरूलाई सहयोग गरौं" भन्ने नाराका साथ मनाउन लागिएको "**विश्व स्वास्थ्य दिवस २०२०**" ले नर्स, मिडवाईफ लगायत सम्पूर्ण चिकित्साकर्मीहरूको महत्वलाई अझ बढावा दिएको छ । मानव जातिकै अस्तित्व माथि धावा बोलिरहेको यो महामारी विरुद्धको लडाइँको अग्रमोर्चामा रहेर सम्पूर्ण स्वास्थ्यकर्मीहरूले अदम्य साहस र उत्साहका साथ मानव स्वास्थ्य रक्षाका खातिर गरिरहनु भएको अमूल्य योगदान प्रति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तर्फबाट उच्च सम्मान व्यक्त गर्दछु ।

सरकारको तर्फबाट चिकित्साकर्मीलाई सुरक्षा सामाग्री बिना काम गर्ने परिस्थितिको सिर्जना हुन दिदैनौं । कोभिड-१९को बेला सरकारी, निजी वा गैरसरकारी सबै क्षेत्रमा कार्यरत चिकित्साकर्मी, चिकित्सामा संलग्न सबैलाई सत प्रतिशतसम्म अतिरिक्त भत्ता उपलब्ध गराउने र २५ लाख सम्मको बीमाको व्यवस्था गर्ने निर्णय नेपाल सरकारले गरिसकेको छ । त्यसैगरी देशभरी छरिएर रहनुभएका ५२ हजार भन्दा बढी महिला स्वास्थ्य स्वयं सेविका दिदी-बहिनीहरू, जसले नेपालको स्वास्थ्य स्थिति सुधार्न अत्यन्त ठूलो योगदान दिनुभएको छ उहाँहरूलाई कोभिड-१९ सम्बन्धी चेतना अभिवृद्धि गर्ने अभियानमा संलग्न हुन नेपाल सरकार हार्दिक आह्वान गर्दछ । यस अभियानमा संलग्न महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई थप १ हजार ५०० रुपैयाँ प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय समेत नेपाल सरकारले गरिसकेको छ ।

यस विषम परिस्थितिमा कोभिड–१९ रोग फैलिन नदिन लकडाउनको विकल्प छैन । विभिन्न देशबाट स्वदेश फर्किनु भएका आम दाजुभाइ तथा दिदीबहिनीहरूले सरकारले निर्धारण गरेको क्वारेन्टाइनमा बसी गर्नुभएको सहयोगको लागि हार्दिक धन्यवाद दिंदै आगामी दिनमा समेत यहाँहरूको निरन्तर सहयोगको अपेक्षा गर्दछौं । क्वारेनटाइनमा रहनुभएका सम्पूर्ण व्यक्तिहरूले जाँच गराइ कोभिड-१९ संक्रमण नभएको निश्चित गरेर मात्र आफ्नो घर जानु हुनेछ ।

यस्तो संवेदनशील परिस्थितिमा आम सञ्चार क्षेत्रको भूमिका विशेष र महत्वपूर्ण रहने भएकाले कोभिड–१९ सम्बन्धी जानकारी, खोजमूलक, वस्तुपरक र वास्तविक सूचनाको प्रभावकारी र विश्वसनीय सम्प्रेषणले मात्र समाजमा सकारात्मक योगदान पुऱ्याउने छ । यस कार्यका लागि सम्पूर्ण सञ्चारकर्मी मित्रहरूबाट रचनात्मक भूमिकाको अपेक्षा गर्दछु ।

हाल नेपाल कोभिड-१९ संक्रमणको दोस्रो चरणमा प्रवेश गरेको छ । अझै थप संक्रमण हुन नदिन आम जनसमुदाय, तीनै तहका सरकार र सम्बद्ध सम्पूर्ण सरोकारवालाहरूलाई थकाई नमारिकन निरन्तर खट्न, जुट्न र एकताबद्ध प्रयास गर्न हार्दिक अपिल गर्दछु । कथमकदाचीत कोभिड-१९को महामारी फैलिएर बिरामी हुने स्थिति र अस्पतालमा उपचार गर्नुपर्ने स्थितिको सिर्जना भए बिरामीको उपचारका लागि काठमाडौं उपत्यका भित्र ५ वटा र उपत्यका बाहिर १३ वटा गरी १८ वटा कोभिड-१९ विशेष अस्पताल तयार गरिएको छ । त्यहाँ कार्यरत चिकित्साकर्मीहरूले उच्च मनोबलका साथ उपचार तथा स्वास्थ्य सेवा दिने प्रबन्ध मिलाइएको छ । त्यस्तो बेलामा कार्यरत चिकित्साकर्मीहरूलाई उचित बसोबासको प्रबन्ध गरिएको छ । बिरामीको उपचारमा कुनै कमी हुन नदिन सरकारी तथा नीजि क्षेत्रका सम्पूर्ण अस्पताल, चिकित्सक, नर्स, मिडवाईफ लगायत स्वास्थ्यकर्मीहरू अहोरात्र खटिरहनु भएकोमा पुनः आभार व्यक्त गर्दछु ।

विश्व स्वास्थ्य दिवस २०२० को उपलक्ष्यमा नर्स र मिडवाईफहरूलाई मात्रै होइन सम्पूर्ण चिकित्साकर्मीहरूलाई समेत सबैले सहयोग गरौं । उहाँहरूको मनोबल उच्च राख्न हामी सबै जुटौं । महामारी रोकथाम र नियन्त्रणमा सहयोग गर्नु हुने विभिन्न संघ-संस्था, व्यवसायी, समाजसेवी, राष्ट्रसेवक र सुरक्षाकर्मी एवं आम जनसमुदाय प्रति नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र मेरो तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

धन्यवाद

मित्र

अर्थ वाणिज्य । ९

अधिकारी गभर्नर नियुक्त

समाचार । २

सीमामा कडाइ गर्न थप सुरक्षाकर्मी परिचालन

समाचार । २

संसद् अधिवेशन अन्त्य, फेरि अल्झियो एमसीसी

समाचार । ३

विपद् व्यवस्थापन केन्द्र किन सैन्य ब्यारेकमा ?

समाचार । ४

दुबईमा कोरोना संक्रमित नेपाली युवतीको मृत्यु

जो जोखिमसँगै गुडिरहेछन्

'मलाई जेसुकै होस्, घरका मान्छेलाई कसरी बचाऊँ भनेर डर लाग्छ'

फातिमा बानु (काठमाडौं)

१० वर्षदेखि एम्बुलेन्समा बिरामी ओसार्ने रमेश कटुवाल हिजोआज ज्यानको बाजी थापेर काम गरिरहेका छन् । उनी सिन्धुपाल्चोकका हुन् । गर्भवती, सुत्केरी, कडा रोगी या कोभिड शंकास्पद जस्तोसुकै बिरामी बोकेर उनी दैनिक कुदिरहन्छन् । सुरक्षात्मक सामग्री (पीपीई) त परको कुरा, मास्क र पन्जासमेत नभएको उनले बताए । 'कपडाको मास्क छ तर एकैछिन लगाएपछि पसिनाले ओसिन्छ,' उनले भने, 'सर्जिकल मास्क बजारमा पाइँदैन, अरूले दिँदैनन् ।' बिरामीबाट गाडीमा टाँसिएको भाइरस जान्छ कि भनेर दिनको दुई पटक उनी साबुन पानीले एम्बुलेन्स पखालेर चित्त बुझाइरहेका छन् ।

उनलाई आफ्नो भन्दा पनि घरका सदस्यलाई संक्रमण सारिएला कि भन्ने डर छ । उनको घरमा बालबालिका र वृद्धवृद्धा छन् । हिजोआज उनी परिवारको नजिकै पर्दैनन् । 'मलाई जेसुकै होस्, घरका मान्छेलाई कसरी बचाऊँ भनेर डर लाग्छ,' उनले भने, 'यस्तो बेला आफ्नो घर नगएर कहाँ जाऊँ, रोग सरे पनि सरोस् किस्मत यस्तै रैछ भनेर हिँडिराछु ।' सक्दो सुरक्षा अपनाउन उनी ड्युटी सकेर घर फर्केपछि नुहाउँछन्, बाहिर लगाएको कपडा घर बस्दा लगाउँदैनन् । सुरक्षा सामग्री भए ढुक्कसाथ एम्बुलेन्स चलाउँथें भन्ने उनलाई लाग्छ, नत्र दिनभरि कस्तो बिरामी बोक्नुपर्ने हो भनेर तनाव भइरहने उनले सुनाए ।

नवलपरासीका राजु चौधरी १२ वर्षदेखि ओम अस्पतालको एम्बुलेन्स चलाउँछन् । दिनै एउटा सामान्य मास्क लगाउँछन् । १२ वर्ष एम्बुलेन्स चलाएको अनुभवमा कहिल्यै डर नलागेको तर आजभोलि डर लाग्ने उनी बताउँछन् । 'वर्षौंदेखि बिरामी बोकेको छु, अहिले डरलाग्दो रोग आयो भन्दैमा पन्छिन मनले मान्दैन,' उनले भने, 'हुन त अस्पतालले आवश्यक परे सुरक्षा दिने खालको लुगा दिन्छु भनेको छ, तैपनि दिनैभर बिरामी बोक्दा मन डराइरहन्छ ।' उनको घरमा छोरी र मृगौला रोगी आमा छिन् । कोभिड संक्रमण भइहाले कडा रोगीको ज्यानै जोखिममा पर्छ भन्ने सुनेदेखि उनको मन अझै आत्तिएको छ । **बाँकी पृष्ठ ४**

लम्बियो लकडाउन

- वैशाख ३ गतेसम्म लकडाउनसँगै स्थिति समीक्षा गरिने
- निजी चिकित्सकलाई सरकारीसरह सुविधा
- महिला स्वास्थ्य स्वयंसेविकाको भत्ता वृद्धि
- प्रदेशका गतिविधि हेर्ने गरी मन्त्रीहरूको कार्यविभाजन

बिनु सुवेदी (काठमाडौं)

कोभिड-१९ को कहरबाट जोगिनका लागि नेपालीले अझै एक साता घरभित्रै बस्नुपर्ने भएको छ। दुई सातादेखि देशव्यापी लकडाउन गरेको सरकारले वैशाख ३ गतेसम्मका लागि अवधि थपेको छ। यो अवधिमा अन्तर्राष्ट्रिय सिमाना र आन्तरिक आउजाउ बन्द हुनेछ।

स्वास्थ्य विज्ञहरूको सुझाव र दक्षिणी सीमा जोडिएको भारतमा पनि लकडाउन यथावत् भएकाले हालका लागि एक साता लम्ब्याउने निर्णय गरिएको हो। 'दक्षिणी सिमानाको हालत अस्तव्यस्त छ, कोभिड-१९ का संक्रमितहरू फेला परिरहेका छन्,' एक मन्त्रीले कान्तिपुरसँग भने, 'त्यसैले अहिलेलाई लकडाउनको अवधि लम्ब्याउनुको विकल्प देखिएन।' ती मन्त्रीका अनुसार मन्त्रिपरिषद् बैठकमा आन्तरिक आवतजावत केही खुकुलो पार्ने कि भन्ने विषयमा पनि छलफल भएको थियो, तर स्थिति संकटोन्मुख भएकाले अहिलेकै अवस्थामा लकडाउन नै उपयुक्त हुने निचोड निस्किएको हो।

सरकारका प्रवक्तासमेत रहेका अर्थ एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री युवराज खतिवडाले बैठकपछि अन्तर्राष्ट्रिय सीमा नाका र खुला सीमा नाकाबाट हुने आवागमन वैशाख ३ गते मध्यरातिसम्म रोक्ने निर्णय भएको जानकारी गराए। 'मानिसहरूको आवागमन रोकिए पनि ढुवानी भने यथावत् राख्ने निर्णय भएको छ,' उनले भने। यसअघि चैत ११ गतेदेखि देशव्यापी लकडाउन गर्ने निर्णय गरेको सरकारले १८ गतेदेखि फेरि एक साताका लागि अवधि थप्ने निर्णय गरेको थियो। सरकारले गरेको लकडाउनको पछिल्लो अवधि मंगलबार सकिनै लाग्दा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले पुनः थपेको हो। सरकारले बन्दको निर्णय गरेसँगै भारतबाट आएका हजारौं श्रमिकहरू सीमा नाकामै थुनिएका छन् भने दैनिक ज्यालादारीमा गुजारा टार्नेहरूसमेत हिँडेरै आआफ्ना घरमा जान बाध्य भएका छन्।

'भारतले पनि २१ दिनका लागि लकडाउन गरेको छ, उसको त्यो अवधि आउँदो वैशाख २ गते सकिँदै छ,' सरकारसम्बद्ध स्रोतले भन्यो, 'अहिले भारतमा पनि बन्द भएकाले हाम्रा लागिसमेत लकडाउन निर्विकल्प थियो।' अब एक सातापछिको निर्णय भने देशभित्र संक्रमितको अवस्था र भारतको निर्णय हेरेर गरिने उनले जानकारी दिए। भारतीय सीमा नाकाबाट भित्रिएका सबै नागरिक क्वारेन्टाइनमा नबसेका र कतिपयको स्वास्थ्य जाँचसमेत नभएकाले एक सातामा आउने स्वास्थ्य रिपोर्टले समेत लकडाउन या अरू कुनै विकल्प भन्ने नीति लिन सकिने ती मन्त्रीले बताए। कतिपयको स्वास्थ्य परीक्षण रिपोर्ट यही साता आउने भएकाले आवश्यक निर्णयका लागि यो साता महत्त्वपूर्ण हुने सरकारी बुझाइ छ। त्यसमाथि आवश्यक सामग्रीसमेत पर्याप्त नभएको अवस्थामा कोभिड-१९ को संक्रमणबाट बच्न घरभित्रै बस्नुभन्दा अर्को उपयुक्त उपाय नहुने निचोड सरकारले निकालेको छ। 'विश्व स्वास्थ्य संगठनको मान्यता पनि जो जहाँ छ त्यहीं बसौं भन्ने नै हो, त्यसैले संक्रमणको जोखिम कम नहुँदासम्म कठोर बन्नु नै उत्तम उपाय हो,' एक मन्त्रीले भने।

यस्तै मन्त्रिपरिषद् बैठकले १४ दिन क्वारेन्टाइनमा बसिसकेकाले बाँकी सात दिन सेल्फ क्वारेन्टाइनमा बस्नुपर्ने निर्णय गरेको छ। 'संक्रमणको जोखिम भएका व्यक्ति १४ दिन क्वारेन्टाइनमा बस्नुपर्ने व्यवस्थालाई परिमार्जन गरिएको छ, १४ दिनपछि र्‍यापिड टेस्ट गरेर उहाँहरू निस्कन सक्नुहुन्छ,' प्रवक्ता खतिवडाले भने, 'तर र्‍यापिड डाइग्नोस्टिक चेक गरिसकेपछि उहाँहरू ७ दिन अनिवार्य रूपमा होम क्वारेन्टाइनमा बस्नुपर्नेछ।'

निजी चिकित्सकलाई सरकारीसरह सुविधा

यस्तै बैठकले कोरोना संक्रमितको उपचारमा खटिने निजी अस्पतालमा कार्यरत चिकित्सकलाई पनि सरकारी चिकित्सकसरह सेवा, सुविधा उपलब्ध गराउने निर्णय गरेको छ। बैठकले निजी अस्पतालमै बसेर कोभिड-१९ सम्बन्धी उपचारमा संलग्न भए पनि उनीहरूको तलबभत्ता सरकारले नै व्यहोर्ने मन्त्री खतिवडाले जानकारी दिए। 'यो रोगको उपचार जहाँबाट पनि गर्नुपर्‍यो, हामी सबैको संयुक्त प्रयासबाट गर्ने हो, कतिपय निजी अस्पतालमा उपकरण छैनन्, उपकरण भएका ठाउँमा स्वास्थ्यकर्मी नभएको अवस्था रहेकाले जनशक्ति र प्रविधिको संयोजन गर्न यो निर्णय गरिएको हो,' उनले भने।

साथै बैठकमा खटिने स्वास्थ्य स्वयंसेविकाहरूलाई एक पटकका लागि १ हजार ५ सय रुपैयाँ भत्ता उपलब्ध गराउने निर्णय भएको छ। यसअघि आइतबार बसेको कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले स्वास्थ्य स्वयंसेविकालाई पनि परिचालन गर्ने निर्णय गरेको थियो। मुलुकभर ५० हजारभन्दा बढी महिला स्वास्थ्य स्वयंसेविका छन्। उनीहरूले विदेशबाट र क्वारेन्टाइनबाट फर्किएका स्थानीय बासिन्दा सरकारको नयाँ मापदण्डअनुसार होम क्वारेन्टाइनमा बसेका छन् कि छैनन्, त्यसको निगरानी गरेर स्थानीय सरकारलाई रिपोर्ट गर्नुपर्नेछ।

मन्त्रीहरूलाई समन्वयको जिम्मा

यस्तै सरकारले पनि कोभिड-१९ ले पारेको असरको सम्बोधनका लागि योजना बनाउने गरी उच्चस्तरीय समन्वय समितिबाहिर रहेका मन्त्रीहरूको पनि कार्यविभाजन गरेको छ। जसअनुसार भौतिक पूर्वाधारमन्त्री बसन्त नेम्वाङले प्रदेश १, भूमिसुधार तथा गरिबी निवारणमन्त्री पद्मा अर्यालले गण्डकी प्रदेश, वन तथा वातारणमन्त्री शक्ति बस्नेतले कर्णाली प्रदेश, ऊर्जा तथा जलस्रोतमन्त्री वर्षमान पुनले प्रदेश ५, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवले प्रदेश ३ र खानेपानी तथा सरसफाइमन्त्री विना मगरले सुदूर पश्चिम प्रदेशसँग समन्वय गर्नेछन्। यस्तै युवा तथा खेलकुदमन्त्री जगत विश्वकर्मालाई युवा परिचालनको जिम्मेवारी तोकेको सरकारले संसद्मा रहेका राजनीतिक दलहरूसँग संवाद तथा समन्वय गर्ने जिम्मा कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री शिवमाया तुम्बाहाङफेलाई दिएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएकाहरूबारे अध्ययन र योजना बनाउने जिम्मा पाएका छन्। यीबाहेक अरू मन्त्रीहरू यसअघि नै उच्चस्तरीय समन्वय समिति र क्राइसिस म्यानेज्मेन्ट सेन्टर (सीसीएमसी) अन्तर्गत रहेर काम गरिरहेका छन्।

भक्तपुरको खरिपाटीस्थित विद्युत् प्राधिकरण तालिम केन्द्रको क्वारेन्टाइनमा बसेकाहरू सोमबार घर फर्कंदै। विभिन्न मुलुकबाट दुई साताअघि आएका ९६ जनालाई विमानस्थलबाट सिधै यहाँ ल्याएर राखिएको थियो। कोरोना संक्रमण नदेखिएपछि तीमध्ये ७३ जना सोमबार घर फर्किएका हुन्। *तस्विर : लीला श्रेष्ठ/कान्तिपुर*

सीमा क्षेत्रमा थप सुरक्षा फौज

मातृका दाहाल (काठमाडौं)

लकडाउन उल्लंघन गरी भारतबाट मानिस आउन सक्ने आशंकामा सरकारले सीमा क्षेत्रमा थप सुरक्षाकर्मी तैनाथ गरेको छ। वैशाख ३ गतेसम्मका लागि लकडाउन थपिएसँगै सीमा सुरक्षामा कडाइ गरिएको हो। नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ) को थप फौजलाई सीमा क्षेत्रमा तैनाथ गरिएको छ।

'लकडाउन थपिएसँगै आवतजावत माग गर्दै सीमा नाकामा भीड लाग्न सक्छ, त्यसप्रति सचेत भएर थप फौजलाई त्यसतर्फ केन्द्रित गरिएको हो,' गृह मन्त्रालयका एक अधिकारीले भने। मुलुकभरका क्वारेन्टाइन सुरक्षामा सेना परिचालन गरेर सडक र सीमामा प्रहरी र सशस्त्रको फौज खटाइएको छ। चैत ११ देखि लागू गरिएको लकडाउनको पालना र सीमा हुँदै आवतजावत रोक्न थप फौज परिचालन गरिएको गृह मन्त्रालयले जनाएको छ। भारतमा रोजगारी गरिरहेका नेपालीलाई समेत सरकारले कोरोना संक्रमण फैलिन सक्ने भन्दै नेपाल प्रवेश गर्न दिएको छैन।

उनीहरूलाई भारतीय भूमिमै क्वारेन्टाइनमा बस्न सरकारले आग्रह गरेको छ। सशस्त्र प्रहरी प्रवक्ता डीआईजी प्रवीणकुमार श्रेष्ठले सरकारको पछिल्लो आदेशपछि ब्यारेकको रिजर्भ फौजलाई सीमा नाकामा खटाइएको जानकारी दिए। सीमामा कडाइ गर्न निर्देशन आएपछि थप फौजलाई परिचालन गरिएको उनले बताए। 'कोरोनाविरुद्धको प्रतिकार्य योजना लागू र लकडाउन कार्यान्वयन गर्न सरकारले सीमा क्षेत्र लक्षित गरेर तैनाथी बढाउन निर्देशन दिएको थियो,' प्रवक्ता श्रेष्ठले कान्तिपुरसँग भने, 'सोही आधारमा थप २ हजार २ सय ८० सुरक्षाकर्मीलाई सोमबारबाटै नेपाल-भारत सीमामा खटाइएको छ।' खटाइएका थप जनशक्ति बाहिनी, तालिम केन्द्र, गण/गुल्मलगायत युनिटमा कार्यरत थिए।

भारतीय सीमा जोडिएका १ सय १४ स्थानमा सशस्त्र प्रहरीका बोर्डर अब्जर्भेसन पोस्ट (बीओपी) स्थापना गरिएको छ। अधिकांश बीओपीमा दरबन्दीअनुसार जनशक्ति नहुँदा सीमा व्यवस्थापन र सुरक्षामा केही कठिनाइ भएको छ। गृहले थपिएका जनशक्तिलाई अस्थायी युनिट खडा गरेर सीमाबाट मानिस आवतजावत हुन नदिन निर्देशन दिएको थियो। गृहको निर्देशनअनुसार स्थायी बीओपीमार्फत केही जनशक्ति र बाँकी सबै अस्थायी युनिट खडा गरी सीमा नाका निगरानीमा खटाइएको सशस्त्रले जनाएको छ। नेपाल प्रहरीले पनि प्रदेश, संघीय इकाई, जिल्ला तथा विभिन्न तालिम केन्द्रमा कार्यरत जनशक्तिलाई सीमा व्यवस्थापन र लकडाउन कार्यान्वयनमा केन्द्रित गर्न निर्देशन दिएको छ।

प्रहरी प्रवक्ता एसपी उमेशराज जोशीले विदेशबाट आएर परिवारका सदस्यलाई कोरोना संक्रमण सारेको भेटिएपछि नाकाबाट मानिस भित्रिन नदिन थप सतर्कता अपनाइएको बताए। 'सीमा क्षेत्रबाट भित्रिन नदिन थप कडाइ गरेका छौं, यसका लागि रिजर्भ फौजलाई समेत फिल्डमा तैनाथ गरिएको छ,' एसएसपी जोशीले भने, 'लकडाउन पालना र सीमा सिलको निर्णय कार्यान्वयनमा अन्य सुरक्षा निकायसँग पनि त्यत्तिकै समन्वय गरेर काम गरिरहेका छौं।'

देशभर करिब ४७ हजार प्रहरी लकडाउन कार्यान्वयन र सीमा नाका सिल गर्न खटिएको उनले बताए। सशस्त्र प्रहरी प्रवक्ता श्रेष्ठका अनुसार कोरोना संक्रमणविरुद्धका योजना कार्यान्वयनमा ७० प्रतिशतभन्दा बढी फौज फिल्डमा तैनाथ रहेको बताए। चैत ११ गतेदेखि लकडाउन भए पनि फागुन २५ गतेबाटै सरकारले नेपाल-भारत सीमा हुँदै आवतजावत गर्नेलाई ज्वरो नापेर मात्रै प्रवेश दिइएको थियो। तर चैत ११ गतेबाट सीमा हुँदै आवतजावत पूर्ण रूपमा निषेध गरिए पनि भित्री नाकाबाट ओहोरदोहोर हुने क्रम नरोकिएको सुरक्षा अधिकारीहरू बताउँछन्। ती नाकामा सुरक्षा पोस्ट नहुँदा ठूला तथा मध्यम नाका छलेर मान्छे ओहोरदोहोर हुने गरेको छ। हाल भारतसँग ३६ वटा मोटरेबल तथा १ सय ५० भन्दा बढी सानाठूला नाका छन्। ७३ नाकामा सुरक्षाकर्मीको उपस्थिति शून्यप्रायः छ।

डीएसपीसहित १२० जना सशस्त्र प्रहरी क्वारेन्टाइनमा

सशस्त्र प्रहरी बल (एपीएफ) का १ सय २० कर्मचारीलाई क्वारेन्टाइनमा राखिएको छ। कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि सीमा नाकामा बसेका र भारतबाट आएकाहरूलाई क्वारेन्टाइनमा राख्ने क्रममा खटिएका र घरबिदामा बसेकालाई क्वारेन्टाइनमा राखिएको हो। उनीहरूलाई ज्वरो तथा रुघाखोकी देखिएपछि क्वारेन्टाइनमा राखिएको हो।

सबैभन्दा बढी क्वारेन्टाइनमा बस्नेमा सुदूरपश्चिम प्रदेशबाट खटिने छन्। यस प्रदेशअन्तर्गतका युनिटका ९६ जना क्वारेन्टाइनमा छन्। प्रदेश १ मा १७ जना, २ मा १, वाग्मती प्रदेशमा ५ र कर्णाली प्रदेशमा १ जना क्वारेन्टाइनमा बसेका छन्।

सशस्त्र प्रहरी प्रवक्ता डीआईजी प्रवीणकुमार श्रेष्ठले प्रहरी नायब उपरीक्षकसम्मका कर्मचारीलाई विभिन्न जिल्लास्थित संगठनले नै निर्माण गरेका क्वारेन्टाइनमा राखिएको बताए। 'ज्वरो तथा रुघाखोकी आएपछि सीमा नाका तथा अन्य विभिन्न स्थानमा खटिएका १ सय २० जना कर्मचारी क्वारोन्टाइनमा छन्, आवश्यक स्वास्थ्य परीक्षण पनि भइसकेको छ,' श्रेष्ठले कान्तिपुरसँग भने, 'बिमार निको र स्वास्थ्य परीक्षण रिपोर्ट आएपछि अवस्था हेरेर काममा खटाइनेछ।

सशस्त्र प्रहरीले २ हजार २ सय ८० सुरक्षाकर्मीलाई सोमबारबाटै नेपाल-भारत सीमामा खटाएको छ

क्वारेन्टाइनमा बस्ने सबै फिल्डमा खटिने कर्मचारी रहेको उनले बताए। नेपाल प्रहरीका प्रवक्ता एसएसपी उमेशराज जोशीले प्रहरीबाट क्वारेन्टाइनमा बसे-नबसेको तथ्यांक आइनसकेको बताए। 'अहिलेसम्म क्वारेन्टाइनमा बस्ने प्रहरीको संख्या के-कति छ, आइसकेको छैन,' उनले भने, 'सबै जिल्लालाई विवरण पठाउन भनिसकेका छौं।'

एपीएफ अस्पतालका २८ बिरामीलाई छाउनी सारियो

सशस्त्र प्रहरीको बलम्बुस्थित एपीएफ अस्पतालमा उपचाररत २८ जनालाई छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा स्थानान्तरण गरिएको छ। एपीएफ अस्पताललाई कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमित बिरामीको मात्रै उपचार केन्द्र बनाउने निर्णय गरेपछि सशस्त्र प्रहरी मुख्यालयले भर्ना भएका २८ जनालाई वीरेन्द्र सैनिक अस्पताल स्थानान्तरण गरिएको हो। यससँगै एपीएफ अस्पतालमा छिट्टै कोरोना रोगका बिरामीको उपचार थालिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। ११० बेड क्षमताको एपीएफ अस्पतालमा सयभन्दा बढी बिरामी भर्ना भएर उपचार गराइरहेका थिए। त्यसमध्ये फलोअप र औषधि सेवन गरेर घरमै आराम गर्न मिल्नेलाई डिस्चार्ज गरिएको र बाँकीलाई अन्यत्र स्थानान्तरण गरिएको हो।

बिरामी सारिएसँगै एपीएफ अस्पतालमा छिट्टै कोरोना संक्रमित तथा आशंका लागेमा मानिसलाई भर्ना गरेर उपचार गरिनेछ। त्यस्तै कोभिड-१९ रोगको उपचारका लागि डेडिकेटेड अस्पतालमा रूपान्तरण गरिएपछि बलम्बुस्थित अस्पताल परिसर र आसपास रहेका सशस्त्र कार्यालयका संयन्त्रहरूलाई पनि स्थानान्तरण गरिएको छ। बलम्बुमै रहेको पशुपतिनाथ बाहिनी कार्यालय सानो गौचरणस्थित सशस्त्र प्रहरीकै स्टाफ कलेजको भवनमा सारिएको छ। स्टाफ कलेज मातातीर्थस्थित सशस्त्र प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सारिएको छ। प्राविधिक तालिम शिक्षालय, कुकुर शाखालगायतका युनिटलाई पनि एकेडेमीमै सारिएको छ।

विदेशबाट आएका सबैलाई क्वारेन्टाइनमा राख्नू : सर्वोच्च

कृष्ण ज्ञवाली (काठमाडौं)

सर्वोच्च अदालतले हालै नेपाल प्रवेश गरेका व्यक्तिहरूलाई अनिवार्य क्वारेन्टाइनमा राख्न सरकारका नाममा आदेश जारी गरेको छ। कोभिड-१९ संक्रमण नियन्त्रणका लागि सरकारले गरेको काम प्रभावकारी हुन नसकेको भनी तीन कानुन व्यवसायीले दर्ता गरेको छुट्टाछुट्टै रिटमाथि एकमुष्ट सम्बोधन गर्दै सर्वोच्चले जारी गरेको क्वारेन्टाइनको आदेश स्थलमार्गबाट नेपाल फर्केका प्रवासी र अन्य नागरिकको हकमा समेत लागू हुनेछ।

न्यायाधीशद्वय हरिकृष्ण कार्की र आनन्दमोहन भट्टराईको इजलासको आदेशमा विदेशबाट हवाईजहाज र स्थलमार्ग हुँदै आएका सबैलाई क्वारेन्टाइनमा राखेको नपाइएकाकाले स्थानीय तहमार्फत तिनीहरूलाई पत्ता लगाई आवश्यकअनुसार क्वारेन्टाइन वा होम क्वारेन्टाइनमा निगरानीसहित राख्न भनिएको छ। स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्डअनुसार विदेशबाट फर्केका व्यक्तिहरू दुई साता सरकारले तोकेको क्वारेन्टाइनमा बस्नुपर्ने नियम छ। संक्रमणको उच्च जोखिममा परेकाहरूबाहेकलाई सरकारले घरमै क्वारेन्टाइनमा बस्न आग्रह गर्दै आएको छ। रिट सुनुवाइका क्रममा सर्वोच्च अदालत पुगेका स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले क्वारेन्टाइनका लागि विभिन्न ठाउमा २७ हजार ८ सय १८ शय्या खडा गरिएको जानकारी दिएका थिए। सर्वोच्चले क्वारेन्टाइनलाई विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसरण भए नभएको भन्नेबारे अनुगमनको व्यवस्था मिलाउन पनि आदेश दिएको छ।

सर्वोच्च अदालतले लकडाउनको व्यवस्था प्रभावकारी भए पनि कोभिड-१९ संक्रमणको परीक्षण गर्ने दायरा साँघुरो भएको भन्दै त्यसलाई प्रदेश स्तरमा

- परीक्षण दायरा बढाउनू
- आईसीयू र भेन्टिलेटर व्यवस्था गर्नू

विस्तार गर्न आदेश दिएको छ। आदेशमा भनिएको छ, 'उपत्यकाबाहिर अन्य सहरी केन्द्रहरूमा समेत परिक्षण केन्द्रहरू विस्तार गरी धेरै जनताको सहज पहुँच पुऱ्याउनू।' आईसीयू शय्या र भेन्टिलेटर संख्या सीमित भएको भन्दै सर्वोच्चले त्यसको विस्तारमा जोड दिएको छ। कोभिड-१९ संक्रमितहरूमा निमोनिया भई श्वासप्रश्वासमा समस्या भएर ज्यानै समेत जोखिममा पर्न सक्छ। भेन्टिलेटर र आईसीयूको संख्या विस्तार गर्न सरकार प्रयासरत रहेको जवाफ आएपछि सक्दो प्रयास गरी तिनलाई स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रदेश तहमा रहेका अस्पतालमा समेत विस्तार गर्न र त्यहाँको जनताको पहुँच बढाउन सर्वोच्चले आदेश दिएको छ। सर्वोच्चले कोभिड-१९ बाहेकका अन्य बिरामीको पनि आकस्मिक स्वास्थ्य सेवाका साथै तत्कालै गर्नुपर्ने आवश्यक उपचार प्रभावित नहुने व्यवस्था मिलाउन आदेश दिएको छ। निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई समेत सुरक्षित ढंगबाट सेवा नियमित गर्न सक्ने वातावरण बनाउन आदेश छ। आदेशमा भनिएको छ, 'त्यसका लागि पीपीईलगायतका स्वास्थ्य सामग्रीको उपलब्धता सुनिश्चित गरी निजी अस्पतालको सेवा सुचारु गर्ने व्यवस्था गर्नू।'

कोभिड-१९ संक्रमण देखिए शहरी क्षेत्रको तुलनामा ग्रामिण क्षेत्रमा जनता जोखिममा पर्ने भन्दै सर्वोच्चले तिनका हकमा समेत व्यवस्था गर्न आदेश दिएको छ। सर्वोच्च अदालतले लकडाउनका कारण आय आर्जन रोकिएका व्यक्तिहरूलाई केन्द्रित गरी पारदर्शिता कायम गरी राहत वितरण गर्नु भनी आदेश दिएको छ। कृषिजन्य क्रियाकलापलाई कहिल्यै नरोकिने निरन्तरताको काम भन्दै सर्वोच्चले कृषि क्षेत्रमा संलग्न किसानहरूको सुरक्षा र राहत व्यवस्था गर्न आदेश दिएको छ।

संसद् अधिवेशन अन्त्य

फेरि अल्झियो एमसीसी

जयसिंह महरा (काठमाडौं)

संसद् अधिवेशन अन्त्यसँगै अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सँगको सम्झौता अनुमोदन प्रक्रिया लम्बिएको छ। सरकारले यही हिउँदे अधिवेशनबाट अनुमोदन गर्ने भने पनि सत्तारूढ दलभित्रैकै विवादका कारण एमसीसी संसद्मा अघि बढ्न सकेको थिएन।

एमसीसी अनुमोदन प्रक्रिया लम्बिएपछि त्यससँग जोडिएका आयोजना कार्यान्वयनमा ढिलाइ हुने भएको छ। संसद्मा गत वर्षको अधिवेशनमै यो सम्झौता अनुमोदन गर्ने सूचीमा थियो तर त्यसबेला प्रक्रिया अघि नबढेपछि हिउँदे अधिवेशनमा पारित गर्ने योजना थियो। सत्तारूढ दलभित्र विवाद बढिरहेका बेला कोरोना भाइरसका कारण नयाँ परिस्थिति सिर्जना भएपछि संसद् बैठक स्थगित भइरह्यो। स्थगित गर्ने शृंखला लम्बिएपछि सोमबार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले अधिवेशन अन्त्य गरिन्। अब एमसीसीलगायतका महत्त्वपूर्ण विषय अर्को अधिवेशनसम्मलाई थाती बसेका छन्। आउँदो बर्खे अधिवेशन बजेट अधिवेशन हुन्छ।

यो पाँचौं अधिवेशनमा एमसीसी अनुमोदन, उपसभामुख निर्वाचनजस्ता महत्त्वपूर्ण काम थाती छन्। संसद्को पाँचौं अधिवेशन पुस ४ गते आह्वान गरिएको थियो। कृष्णबहादुर महराले राजीनामा दिएर खाली भएको सभामुख पद पूर्ति गर्न संसद्ले लामो समय लगाउँदा विधेयक अधिवेशनका रूपमा रहेको अधिवेशनले प्रभावकारी काम गर्न सकेन। एमसीसी सम्झौता अनुमोदनकै लागि सरकारले अधिवेशन अन्त्य गर्न ढिलाइ गरेको थियो। संसद् सचिवालय स्रोतका अनुसार अधिवेशन अन्त्य गर्नका लागि सरकारलाई सुझाव दिएको अवस्थामा पनि सरकारले मानेको थिएन। नेकपाले एमसीसी पारित गर्नका लागि कार्यदल गठन गरेको थियो। वरिष्ठ नेता झलनाथ खनाल संयोजक, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र स्थायी कमिटी सदस्य भीम रावल सदस्य

रहेको अध्ययन कार्यदलले संशोधनसहित एमसीसी अनुमोदन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन सचिवालयमा बुझाएको छ। सचिवालयले आवश्यक निर्णय गर्न नसक्दा संसद्ले एमसीसी अनुमोदन प्रक्रिया अगाडि बढाउन सकेन। सभामुख अग्नि सापकोटाले एमसीसी सम्झौता अनुमोदन गर्ने विषय सरकार र दलको भएको बताए। विषय पेचिलो भएकाले आफूले त्यसमा कुनै प्रतिक्रिया दिन नसक्ने उनको भनाइ छ। सर्वाधिक चासो रहेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक पनि पाँचौं अधिवेशनबाट पारित हुन सकेन। सडक र सदनमा बारम्बार बहस भएको यो विधेयक राज्य व्यवस्था तथा सुशासन समिति बैठकमा थन्किएर बसेको छ। त्यस्तै, संघीयता कार्यान्वयनमा महत्त्वपूर्ण मानिएको संघीय निजामती सेवा विधेयक पनि राज्य व्यवस्था समितिमा नै रोकिएको छ।

हाल प्रतिनिधिसभाका समितिमा १३ विधेयक विचाराधीन रहेको संसद् सचिवालयले जनाएको छ। राष्ट्रिय सभामा १६ विधेयक छन्। पाँचौं अधिवेशनबाट राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (प्रथम संशोधन) विधेयक र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानसम्बन्धी विधेयक पारित भएर प्रमाणीकरण भए भने शिक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक र प्रमाण विधेयक प्रमाणीकरण हुने चरणमा छन्।

प्रतिनिधिसभाको उपसभामुख माघ ६ गते रिक्त भएको थियो। सभामुख चयन गरेको प्रतिनिधिसभाले यो अधिवेशनमा उपसभामुख चयन गर्न सकेन। नेकपामा गम्भीरता नदेखिएकाले उपसभामुख चयन हुन नसकेको प्रतिपक्षी कांग्रेसले आरोप लगाएको छ। तटस्थ बस्नुपर्ने पदका लागि सत्तारूढ दलले बार्गेनिङ गर्ने अस्त्र बनाएको कांग्रेस सचेतक पुष्पा भुसालको भनाइ छ। 'संसद्मा बारम्बार कुरा उठेको थियो तर उपसभामुख प्रतिपक्षी दलको हुने र महिला हुने भएकाले सत्ताधारी दलले चासो राखेन। तटस्थ रहने पदलाई नेकपाले बार्गेनिङका रूपमा राखेर प्रजातान्त्रिक अभ्यास देखाएन,' उनले भनिन्। राजपा सांसद लक्ष्मणलाल कर्णले संवैधानिक पदलाई लामो समयसम्म पनि पूर्ति गर्नमा नेकपाले गम्भीरता नदेखाएको बताए। यी सबै विषयलाई हेर्दा सत्तारूढ दल पाँचौं अधिवेशन प्रभावकारी नभएको स्विकार्न पुगेको छ। नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले संसद्ले छोटो समयमा प्रभावकारी काम गर्न नसकेको स्वीकार गरे। संसद् सञ्चालनमा सत्तापक्षकै बढी जिम्मेवारी हुने भएकाले त्यो भएन भन्नेमा विवाद भएन। त्यसमा विभिन्न कारणहरू परे' उनले भने। पछिल्लो समय कोरोनाले गर्दाखेरि सदन सञ्चालन नै हुन पाएन।' सभामुख सापकोटाले भने 'पिकअप' लिन खोज्दाखोज्दै पनि बाधा आइलागेको बताए। 'यो अधिवेशनमा छोटो समयमा ८ विधेयक पारित भए। दुई समितिका प्रतिवेदनमाथि सैद्धान्तिक छलफल भयो। पिकअप लिन खोज्दाखोज्दै कोरोना आएकाले परिस्थितिजन्य कारणले पहल र प्रयत्न गर्दागर्दै प्रभावकारी ढंगले काम गर्न सकिएन,' उनले भने।

यसैबीच प्रमुख प्रतिपक्षी कांग्रेसले जानकारी नदिई संसद् अधिवेशन अन्त्य गरिएको भन्दै असन्तुष्टि जनाएको छ। कांग्रेसका मुख्य सचेतक बालकृष्ण खाँणले यस निर्णयलाई सरकारको हतास मनस्थितिको उपज भनी टिप्पणी गरेका छन्। सामान्य अवस्थामा प्रमुख प्रतिपक्ष दलसँग सदन अन्त्यबारे परामर्श हुने नजिर रहेको उल्लेख गर्दै उनले यसपटक जानकारीसम्म नदिएको बताए। 'संसद्मा रहेका सबै राजनीतिक दललाई विश्वासमा लिनुपर्ने ठाउँमा सदनको अन्त्य एकलौटी रूपमा गरियो। सरकार हतास मनस्थितिमा अघि बढेको देखियो' उनले भने।

लकडाउनमा पनि ट्राफिकलाई भ्याइनभ्याइ : काठमाडौंको थापाथलीमा सोमबार सवारी चालकको आउजाउ अनुमति 'पास' जाँच्दै ट्राफिक प्रहरी । कोभिड-१९ को सम्भावित संक्रमण रोक्न सरकारले घरबाहिर ननिस्कन आह्वान गरे पनि अत्यावश्यक सेवाका नाममा पास लिने बढेका छन् । *तस्बिर : दीपक केसी/कान्तिपुर*

विपत् व्यवस्थापन केन्द्र किन सैन्य ब्यारेकमा ?

विपत्को सामना गर्न यसअघि गृह र स्वास्थ्य मन्त्रालयअन्तर्गत बनाइएका संरचनालाई बेवास्ता गर्दै सरकारले कोभिड-१९ विरूद्ध प्रतिकार्यका लागि सैनिक क्षेत्रभित्र अस्थायी केन्द्र खडा गरेको छ

जगदीश्वर पाण्डे र मातृका दाहाल (काठमाडौं)

स्वास्थ्य संकट, भूकम्प, बाढी, पहिरोलगायत विपत्का बेला चाहिने स्थायी संरचना छँदाछँदै अहिले सरकारले अस्थायी संरचनाहरू थपिरहेको छ। त्यसरी बनाइएका अस्थायी संरचना पनि नागरिक प्रशासन मातहत नभई सैनिक क्षेत्रमा खडा गरिएको छ।

मन्त्रिपरिषद्को चैत १६ को बैठकले छाउनीस्थित नेपाली सेनाको महावीर गण (रेन्जर) भित्र रहने गरी 'कोभिड-१९ विपत् व्यवस्थापन केन्द्र' (सीसीएमसी) स्थापना गऱ्यो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको नेतृत्वमा रहने उक्त केन्द्रलाई सिंहदरबारभित्र नराखी सैन्य ब्यारेकमा लगिएको विषयले अहिले प्रशासनिक क्षेत्रमा चर्चा पाएको छ। रेन्जर गण माओवादी द्वन्द्वका बखत अमेरिकी सेनाको सहयोगमा स्थापित विशिष्टीकृत सैन्य इकाई हो।

कोभिड-१९ विरुद्ध उपप्रधानमन्त्री ईश्वर पोखरेलको नेतृत्वमा गठित उच्चस्तरीय निर्देशक समितिको मातहतमा रहने उक्त व्यवस्थापन केन्द्रमा सेनाका प्रबन्धरथी तथा स्वास्थ्य मन्त्रालयका १२ औं तहका प्रतिनिधिहरूको समन्वयकारी भूमिका रहने बताइएको छ।

सेनाका अनुसार छाउनीमा अमेरिकी सरकारको सहयोगमा क्षेत्रीय व्यवस्थापन आपत्कालीन केन्द्रका लागि भवन निर्माण गरिएको छ। त्यही भवनमा मन्त्रिपरिषद्ले गठन गरेको अस्थायी केन्द्रको कार्यालय तोकिएको हो। यस्तै विपतका बेला चाहिन्छ भनेर सिंहदरबार परिसरभित्रै गृह मन्त्रालयछेउ १० रेक्टर स्केलको भूकम्पसमेत थेग्ने गरी बनाइएको भवनलाई भने यसका निम्ति प्रयोग गरिएन।

सरकारले विपत्का बेला आफ्ना स्थायी संयन्त्र नभएर सैन्य ब्यारेकिभित्र नयाँ केन्द्र स्थापना गरेको होइन। गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण पहिलेदेखि छन्। यसबाहेक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र पनि छ। स्वास्थ्य विपत् होस् या अन्य विपत्, तिनको सामना यी तीन स्थायी संस्थामार्फत गर्नुपर्ने हो तर सरकारले ती तीन स्थायी संस्थालाई ध्यान नदिई सैनिक क्षेत्रमा लगेर अस्थायी केन्द्र खडा गरेको छ।

नेपालले विपत् भोगेको यो पहिलोपटक होइन। २०४५ सालको भूकम्प, २०५० सालको बाढी, प्रत्येक वर्ष आउने बाढी-पहिरो र २०७२ सालको भूकम्पलाई मध्यनजर राखेर थुप्रै संरचना बनाइएका छन्। 'यी सबैका आधारमा हामीले विभिन्न संरचना खडा गर्दै गयौं। त्यहीअनुसार ऐन निर्माण पनि गऱ्यौं तर अहिले भइरहेका संस्थालाई निष्क्रिय पारेर नयाँ ढंगबाट अघि बढ्न खोजिएको छ,' गृह मन्त्रालयको प्रशासनिक नेतृत्वसमेत सम्हालेका पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले भने, 'यी सबै विपत्मा सिभिल अथोरिटीले जिम्मेवारी लिने हो।'

भएका संस्थालाई चलायमान गर्नुभन्दा नयाँ खालको खोजीको अवस्था देखिनु ठीक नभएको उनको धारणा छ। 'अहिले सेनालाई बढी भूमिका दिनुमा रक्षामन्त्री उपप्रधानमन्त्री हुनु र उहाँले सेनालाई बढी विश्वास गर्नुभएको पनि हुन सक्छ,' पोखरेलले भने। नागरिक सरकार भइरहेको अवस्थामा सेनालाई जिम्मेवारी दिनु ठीक नभएको उनको भनाइ छ। 'नागरिक सरकारका संस्था राजनीतिक हस्तक्षेपले कमजोर बनेका छन्। स्वाभाविक रूपमा आफ्नो क्षेत्रमा सेना बलियो छ,' उनले भने, 'त्यसैले होला, हाम्रो निर्भरता सेनातर्फ गयो। जुन हिसाबमा हामी अघि बढेका छौं, नागरिक संस्था नै बलियो हुनुपर्छ।'

स्थायी संरचनालाई हेर्दा २४ सै घण्टा खुला रहने गरी आपत्कालीन कार्यसञ्चालन केन्द्रमा प्रविधि र विपत् व्यवस्थापनमा विशेष दक्षता भएका कर्मचारी तैनाथ छन्। ठूला स्वास्थ्य समस्या पर्दा काम गर्न सक्छौं भनेर स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र बसिरहेको छ।

विपत्का बेलामा सरकारले वास्ता नगरे पनि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अनिल पोखरेलले आफूहरूले कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि काम गरिरहेको बताए। कोभिड-१९ विरुद्ध प्रतिकार्य योजनाअनुसार नै विभिन्न समूहमा संयन्त्रहरूलाई परिचालन गरिएको उनले बताए। सीसीएमसी कार्यालय गृहमा राख्ने कुनै कुरा भएको थिएन भन्ने प्रश्नमा पोखरेलले यसबारे आफूलाई नसोध्न आग्रह गरे। 'गृह मन्त्रालय परिसरमै सुरक्षा र अन्य प्राविधिक जनशक्ति र मजबुत भौतिक संरचनालाई उपयोग गरेर प्रतिकार्य योजना लागू गरिरहेका छौं, अन्य संरचनाबाट पनि काम भइरहेको होला, यसबारे उतै बुझ्दा उपयुक्त हुन्छ,' उनले भने।

विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ मा सबै किसिमका प्राकृतिक प्रकोप तथा महामारीविरुद्ध केन्द्रदेखि स्थानीय तहसम्म कसरी सरकारी-निजी तथा गैरसरकारी संयन्त्रहरू परिचालन गर्ने भन्ने व्यवस्था छ। प्रधानमन्त्रीको अध्यक्षतामा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् प्रकोप तथा महामारीविरुद्ध जुध्ने माथिल्लो निकाय हो।

ऐनले सम्बन्धित स्थायी संस्थाहरूको निर्देशन र निर्णयअनुसार केन्द्रदेखि स्थानीय तहसम्म काम गर्ने भनिएको छ। सोही ऐनको परिच्छेद ३ मा विपत् व्यवस्थापन तथा नियन्त्रणका लागि गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति रहने उल्लेख छ। ऐनले नै गृहमन्त्रीको अध्यक्षतामा प्राधिकरण र राष्ट्रिय विपत् व्यवस्थापन समितिको व्यवस्था गरेको छ तर विपत्सम्बन्धी सबै निर्णय अन्यत्रबाट हुन थालेपछि गृहमन्त्री थापा असन्तुष्ट रहेको उनीनिकट स्रोत बताउँछ।

विपत् व्यवस्थापन सम्बन्धमा भएका केन्द्रदेखि प्रदेश र जिल्ला तहका संयन्त्रको निर्देशन र निर्णय पालना तथा आवश्यकताअनुसार परिचालन हुने उल्लेख छ। गृहमन्त्री थापाको अध्यक्षतामा चैत ६ गते बसेको प्राधिकरण बैठकमा सेनाले प्राधिकरणअन्तर्गत नै उपसमिति गठन गरेर सम्भावित महामारीविरुद्ध खटिनुपर्ने सुझाव दिएको थियो तर उपप्रधानमन्त्री संयोजक रहेको उच्चस्तरीय समितिले आफू मातहत नै विभिन्न संयन्त्र बनायो। पछिल्लोपटक बनाइएका संयन्त्रलाई ब्यारेकबाटै सञ्चालन गरिँदै आएको छ।

सरकारले गत वर्ष जारी गरेको विपत् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ मा पनि प्रकोपविरुद्ध गृहका विभिन्न संरचनालाई सक्रिय बनाइने उल्लेख गरेको छ। 'राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्वयंसेवक ब्युरो, लाइङ स्क्वाड, फायर ब्रिगेड, आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू एवं स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना, विकास, विस्तार र सञ्जालीकरण गरी तिनीहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।'

यस्ता बलिया स्थायी संरचनालाई छाडेर नयाँ अस्थायी संरचना बनाउँदै जानुलाई खराब प्रचलनको संज्ञा दिन्छन् पूर्वमुख्यसचिव विमल कोइराला। 'संरचना बनाउँछौं, उपयोग गर्दैनौं। नचलाएपछि खिया लाग्छ र समाप्त हुन्छ। यो खराब हो। यो संस्था निर्माण गरेपछि त्यसलाई काममा ल्याउनुपर्छ,' उनले भने। त्यसमाथि पनि सैनिक क्षेत्रमा लगेर अस्थायी संरचना बनाएर काम गर्नु भनेको अब सरकारले आफ्नो कमजोर क्षमता लुकाउन खोजेको उनको निचोड छ।

अवकाशप्राप्त उपरथी विनोज बस्न्यात भइरहेका स्थायी केन्द्रलाई प्रयोग गर्नुपर्ने बताउँछन्। 'नेपाल सरकारको स्वास्थ्य र गृहमा इमर्जेन्सी सेन्टरहरू छन्। स्थायी सेन्टर हुँदाहुँदै अस्थायी खोलियो। स्थायीसँग गरेको भए, बजेट पनि थियो। अन्य संरचना पनि थिए। केन्द्रदेखि स्थानीय तहसम्म संयन्त्र थिए,' उनले भने, 'स्वास्थ्यलाई लिड गराएर गृहले काम गर्नुपर्थ्यो। स्वास्थ्यको सबै प्रदेशका कार्यालय थिए। गृह मन्त्रालयमार्फत ७७ जिल्लामा जान सकिन्छ। त्यसो गरेको भए काम छिटो, छरितो र प्रभावकारी हुन्थ्यो।'

उनले अस्थायी संयन्त्रले काम गर्दा फेरि सम्पूर्ण संयन्त्र केन्द्रदेखि स्थानीय तहसम्म बनाउनुपर्ने समस्या रहेको बताए। उपप्रधानमन्त्री नै रक्षामन्त्री भएका कारणले गर्दा सरकारले गठन गरेको नयाँ केन्द्रको कार्यालय सैनिक क्षेत्रमा भएको हुन सक्ने बस्न्यातले बताए।

देउवाद्वारा राष्ट्रिय सहमतिको आह्वान

कान्तिपुर संवाददाता (काठमाडौं)

प्रमुख प्रतिपक्ष दलका नेतासमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवाले राष्ट्रिय सहमतिका साथ अघि बढ्न पूर्वप्रधानमन्त्रीहरूलाई आग्रह गरेका छन्।

देउवाले यसका लागि प्रधानमन्त्री केपी शर्मा ओलीको समेत ध्यानाकर्षण गराउने भएका छन्।

देउवाले कोभिड-१९ ले सिर्जना गरेको संक्रमणबाट मुलुक र जनतालाई बचाउन राष्ट्र नै एक हुन आवश्यक रहेको भन्दै आइतबार सरकारका ६ पूर्वप्रमुखसँग टेलिफोन संवाद गरेका थिए। त्यस क्रममा उनले प्रधानमन्त्रीलाई सर्वदलीय बैठकमार्फत राष्ट्रिय सहमतिका लागि पहल अघि बढाउन आग्रह गर्ने र केही दिनमा सरकारका पूर्वप्रमुखहरूको बैठकसमेत राख्ने जानकारी गराएका थिए।

संकटका बेला सरकारलाई सबैको साथ र सहयोग आवश्यक हुने देउवाको भनाइ थियो। सरकारले पनि सबै राजनीतिक दलको साथ लिएर अघि बढ्नुपर्ने धारणा उनले राखेका थिए।

चारपटक प्रधानमन्त्री भइसकेका देउवाले आइतबार पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, लोकेन्द्रबहादुर चन्द र तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीसँग संवाद गरेका हुन्।

त्यस क्रममा सरकारका कामकारबाही र ढिलासुस्तीबारे पनि चर्चा भएको थियो। विश्वव्यापी महामारीबाट मुलुक र जनतालाई बचाउन सरकारको मात्रै भर पर्न नहुने भन्दै देउवाले राष्ट्रिय सहमतिको वातवरण बनाउन आफूले पहल थालेको बताएका थिए। त्यसका लागि अन्य पूर्वप्रधानमन्त्रीहरूले धन्यवाद दिएका थिए।

देउवाका सहयोगी भानु देउवाका अनुसार केही दिनमै पूर्वप्रधानमन्त्रीहरूको बैठक राख्नेबारे समेत छलफल भएको छ। 'एक दुई दिनको परिस्थितिलाई आकलन गरेर राष्ट्रिय सहमति जुटाउन बैठक राख्नेबारे कुराकानी भएको छ,' उनले भने।

सरकारले चाल्ने महत्त्वपूर्ण कदममा सबै राजनीतिक दल र पूर्वप्रधानमन्त्रीसँग छलफल हुँदा राष्ट्र एक भएको सन्देश जाने र सरकारसमेत विवादमा नपर्ने देउवाको भनाइ थियो। उनले प्रधानमन्त्री ओलीलाई भेटेरै यस दिशामा छलफल गर्न चाहेको समेत बताएका थिए।

देउवालाई पार्टीका नेताले समेत प्रधानमन्त्री ओलीसँग भेटेरै राष्ट्रिय सहमतिसाथ अघि बढ्न सुझाव दिनुपर्ने बताउँदै आएका थिए। 'अहिलेको संकट सरकार एक्लैले पार लगाउने अवस्था छैन, क्षमता पनि देखिएन। सरकारलाई सबै दल, नागरिक समाजको साथ चाहिन्छ, सरकारले पनि सबैको सहयोग लिएर अघि बढ्ने चाहना राख्नुपर्छ,' कांग्रेसका एक नेताले भने।

छोटकरी

सञ्चार क्षेत्रलाई राहत माग

काठमाडौं (कास)- कोभिड-१९ संक्रमणको उच्च जोखिमका बीच महत्त्वपूर्ण दायित्व वहन गर्दै आएका पत्रकार र सञ्चारमाध्यमहरूका लागि तत्काल राहत प्याकेज ल्याउन नेपाल पत्रकार महासंघले सरकारसित माग गरेको छ। अध्यक्ष गोविन्द आचार्यले सोमबार विज्ञप्ति जारी गर्दै जोखिमको समयमा पत्रकार सुरक्षा र सञ्चारमाध्यमको नियमितता एवं प्रभावकारिताका लागि आवश्यक सामग्रीहरूको उपलब्धताका साथै राहत प्याकेज ल्याउन माग गरेका हुन्। जटिल अवस्थामा फिल्डमा खटिने सञ्चारकर्मीहरूको नियमित स्वास्थ्य परीक्षण, बिमा, सञ्चार साधनमा सहुलियत, अप्ठ्यारामा परेकाहरूलाई आर्थिक सहुलियतलगायतका विषय समेटेर राहत प्याकेज ल्याई मनोबल बढाउन विज्ञप्तिमा सरकारको ध्यानाकर्षण गराइएको छ। महासंघले यो संकटपूर्ण अवस्थामा तमाम मतभेदलाई थाती राखेर कोरोना सक्रमण नियन्त्रणका लागि एउटै मिसनका साथ अघि बढ्न तीनवटै तहका सरकार, सबै राजनीतिक दल, नागरिक संघ संस्था, पेसाकर्मी, व्यवसायीलगायत सबैलाई आह्वानसमेत गरेको छ।

६९ जनामा संक्रमण देखिएन

विराटनगर (कास)- कोरोना भाइरसको शंकामा ६९ जनाको स्वाब नमुना परीक्षण गर्दा संक्रमण नभएको पाइएको छ। प्रदेश १ का विभिन्न जिल्लाबाट संकलित नमुनामध्ये ८५ जनाको परीक्षणका लागि धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइएको थियो। अरूको परीक्षण रिपोर्ट आउन बाँकी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ। संक्रमण भएको आशंका गरिएका र आइसोलेसनमा राखिएका ११ जना उपचारपछि घर फर्केका छन्। अब आइसोलेसनमा १५ जना छन्। विभिन्न जिल्लाका अस्पताल र अन्य स्थानमा गरी ४ सय ३८ आइसोलेसन शय्या छन्। ४ हजार ३७ वटा शय्याको क्वारेन्टाइन तयारी अवस्थामा छ। हालसम्म ६ सय १० जनालाई क्वारेन्टाइनमा राखिएको छ।

१७० सेट पीपीई सहयोग

काठमाडौं (कास)- पिता हिमालयकुमार सिंहको स्मृतिमा अनुपकुमार सिंहले मेडिकल कलेज र अस्पताललाई १ सय ७० थान व्यक्तिगत सुरक्षा कवच (पीपीई) प्रदान गरेका छन्। उनले जोरपाटीस्थित नेपाल मेडिकल कलेजलाई ५० सेट, धुम्बराहीको हयाम्स हस्पिटललाई २० सेट, पोखराको फेवा सिटी हस्पिटललाई २५ सेट र बज्रबाराही चापागाउँ अस्पताललाई पाँच सेट पीपीई दिएका छन्। त्यस्तै, पोखराकै पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा २५ सेट र बाग्लुङको पश्चिमाञ्चल अञ्चल अस्पताललाई ४५ सेट सहयोगस्वरुप प्रदान गरेको अनुपले बताए। 'केही सहयोग गरेर यो माहामारीलाई रोक्न सके देशलाई टेवा हुन्थ्यो भनेर यस्तो कार्य गरेको हुँ,' उनले भने।

ऱ्यापिड किटबाटै परीक्षण तयारी

डब्लूएचओले सिफारिस नगरेको टेस्ट किटको गुणस्तर प्रमाणीकरणका लागि कैलालीमा मंगलबारबाट नमुना संकलन गरिँदै

अतुल मिश्र (काठमाडौं)

सरकारले ऱ्यापिड डायग्नोस्टिक टेस्ट किट प्रयोग गर्ने तयारी गरेको छ। त्यसअघि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (एनपीएचएल) ले उक्त किटको गुणस्तर प्रमाणीकरण र नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी) ले अनुसन्धान गर्नेछन्।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले कोभिड-१९ पहिचानमा उक्त किट सिफारिस गरेको छैन। इपिडिमियोलजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी), एनपीएचएल, एनएचआरसी र सुदूरपश्चिम सरकारको संयुक्त प्रयासमा किटको गुणस्तर प्रमाणीकरणसँगै अनुसन्धान प्रक्रिया अघि बढाइएको हो।

सरकारले कैलाली र कञ्चनपुरका क्वारेन्टाइनमा रहेका र बागलुङमा उपचारमा रहेका संक्रमितको बासस्थान वरिपरिका व्यक्तिमा ऱ्यापिड किटबाट परीक्षण गर्ने निर्णय गरिसकेको छ। चैतमा मुलुक प्रवेश गरेका र उनीहरूको सम्पर्कमा आएकाहरूको पनि त्यही किटबाट परीक्षण गर्ने भनिएको छ। ऱ्यापिड किटमा पोजेटिभ देखिएकाहरूको पुनः पीसीआर परीक्षण गरेर यकिन गरिनेछ।

ऱ्यापिड किटले नेगेटिभ/पोजेटिभ जे देखाए पनि अन्तिम निर्णय पीसीआरबाटै गर्नुपर्छ

– डा. विनोदकुमार यादव, त्रिवि शिक्षण अस्पताल

ईडीसीडीका पूर्वनिर्देशक डा. जीडी ठाकुरलगायतका विज्ञहरूले भने विश्वव्यापी रूपमा ऱ्यापिड किटको गुणस्तर शंकास्पद रहेको जनाउँदै पीसीआरलाई नै प्राथमिकता दिनुपर्ने बताउँदै आएका छन्। 'मुलुकमा कोभिड-१९ संक्रमण स्थानीय रूपमा देखिएर दोश्रो चरणमा प्रवेश गरिसकेको छ। अब समुदायमा समेत देखिन सक्ने हुनाले पीसीआर परीक्षणमै मुख्य रूपले भर पर्नुपर्छ र यसैको थप विस्तार गर्नुपर्छ,' डा. ठाकुरले भने।

अनुसन्धान र प्रमाणीकरणका लागि ६ जनाको टोली दुई सयभन्दा बढी घाँटीको ञ्याल र रगतको नमुना संकलन गर्न कैलाली गएको एनएचआरसीका सदस्य सचिव डा. प्रदीप ज्ञवालीले जानकारी दिए। 'मंगलवार नमुना संकलन सुरु हुन्छ,' उनले भने, 'नमुना ३-४ दिनपछि काठमाडौं ल्याउँछौं।'

एनपीएचएलमा संकलन गरेर ल्याइएको रगतको नमुना ऱ्यापिड किटबाट र घाँटीको ञ्यालको नमुनालाई पीसीआर मेसिनबाट परीक्षण गरिन्छ। एनपीएचएलकी निर्देशक डा. रुना झाले परीक्षणबाट प्राप्त दुवै परिणामलाई तुलना गरेर रिपोर्ट स्वास्थ्य मन्त्रालयलाई दिने बताइन्।

मन्त्रालय श्रोतका अनुसार सुदूरपश्चिमबाट ल्याइने नमुनामा करिब '२०-२५' वटा कोभिड-१९ पोजेटिभसमेत आए ऱ्यापिड परीक्षण किटको विश्वसनीयता तुलना गर्न बढी सहज हुन्छ। तर दुई-चारवटा समेत पोजेटिभ केस आउने सम्भावना कम छ।

त्रिवि शिक्षण अस्पताल बायोकेमेस्ट्री विभागका डा. विनोदकुमार यादवले ऱ्यापिड परीक्षण किटको विश्वसनीयता शतप्रतिशत नहुने बताए। 'द्रुत परीक्षण किटले कुनै संक्रमणविरुद्ध लड्न हाम्रो शरीरले निर्माण गरेको एन्टिबडी परीक्षण गर्छ', उनले भने, 'संक्रमण भएको ८ दिनपछि शरीरमा एन्टिबडी निर्माण हुन थाल्ने भएकाले यसअघि परीक्षण गर्दा यो किटले नेगेटिभ देखाउन सक्छ।'

यो किट 'भ्यालिडेसन', 'मास स्क्रिनिङ' लगायतमा उपयोग गर्न सकिने डा. यादवले बताए। 'यो किटले नेगेटिभ/पोजेटिभ देखाउँदा पनि अन्तिम निर्णय भने पीसीआरबाटै गर्नुपर्छ,' उनले भने।

द्रुत परीक्षण किटबाट संक्रमण नदेखिए पनि सम्बन्धित व्यक्तिलाई १४ दिन घरमै बस्न भन्नुपर्ने डा. यादवले बताए। 'द्रुत परीक्षण किट उपयोग गरौं तर यसले नेगेटिभ देखाए पनि क्वारेन्टाइनमै बस्नुपर्ने नियम बनाऔं। यसको भर परेर दुई जना मात्र संक्रमित समाजमा गए रोगको विस्तार रोक्न सकिदैन,' उनले भने।

पीसीआर परीक्षण सुविधा पनि राजधानी बाहिर उपलब्ध हुन थालेको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट मात्र कोभिड-१९ का लागि हुँदै आएको पीसीआर परीक्षणको विस्तार धरान, पोखरा, जनकपुर, सुर्खेत, धनगढी, चितवन, धुलिखेल, भरतपुर, भैरहवामा गरिएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले जानकारी दिए। सरकारसँग हाल ७५ हजार थान ऱ्यापिड परीक्षण किट छ।

रेनकोट लगाएर बिरामी जाँच्दै

फातिमा बानु (काठमाडौं)

अस्पतालको फ्रन्टलाइनमा बिरामी जाँच्ने चिकित्सकहरू सर्वाधिक असुरक्षामा छन्। भाइरसको संक्रमणबाट सुरक्षित राख्ने पोसाक छैन। रेनकोट लगाएर बिरामी जाँचिरहेका छन्। व्यक्तिगत सुरक्षा सामग्री उपलब्ध नगराएपछि यसरी काम गरिरहेको अनुगमनमा पाइएको हो।

चिकित्सकले सुरक्षात्मक सामग्रीबिनै काम गर्नुपरेको गुनासा बढेपछि नेपाल चिकित्सक संघ (एनएमए) ले अनुगमन गरेको थियो। संघले राजधानी र बाहिरका अस्पतालमा अनुगमन गर्दा यस्तो पाइएको चिकित्सकहरूले बताएका छन्। संघले पहिलो चरणमा कोभिड-१९ का बिरामी उपचार गर्न लक्षित अस्पतालबाट अनुगमन थालेको छ। टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, पाटन, सिभिल र वीर अस्पतालमा अनुगमन भइसकेको संघका महासचिव डा.बद्री रिजालले बताए।

'पीपीईबिनै काम गर्नुपरेको गुनासा धेरै आए,' उनले भने,'साँच्चिकै नपाएको हो भने चिकित्सकको आत्मबल बढाउन संघबाट केही गर्न सकिएला कि भनेर हामी अस्पताल घुमिरहेका छौं।' अधिकांश अस्पतालमा चिकित्सकले न्यूनतम सुरक्षाबिनै काम गर्नु परिरहेको भेटिएको उनले बताए। अनुगमन गर्न खटिएका चिकित्सक संघका सदस्य डा.रितेश थापाका अनुसार पाटन अस्पतालको आकस्मिक कक्षमा खटिने चिकित्सकले कपडाको मास्कको भरमा बिरामी हेरिरहेका छन्। ज्वरो क्लिनिकमा पनि स्वास्थ्यकर्मीले सर्जिकल मास्कको भरमा काम गरिरहेको पाइएको छ। निकै कम चिकित्सकले मात्रै व्यक्तिगत सुरक्षात्मक सामग्री (पीपीई) पाएका छन्।

कोभिड-१९ को उपचारका लागि तोकिएको मुख्य अस्पताल टेकुका चिकित्सक साधन स्रोतले केही सुरक्षित भएको देखिएको डा. थापाले बताए। अस्पतालमा समस्या नभए पनि वरपरको रेस्टुरेन्ट नखुलेर चिकित्सकलाई खाजा, खानाको समस्या भएको उनले बताए। 'कसैको घरमा दीर्घरोगी र बुढाबुढी सदस्य छन्, जो कोभिड संक्रमणको उच्च जोखिममा छन्,' उनले भने, 'त्यस्ता चिकित्सक अस्पतालमै बस्न चाहन्छन् तर अस्पतालमा व्यवस्थापन गरिएको छैन।' उनका अनुसार वीर अस्पतालको आकस्मिक कक्षमा पनि चिकित्सकले गतिलो पीपीईबिनै काम गरिरहेको पाइएको छ। पीपीई फारु गर्ने भन्दै एउटै चिकित्सकलाई दिनभर ज्वरो क्लिनिकमा खटाइएको छ।

साउदीमा नेपाली कामदार असुरक्षित

नेपाली कामदारले भीडभाडमै काम गरिरहेका छन् । मास्क, सेनिटाइजर, पन्जा दिइएको छैन । क्याम्पमा सामूहिक मेस चलिरहेकै छ ।

होम कार्की (काठमाडौं)

भोजपुरका कुमार कान्छा सोमबार बिहानै 'साइट' मा पुगे । उनको कम्पनीका झन्डै १२ सय कामदार त्यहाँ काम गर्न जान्छन् । अन्य कम्पनीका कामदार पनि आइरहेका छन् ।

कुमार कार्यरत अल अरब कन्स्ट्रक्टिङ कम्पनीले साउदी अरबको राजधानी रियादस्थित सेनाको तालिम केन्द्र बनाउने ठेक्का पाएको छ । त्यो साइटमा उनी क्रेनको रिगर काम गर्छन् । 'साउदी सरकार र नेपाली दूतावासले भीडभाडमा नजान सूचना जारी नगरेको दिनै हुन्न । सुरक्षित भएर बस्नुपर्ने सन्देश आउँछ । हामीले भने हजार जनाभन्दा बढीसँग घुलमिल गरिराख्नुपरेको छ,' उनले भने ।

क्याम्पबाट निस्केदेखि उनको मनमा डर उत्पन्न हुन्छ । साइटमा प्रवेश गर्नुअघि औंलाले हाजिर गर्नुपर्छ । 'एउटा बिरामी भए साइटभर काम गर्नेलाई फिंगरिङ मेसिनले डुबाइदिन्छ जस्तो लाग्छ । मैले सुपरभाइजरलाई कतिपल्ट भनें । उनीहरू हाम्रा हातमा छैन भन्छन्,' उनले भने । उनका अनुसार त्यो साइटमा अलग अलग ठाउँमा बसेका कामदार आउँछन् । उनले कामदारलाई मास्क, पन्जा नदिइएको बताए । 'साइटभित्र छिर्ने बेला यसो तापक्रम नाप्ने हो । यसबाट मात्रै त कसरी कोरोना भाइरस लागे/नलागेको थाहा पाइन्छ र ?,' उनले भने ।

कुमार बस्ने क्याम्पभित्र झन्डै चार हजार कामदार छन् । उनीहरूको भान्सा एउटै हो । 'हामी १२ जना एउटा कोठाभित्र वस्छौं । खाना लिन मेसमै जानुपर्छ,' उनले भने, 'उमालेको पानीमा चिकेन दिइएको हुन्छ । मासुभित्र आलै रगत हुन्छ । उजुरी गरे पिटाइ खाइन्छ । स्वस्थ र पोषणयुक्त खाना छैन ।' कम्पनीले कामदारको ख्याल नगरेको उनले गुनासो गरे ।

सुर्खेतका रवीन शाही रियादको अब्दुल सिटीमा बिजुलीबत्तीको काम गर्छन् । डोरीमा झुन्डेर काम गर्नुपर्छ । अब्दुल सिटीमा विभिन्न कम्पनीका झन्डै चार हजार जना एकै ठाउँमा काम गर्छन् । 'सामान्य ज्वरो जाँच गरेको भरमा सबैलाई ड्युटी लगाइएको छ । रियादमा हरेक दिन संक्रमित भेटिँदै छ । हामीलाई भने लकडाउनमा नराखेर काममा जोताइएको छ,' उनले भने, 'कम्पनीले कुनै सुरक्षा प्रबन्ध मिलाएको छैन । डराई डराई काम गर्नुपरेको छ ।'

उनले क्याम्प पनि सुरक्षित नभएको बताए । 'एउटा कोठामा ८ जना बस्छौं, किचन र भान्सा साझा हो । एउटालाई भाइरस लाग्यो भने सोत्तर भइन्छ,' उनले भने ।

उनी बस्ने क्याम्प रियादको अजेजिया औद्योगिक क्षेत्रमा छ । 'टिनले छाएका क्याम्प छन् । वरिपरि अरू कम्पनीका कामदार छन् । कसैको क्याम्पमा पनि कोरोना नियन्त्रण गर्ने विषादी छर्केको छैन,' उनले भने, 'भगवान् भरोसा बस्नुपरेको छ ।'

'तलब चाहिएन, खाना मात्रै देऊ'

साउदीको दमामस्थित अवुमानमा कार्यरत दार्चुलाका भुवनसिंह ठागुन्न चार वर्षदेखि ट्रेलर डाइभर हुन् । यो कम्पनीमा झन्डै २ सय नेपालीसहित ५ सय डाइभर छन् । 'हाम्रो कम्पनीले फलामको कोइला साउदीभर पुऱ्याउनुपर्छ । हरेक दिनजसो नयाँ नयाँ ठाउँमा गइराख्नुपर्छ । दिनरात भर्निँदैन । कर्फ्यु लागे पनि कागज बनाएर जानुपर्छ,' उनले भने, 'यता आफू असुरक्षित, उता घरपरिवार असुरक्षित । एकदमै चिन्ता लाग्छ ।' उनले परिस्थिति अनुकूल हुँदा पनि कम्पनीले काम गर्ने तरिकामा परिवर्तन नगरेकामा चित्त दुखाए । 'लकडाउन गरेपछि काम पनि रोकिदिएको भए हुन्थ्यो । कम्पनीले तलब दिन सक्तैन भने चाहिँदैन । परिस्थिति सामान्य नभएसम्म खाना मात्रै दिएर राखे हुन्थ्यो,' उनले भने, 'संक्रमण भयो भने उपचार पनि पाइने हो कि होइन !'

धरानका दुर्गा ओलीले ड्युटीमा जाँदा कसैको पनि शरीरको तापक्रम जाँच्ने नगरेको सुनाए । 'गाडीमा चढ्दा-झर्दा र कोठामा छिर्दा पनि हाम्रो तापक्रम जाँचिँदैन । एउटै क्याम्पमा दुइटा कम्पनीका कामदार राखिएको छ । क्याम्पबाट जथाभावी बाहिर आउनेनिस्किने भइरहन्छ । क्याम्पभित्र मुस्लिम साथीहरू समूहमा बसेर नमाज पढ्छन्,' उनले भने, 'गाडीमा पनि औषधि छर्किँदैनन् । मास्क पनि दिइएको छैन ।'

उनीहरूलाई पहिले कतिफ क्षेत्रमा रहेको रंगशालामा खटाइएको थियो । कतिफ क्षेत्रमा कोरोना देखिएपछि लकडाउन भयो । कामदार जान नपाएपछि कम्पनीले हाफुलमा रहेको रिसोर्टमा पेन्टिङ गर्न लगाइरहेको छ । 'लथालिङ्ग नै छ,' दमाम-९१ मा बस्दै आएका ओलीले भने, 'हामी भने सुरक्षित भन्दै कोठामा आइसकेपछि बाहिर निस्किने गरेको छैन । अरू साथीहरू जतिखेर पनि निस्किन्छन् । कसैलाई मतलब नै छैन ।'

विश्वास जिएमले कम्पनीले कामदारको सुरक्षाको विषयलाई गम्भीर रूपमा नलिएको बताए । 'कम्पनीले कुनै सुरक्षाको नीति लिएको छैन । कर्फ्युमा पनि आफ्नो काम नरोक्न दबाब दिँदै आएको छ । म काममा सके जति सुरक्षित हुन कोसिस गर्छु । मास्क अनिवार्य प्रयोग गर्छु । सेनिटाइजर बजारमा अभाव छ, डिटोल हातमा प्रयोग गर्छु । हातले नाक, मुख, आँखा छुँदैनँ । समय मिल्दा हात धुने गर्छु,' उनले भने । उनले ड्राइभर भएकाले आफूलाई बढी जोखिम रहेको बताए । 'एक ठाउँबाट अर्को ठाउँ जानुपर्छ, गाडीको लोडिङ पेपर धेरै ठाउँमा बुझाउने र थप पेपर लिनुपर्ने हुन्छ । धेरैको सम्पर्कमा आइराख्नुपर्ने हुँदा हामीलाई जोखिम हुन सक्छ ।'

साउदी अरबको सरकारले निजी क्षेत्रका रोजगारदाताका लागि लागू गर्नुपर्ने निर्देशिका नै जारी गरेको नेपाली दूतावासले जनाएको छ । 'कम्पनीले कोरोना भाइरस नियन्त्रणका लागि सरकारले चालेको कदमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । नगर्नेलाई जेल र जरिवाना दुवै तोकिएको छ,' साउदीका लागि नेपाली राजदूत महेन्द्रसिंह राजपुतले भने, 'लापरबाही गर्ने कम्पनीबारे साउदी संयन्त्र वा नेपाली दूतावासमा खबर गर्न अनुरोध गर्छु ।'

उनले साउदीमा खाद्यान्न अभाव हुन नदिइएको बताए । 'खाद्यान्न र राम्रो मेडिकल सुविधा छ । आत्तिनु पर्दैन । केही परे यहाँको सरकारी निकायले हेर्छ,' उनले भने । सोमबारसम्म साउदीमा संक्रमितको संख्या २ हजार ४ सय ६३ पुगेको छ ।

दुबईमा एक नेपाली महिलाको मृत्यु

काठमाडौं (कास)- संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईमा घरेलु काममा काम गर्ने ४० वर्षीया बिनु पराजुलीको कोभिड-१९ को संक्रमणबाट मृत्यु भएको छ ।

देवदह-६ बुटवलकी पराजुलीले पेट दुख्यो, मुटु दुख्यो भन्दै आफन्तलाई जानकारी गराएकी थिइन् । कार्यरत घरमा उनी शुक्रबार बिहान मृत अवस्थामा फेला परेपछि अस्पताल लगिएको थियो । अस्पतालले उनलाई शुक्रबार नै मृत घोषणा गरेको थियो । तर रिपोर्ट आइसकेको थिएन । 'उहाँलाई पहिलेदेखि नै मुटुको समस्या थियो । तीन दिन अगाडि नै पेट दुखेको भन्दै अस्पताल जानुभएको थियो । बिहीबार राति पनि एकदमै पेट दुखेको भन्नुभएको थियो,' मृतकका आफन्त हेमराज भण्डारीले भने, 'शुक्रबार बिहान १० बजेसम्म नउठेपछि घरमालिकले नै ढोका फोरेर हेर्दा मृत अवस्थामा फेला परेको हो । शवलाई प्रहरी आएर लिएर गएको थियो ।'

दुबईस्थित अल रफ्फा प्रहरी चौकीले पराजुलीको मृत्यु कोरोना संक्रमणबाट भएको प्रतिवेदन सोमबार उपलब्ध गराएको हो । प्रहरीले पराजुलीका आफन्तलाई स्वास्थ्य प्रतिवेदन उपलब्ध गराएको छ ।

पराजुली १० वर्षदेखि दुबईमा कार्यरत थिइन् । पछिल्लो



समयमा उनी वरदुवईस्थित एक भारतीय नागरिकको घरमा काम गर्दै आएकी थिइन् । आबुधाबीस्थित नेपाली दूतावासले यसबारे अनौपचारिक सूचना आएको जनाएको छ । 'औपचारिक सूचना प्राप्तिका लागि सम्बन्धित ठाउँमा चिठी लेखेर पठाएका छौं,' राजदूत कृष्णप्रसाद ढकालले कान्तिपुरलाई भने ।

यूएईमा सोमबार पनि थप तीन जना नेपाली कोरोना भाइरस संक्रमित भएका छन् । संक्रमित नेपालीको संख्या हालसम्म ११ पुगेको छ । जसमा दुई जनालाई निको भइसकेको छ ।

साउदीमा चार संक्रमित

साउदी अरबमा कार्यरत ४ जना नेपाली संक्रमित भएका छन् । त्यहाँस्थित नेपाली राजदूत महेन्द्रसिंह राजपुतका अनुसार साउदी सरकारले ४ जना नेपालीमा संक्रमण देखिएको विवरण आइतबार उपलब्ध गराएको हो । 'उनीहरूको अवस्था स्थिर छ,' राजदूत राजपुतले कान्तिपुरलाई भने ।

संक्रमित नेपाली कुन प्रान्तमा कार्यरत थिए भन्ने खुलाइएको छैन । राजदूत राजपुतले स्वदेशी र विदेशी कामदारबीच उपचारमा कुनै विभेद नगरिएको बताए ।

ती नेपाली साउदी अरब कुन प्रान्तमा कार्यरत थिए भन्ने खुलाइएको छैन । राजदूत राजपुतले स्वदेशी र विदेशी कामदारबीच उपचारमा कुनै विभेद नगरिएको बताए । 'संक्रमित नेपाली र उहाँहरूका परिवारलाई दुक्क हुन अनुरोध गर्छु,' उनले भने, 'उपचार निःशुल्क हुनेछ ।'

जो जोखिमसँगै...

सकभर परिवारको नजिक पर्दैनन् । कोठामा एक्लै सुत्छन्, खाना खाएर आफ्नो थाल आफैं माझ्छन् । सेनिटाइजर लगाइरहन्छन् । अघिपछिभन्दा सरसफाइमा बढी ध्यान दिन्छन् । 'घरबाट भित्र छिर्नुभन्दा पहिल्यै बाहिर नुहाइहाल्छु,' उनले भने, 'एम्बुलेन्समा बिरामीले खोकेको दिन बढी डर लाग्छ । हुन त अहिलेसम्म शंकास्पद बिरामी बोक्नुपरेको छैन ।' जोखिम मोलेर काम गर्नुभन्दा यो पेसा छोड्न घरबाट दबाब आइरहन्छ, उनको मन मान्दैन । सोच्छन्, 'मैले जस्तै सबैले एम्बुलेन्स ड्राइभरले यस्तै गरे भने बिरामी घरमै मर्नुपर्ने अवस्था आउँछ ।'

१७ वर्षदेखि काठमाडौंमा एम्बुलेन्स चालक छन्- उमेश खरेल । एम्बुलेन्स चलाउने काम छोड्न घरबाट दबाब आइरहँदा आफ्नो कर्तव्य भुल्न नसकेको उनी बताउँछन् । सुरक्षा सामग्रीबिना एम्बुलेन्स चलाउँदा डर लाग्ने उनले बताए । 'आफूलाई जेसुकै होस् भनेर परिवारलाई हेटौंडा घर पठाएँ,' उनले भने, 'एम्बुलेन्स चलाउनै पर्दैन भनेर घर बोलाइरहन्छन्, म जाँदिनँ ।' राति जतिखेर फोन आउँछ, उनी उठेर बिरामी लिन पुग्छन् । बिरामी के रोगी हो, के समस्या हो सोध्दै नसोधी अस्पतालमा पुऱ्याउँछन् । उनी भन्छन्, 'सुरक्षामा ढुक्क हुन सके पो काम गर्न पनि जाँगर चल्छ, त्रास नै त्रासमा काम गर्नुपरेको छ ।'

रामचन्द्र भण्डारी एप्रोन लगाएर एम्बुलेन्स चलाउँछन् । १७ वर्षदेखि एम्बुलेन्स चलाइरहेका उनी धेरै जोखिममा काम गर्नुपरेको बताउँछन् । घरमा बच्चा र बूढाबूढी भएकाले घरै नजाने गरेको उनले बताए । 'वडाले जम्मा एउटा मास्क दिएको थियो, उही दिन फालें,' उनले भने, 'बिरामीले रुँदै फोन गर्छन्, जानैपर्‍यो तर एक थोपा सुरक्षा छैन हामीलाई, के गर्ने ?'

नेपाल एम्बुलेन्स चालक संघका अनुसार नेपालभर ६ सय ६२ चालक संघमा दर्ता छन् । सबैले जोखिम मोलेर बिरामी बोक्नुपरेको संघका काठमाडौं जिल्ला अध्यक्ष गणेश सापकोटाले बताए । एम्बुलेन्स चालकलाई सुरक्षा सामग्री दिनुपर्‍यो भन्दै जिल्ला प्रशासन, वडा कार्यालय सबैतिर भौतारिँदा पनि कसैले नसुनेको उनले बताए । '९ हजार तलब लिएर काम गर्नुपर्छ, न सुरक्षा छ न बिमा,' उनले भने, 'अझ बिरामी बोक्न मानेन भनेर एम्बुलेन्सलाई गाली गर्छन्, हामीलाई बद्नाम गर्छन् ।'

सापकोटा १३ वर्षदेखि काठमाडौंमा एम्बुलेन्स चलाउँछन् । कोभिड लक्षणका बिरामी बोक्न डर लाग्ने उनले बताए । कोरोना लक्षण देखिएका बिरामी बोक्नुभन्दा पहिले प्रहरीलाई खबर गर्ने गरेको तर प्रहरीले प्रतिक्रिया नदिने उनले गुनासो गरे । 'बिरामी जस्तोसुकै भए पनि अस्पताल पुऱ्याउने जिम्मेवारी एम्बुलेन्सको हो भन्छन्,' उनले भने, 'बिरामी बोकौं आफूलाई खतरा, नबोकौं बिरामी रुन्छ, माया लाग्छ, जेसुकै होस् भनेर लैजान्छु ।'

शंकास्पद बिरामी बोक्दा मृत्युलाई अँगालो हालेजस्तो लाग्ने उनले बताए । रोग सार्छन् भनेर कति एम्बुलेन्स चालकलाई घरबेटीले घरबाट निस्किन दबाब दिने गरेको उनले बताए । उनको घरमा ८० वर्षकी उच्च रक्तचापको बिरामी आमा र सात वर्षीया छोरी छन् । आफ्नो भन्दा परिवारको चिन्ताले सताउँछ उनलाई । शंकास्पद र संक्रमित बिरामी बोक्ने चालकको स्वास्थ्य सुरक्षा गर्नुपर्ने संयुक्त एम्बुलेन्स चालक समितिका सदस्य हिमायल लामाले बताए । 'डाक्टर र नर्सलेभन्दा पहिले हामी बिरामी भेट्छौं,' उनले भने, 'यस्तो अवस्थामा न हामीलाई सुरक्षा छ न भोलि केही भइहाले कसैले उपचार गरिदिन्छ, हाम्रा पनि जहान छोराछोरी छन्, हाम्रोबारे कसैले केही बोल्दैन ।' बीचमा काठमाडौं महानगरपालिका वडा १० ले ३० वटा मास्क दिए पनि कसलाई दिने, कसलाई नदिने भनेर अन्योल भएको उनले बताए ।

विपन्नमाथि नै बढी...

भारतमा गएर काम गर्ने चलन नेपालका सम्पन्न क्षेत्रमा भन्दा विपन्न क्षेत्रमा बढी छ । अन्य देशमा काम गर्न जानलाई चाहिने पैसा जुटाउन नसक्नेहरू भारत जान्छन् ।

नेपालका धेरै ठाउँ रोजगारी र आम्दानीका लागि भारतमा अत्यधिक मात्रामा निर्भर छन् । उदाहरणका लागि दाडको बंगलाचुली गाउँपालिकाका ९० प्रतिशत मानिस भारतको रोजगारीमा भर परेका छन् । बालबच्चा पाल्न, पढाउन र दैनिक खर्च चलाउन उनीहरू मूल रूपमा भारतमा गर्ने काममा निर्भर रहेको गाउँपालिका अध्यक्ष भक्तबहादुर वलीले बताए । भारतको रोजगारी गुम्दा यस्ता ठाउँमा बढी असर पर्ने निश्चित छ ।

जुम्लाबाट चाहिँ कामका लागि भन्दा पनि हिउँदे र बर्खे व्यापारका लागि धेरै नेपाली भारत जान्छन् । हिउँदे व्यापारमा गएकाहरू चैतको सुरुमा घर फर्किन्छन् भने बर्खे व्यापारमा गएकाहरू दसैंमा । जुम्लाको हिमा गाउँपालिकाका नन्दलाल रोकाया १२ जना साथीसँग व्यापारका लागि फागुनको पहिलो साता उत्तरप्रदेशको अम्बेडकर नगर पुगेका थिए । 'व्यापार गर्ने भनेर गएको थिएँ, बेच्ने भनेर किनेको सामान पनि त्यहीं छाडेर घर फर्किनुपर्‍यो,' उनले भने ।

नन्दलालसँगै फर्किएका सार्की रोकायाले १० हजार रुपैयाँ ऋण काढेर किनेका व्यापारका सामान भारतमै अलपत्र छाड्नुपरेको सुनाए । 'अहिले के दशा लाग्यो कुन्नि, व्यापार छाडेर घर आउनुपर्‍यो,' उनले भने ।

हिउँदे व्यापारमा जानेहरूले पनि पूरै समय व्यापार गर्न पाएनन् । तिला गाउँपालिकाका नारायण देवकोटाले १०/१२ हजार मात्र कमाएर घर फर्किएको बताए । 'साथीहरू व्यापार गर्दै थिए, म त डरले घर फर्किइहालें,' उनले भने, 'अहिले त साथीहरू पनि डेरामै बसिरहेका होलान् ।'

खाद्यान्न अभाव हुन्छ

दाडको बंगलाचुली गाउँपालिकाबाट वार्षिक सरदर ३ हजार ५ सय मानिस भारत गएर काम गर्छन् । 'तीमध्ये आधाजति ६ महिना भारत बस्छन्, बाँकी समय नेपालमै काम गर्छन् । आधा जति वर्षभरि नै भारतमा काम गर्छन् । चाडपर्वमा मात्रै घर आउँछन् ।'

वर्षैभर अथवा वर्षका केही महिना धेरै नेपाली भारत बस्दा नेपालमा खाद्यान्नको माग कम हुन्थ्यो । अब उनीहरू नेपाल बस्ने हुँदा नेपाललाई बढी

२४ वर्षदेखि भारतमा रोजगारी गर्दै आएका दाङको बंगलाचुली गाउँपालिका बचनीका ऋषिराम विश्वकर्मा ।

खाद्यान्न चाहिन्छ । उदाहरणका लागि बंगलाचुली गाउँपालिकाबाट भारत जाने गरेका मानिसले कामका लागि भारत जान पाएनन् भने त्यस गाउँपालिमा थप छब्बीस सय जना मानिसलाई खानेकुरा चाहिन्छ ।

भारतमा कति नेपाली काम गरिरहेका छन् भन्ने यकिन तथ्यांक कसैसँग छैन । विभिन्न अनुमानअनुसार १० लाख जति नेपाली भारतमा वर्षैभर वा वर्षका केही महिना काम गर्छन् । तीमध्ये ६ महिना काम गर्ने ६ लाख नेपालीले भारत नगई नेपाल बस्नु पर्‍यो भने तीन लाख मानिसका लागि वर्षभर पुग्ने खाद्यान्न जोहो गर्नुपर्छ ।

'मान्छे नेपालबाहिर हुँदा एकातिर आम्दानी हुन्थ्यो, अर्कोतिर घरको अनाज बच्थ्यो, अहिले दुवैतिर असर परेको छ,' तिला गाउँपालिकाका अध्यक्ष रतननाथ योगीले भने । हिमा गाउँपालिकाका नन्दलाल रोकायाले भने, 'दौडेर यता त आयौं, अब घरमा के गरेर बस्ने हो अलमल भएको छ ।'

सबैभन्दा गरिबलाई त यसको असर परिसकेको छ । 'कतिलाई अहिले नै जीविका चलाउन कठिन भइसकेको छ । लामो समय यस्तै भए हाहाकार हुन्छ,' बंगलाचुली गाउँपालिकाका अध्यक्ष वलीले भने ।

अहिलेसम्म बाहिर रहेका मानिस गाउँमै बस्दा खाद्यान्नले नपुग्ने दाडको बबई गाउँपालिकाका अध्यक्ष भुवनेश्वर पौडेलले बताए ।

सुर्खेतको सिम्ता गाउँपालिका, आग्रीगाउँका बुद्धिमान गन्धर्व र उनका छोरा भारतमा काम गर्थे । कोरोनाको त्रास फैलिएपछि उनीहरू दुवै जना फर्किए । 'उता (भारत) को कमाइले पेट भरिन्थ्यो, त्यो पनि बन्द भयो,' बुद्धिमानले भने ।

बुद्धिमानको घरमा ६ जना छन् । घरको अनाजले ३ महिना पनि पुग्दैन । 'पेट के गरी भर्ने हो भन्ने चिन्ता थपिएको छ,' बुद्धिमानले भने ।

सिम्ता सुर्खेतको सबैभन्दा कम उब्जनी हुने र अति विपन्न मानिस धेरै भएको गाउँपालिका हो । गाउँपालिका अध्यक्ष कवीन्द्रकुमार केसीले भने, 'यहाँका बासिन्दा पेट पाल्नका लागि भारत नगई हुँदैन ।'

अवसर पनि हो

कृषिमा काम गर्ने प्राविधिकले भने यसलाई बेग्लै किसिमले हेरेका छन् । उनीहरू श्रम गर्ने जनशक्ति गाउँमा फर्केकाले यसलाई अवसरका रूपमा लिनुपर्छ भन्छन् । 'बाहिर गएका मानिसलाई गाउँमै अड्याउन कृषि उपयुक्त क्षेत्र हो । यो जनशक्तिलाई कृषिमा लगाउन पाए उत्पादन बढाउन सकिन्छ,' कृषि ज्ञान केन्द्र घोराहीका प्रमुख सन्देश धितालले भने, 'अहिले धेरै जग्गा बाँझो छ । खेती गरेर राम्रो आम्दानी गर्न सकिन्छ ।'

आफ्नै खेतबारी हुँदा पनि रोजगारी खोज्दै भारत जाने चलनले स्थानीय उत्पादन घटेको र कृषि उपज बाहिरबाट ल्याउनुपरेको धितालको भनाइ छ । योजनाबद्ध रूपमा कृषिमा लागे राम्रो आम्दानी हुने उनले बताए । 'सुरुमा पुँजी चाहिन्छ । कृषिमा अनुदानका कार्यक्रम धेरै छन् । स्थानीय सरकारले पनि विभिन्न अनुदानका कार्यक्रम ल्याउन सक्छन्,' उनले भने, 'गाउँ फर्केका मानिसबाट कृषि उत्पादन बढ्ने र खाद्यान्न आयात रोकिने सम्भावना छ । कृषिमा उद्यमी बन्ने अवसर अहिले छ । बाहिर सिकेको सीप पनि उपयोग गर्न सकिन्छ ।'

जुम्लाको कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा बर्सेनि २ हजार २० मेट्रिक टन खाद्यान्न पुग्दैन । तर केन्द्रका प्रमुख बालकराम देवकोटा व्यापार गर्न गएर बीचमै फर्केका मान्छे कृषिमा लागे आम्दानी बढ्न सक्ने ठान्छन् । 'उनीहरू फर्किएपछि एकातिर खाद्यान्न खपत बढ्ने निश्चित छ भने अर्कोतिर कृषि उत्पादन पनि सुधार हुन सक्छ,' उनले भने, 'त्यसैले कोरोना प्रकोपलाई अवसरका रूपमा पनि लिन सकिन्छ ।'

सुदूरपश्चिममा छैनन्...



नवौं तहका श्रेष्ठ र आठौं तहका वरिष्ठ मेडिकल अधिकृत मात्रै दरबन्दीका हुन् । ६ जना मेडिकल अधिकृतको दरबन्दीमा एक जना मात्रै रहेको निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट श्रेष्ठले बताए ।

प्रादेशिक अस्पतालको जस्तै हालत जिल्ला अस्पतालहरूको छ । जिल्ला अस्पताल बैतडीमा नवौं तहको मेडिकल सुपरिन्टेण्डेन्ट एक जना र आठौं तहका दुई जना मेडिकल अधिकृतको दरबन्दी छ । तीनै दरबन्दी खाली रहेको निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. बसन्त जोशीले बताए । नवौं तहको दरबन्दी ०७५ असारदेखि खाली रहेको उनले बताए । छात्रवृत्तिमा एमबीबीएस अध्ययन गरेका डा.जोशीले प्रशासनिक जिम्मेवारीसमेत सम्हालेका छन् । 'सरकारी दरबन्दीमा कोही नभएपछि मैले प्रशासनिक जिम्मेवारीसमेत सम्हाल्नुपरेको हो,' शल्यक्रियाको तयारीमा रहेका उनले टेलिफोनमा भने, 'मलाई सघाउने पनि छात्रवृत्तिमै एमबीबीएस अध्ययन गरेका साथी देवेन्द्र लेखक हुनुहुन्छ । उहाँको पनि अवधि सकिन लाग्यो, त्यसपछि म एक्लै हुन्छु ।' स्टार्फ नर्स ४ जनाको दरबन्दीमा दुई जना कार्यरत छन् । ल्याब टेक्सिसियनको दरबन्दी खाली छ । ल्याब टेक्निसियन समायोजनपछि अन्यत्र गएको उनले बताए ।

जिल्ला अस्पताल दार्चुलामा नवौं/ दशौं तहको मेडिकल सुपरिन्टेन्डेन्टको दरबन्दी छ । अस्पताल स्थापना भएदेखि यो तहको जनशक्ति पुगेकै छैन । आठौं तहका मेडिकल अधिकृत गजेन्द्र दुवालले मेडिकल सुपरिन्टेन्डेन्टको जिम्मेवारी सम्हालेका छन् । स्टार्फ नर्सको दरबन्दी ४ जनाको छ । तर, तीन जना मात्रै कार्यरत छन् । अस्पतालमा हेल्थ असिस्टेन्ट, ल्याब टेक्निसियन, रेडियोग्राफर, एनेस्थेसिया सहायक, ल्याब अधिकृत १/१ जनाको दरबन्दी थियो । सबै पदमा जनशक्ति छैनन् । 'हाम्रोमा १८ जना स्वास्थ्यकर्मीको दरबन्दी थियो । सात जना मात्रै छन्,' दुवालले भने, '९ र १० तहको मेसु त अहिलेसम्म आएकै छैनन् ।'

विशेषज्ञ चिकित्सक ६ जना मात्रै

सामाजिक विकास मन्त्रालयका सूचना अधिकारी झंकरबहादुर बिष्टले प्रदेशभरि विशेषज्ञ चिकित्सक अभाव रहेको बताए । प्रदेशमा ८ देखि ११ तहसम्म १ सय १४ जनाको दरबन्दी भए पनि १५ जना मात्रै कार्यरत छन् । ९९ जना अर्थात् ८७ प्रतिशत दरबन्दीमा चिकित्सक छैनन् । उनका अनुसार धेरै जसो अस्पतालमा करार र छात्रवृत्तिमा पढेका डाक्टरले काम चलाइरहेका छन् । प्रदेशभर ५० जना विशेषज्ञ डाक्टरको दरबन्दी रहेकामा ६ जना मात्रै कार्यरत छन् । बालरोग विशेषज्ञ, जनरल फिजिसियन, छालारोग विशेषज्ञ, मेडिकल जनरलिस्ट, रेडियोलोजिस्ट र स्त्री रोग विशेषज्ञ एक-एक जना रहेको उनले जानकारी दिए ।

मन्त्रालय स्रोतका अनुसार सुदूरपश्चिममा ११ तहका चिकित्सकको १४ जनाको दरबन्दीमा दुई जना मात्रै कार्यरत छन् । ९ र १० तहका ६३ जनाको दरबन्दीमा ६ जना र ८ तहका ३७ जनाको दरबन्दीमा ७ जना मात्रै कार्यरत छन् ।

वर्षौंअघि तय भएको दरबन्दीमा पनि चिकित्सक नहुँदा प्रदेशका करिब ३० लाख जनसंख्याले प्रभावकारी स्वास्थ्य सेवा पाउन नसकेको मन्त्रालयले जनाएको छ । 'समायोजनमा माथिल्लो तहको चिकित्सक हाम्रो प्रदेशमा आउँदै आएनन् । यतिसम्म कि मन्त्रालयमा ९ र १० तहको चिकित्सकको दरबन्दीसमेत खाली छ,' उनले भने, 'जिल्ला तहमा त छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकले धानेका छन् । यहाँ भएका जनशक्ति समायोजनपछि अन्यत्र गए । अन्यत्रबाट यहाँ आएनन् ।'

समायोजनअघि नै चिकित्सकको कमी रहेको सुदूरपश्चिम प्रदेशमा पछि झन् अभाव भएको उनले बताए । चिकित्सक अभाव भएपछि प्रदेशको स्वास्थ्य निर्देशनालयले पदपूर्तिका लागि विज्ञापन गरे पनि अन्तर्वार्ता बाँकी रहेको उनले बताए । एक सय शय्याको डडेलधुरा अस्पताल र १५ शय्याको प्रहरी अस्पतालालाई संघीय सरकारमातहत राखिएको छ । त्यस्तै सेती, महाकाली र टिकापुर अस्पताललाई प्रदेशअन्तर्गत राखिएको छ । यसबाहेक अछाम, बाजुरा, बझाङ, डोटी, बैतडी र दार्चुलाका १५ शय्याका जिल्ला अस्पताललाई पनि प्रदेशअन्तर्गत राखिएको छ ।

सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालय स्रोतका अनुसार ११ तहका निर्देशक, मेडिकल सुपरिन्टेन्डन्ट, प्रमुख कन्सल्टेन्ट फिजिसियन, स्त्रीरोग विशेषज्ञ, शल्य चिकित्सक र बालरोग विशेषज्ञको १४ जनाको दरबन्दी रहेकोमा निर्देशक र बालरोग विशेषज्ञ मात्रै कार्यरत छन् । अरु १२ दरबन्दी रिक्त छ । दुई जना फिजिसियनको दरबन्दी खाली छ । ११ औं तहकै ३ जना प्रमुख मेडिकल सुपरिन्टन्डेन्टको पदपूर्ति भएको छैन । ९ र १० तहका ६३ जनाको दरबन्दीमा ६ जना कार्यरत छन् । ५७ वटा दरबन्दी खाली छ । ९/१० तहका मेडिकल सुपरिटेन्डेन्ट ६ जनाको दरबन्दीमा कोही पनि छैनन् । त्यस्तै यही तहका नर्सिङ प्रशासनमा ३, प्याथोलोजिस्ट ३, माइक्रोबाइलोजिष्ट १ जना, सहायक/उप मेडिकल ल्याब टेक्निसियन २ जना, सर्जन ३ जनाको दरबन्दी भएकोमा सबै खाली रहेको मन्त्रालयले जनाएको छ ।

प्रदेशमा ३ जना एनेस्थेसियोलोजिष्टको दरबन्दी पनि रिक्त छ । जनरल फिजिसियन ५ जनाको दरबन्दीमा एक जना कार्यरत छन् । ३ जना रेडियोलोजिष्टको दरबन्दीमा एक जना, पाँच जना स्त्रीरोग विशेषज्ञको दरबन्दीमा एक जना मात्रै कार्यरत छन् । बालरोग विशेषज्ञको ५ र मनोचिकित्सकको ३ वटा दरबन्दी रहेकोमा सबै खाली छन् । आठौं तहका मेडिकल अधिकृतको दरबन्दी २४ जनाको रहेकोमा दुई जना मात्रै कार्यरत रहेको मन्त्रालय स्रोतले जनाएको छ । स्वास्थ्यमन्त्री भानुभक्त ढकालले दरबन्दीअनुसार चिकित्सक र स्वास्थ्यकर्मी नभए पनि अन्यत्रबाट लगेर व्यवस्थापन गर्ने बताए । 'संक्रमण जुन स्तरको प्रकट हुन्छ, त्यहीअनुसार व्यवस्थापन गर्छौं', उनले भने ।

'न जनशक्ति छ न त सामग्री'

कृष्णराज सुवेदी
सामाजिक विकासमन्त्री, सुदूरपश्चिम प्रदेश

बढी जोखिममा देखिएको छ । नाका पूरै बन्द गरेका छौं । भारतलगायत अन्य देशबाट आएकालाई क्वारेन्टाइनमा राखेका छौं । ९ वटै जिल्लाका क्वारेन्टाइनमा १ सय ६३ महिला २ हजार १ सय ४२ पुरुष र ५६ जना बालबालिका छन् । हाम्रो प्रदेशका २३० जनाको स्वाब परीक्षण भएको थियो । १६७ को नतिजा नेगेटिभ आयो । चार जनाको पोजेटिभ आयो । ५९ जनाको नतिजा आउन बाँकी छ । आइसेलेसनमा राखेर ४६ जनालाई घर पठाइसकेका छौं । ४ जना संक्रमितसहित १० जना आइसोलेसनमा छन् । परीक्षण सुरु भएको छ । हामीसँग पर्याप्त जनशक्ति नभएकाले संघबाट पनि एउटा टोली आइपुगेको छ । क्वारेन्टाइनमा बस्नुभएको कोहीलाई पनि कोरोनाको लक्षण देखिएको छैन । थप सात दिन क्वारेन्टाइनमा राख्ने भनिसकेका छौं । परीक्षण गरेर मात्रै पठाउँछौं । दरबन्दीका स्वास्थ्यकर्मी र चिकित्सक नै छैन भन्दा पनि हुन्छ । जनशक्ति पठाइदिन तीन पटक माग गऱ्यौ । पठाएनन् । जनशक्तिसँगै सामग्री पनि अभाव छ ।

(मकर श्रेष्ठसँग कुराकानीमा आधारित)

कहाँ छन् लकडाउनअघि भित्रिएका २० हजार जना ?

संसारभरि महामारी फैलिरहँदा चैत १-१० मा मात्रै ६५ देशबाट निर्बाध नेपाल आएका २० हजार ५४ जनालाई सरकारले क्वारेन्टाइनमा समेत नराखी घर पठाएको थियो, तिनै व्यक्तिहरूबाट अहिले स्थानीयस्तरमा कोभिड-१९ संक्रमणको जोखिम बढेको छ

जनकराज साप्कोटा (काठमाडौं)

कोभिड-१९ (कोरोना) संक्रमण विश्वव्यापी फैलिइसक्दा हवाईमार्गबाट नेपालमा करिब २० हजार नेपाली भित्रिए। सरकारले समयमै निर्णय लिन नसक्दा विदेशबाट आएका विदेशी र नेपालीबाट स्थानीयस्तरमा संक्रमण फैलिने जोखिम बढेको छ।

अध्यागमन विभागबाट प्राप्त तथ्यांकअनुसार लकडाउनअघिका दस दिन (चैत १-१०) को अवधिमा मात्रै ६५ देशबाट २० हजार ५४ नेपाल भित्रिएका थिए। तीमध्ये १९ हजार ५ सय ५३ जना नेपाली संसारका विभिन्न देशबाट स्वदेश फर्किएका थिए। यो अवधिमा खुला सिमाना हुँदै भारतबाट कति नेपाली भित्रिए भन्ने यकिन तथ्यांक सरकारसँग छैन। विश्व स्वास्थ्य संगठनले कोरोनो संक्रमणलाई महामहारी घोषणा गरेको १३ दिनपछि अर्थात् चैत ११ बाट मात्रै नेपाल सरकारले लकडाउन घोषणा गरेको थियो। चीन, युरोप, अमेरिका र भारतमा संक्रमण फैलिसक्दा विश्वका कैयन् देशबाट विदेशी र नेपाली नागरिकले नेपालमा सहजै प्रवेश पाइरहेका थिए। कतिसम्म भने संक्रमण फैलिसकेका देशमा पनि अन्य देशका नागरिक सहजै आउजाउ गरिरहेका थिए।

कोरोनो संक्रमणको पहिलोपटक पुष्टि भएको दुई महिनापछि मात्रै चैत ११ मा दोस्रो संक्रमण पुष्टि भएको थियो। यो अवधिमा सरकारले विदेशबाट भित्रिनेलाई क्वारेन्टाइनमा राख्ने वा अन्य प्रबन्ध गर्ने काम गरेन। हाल संक्रमित देखिएकाहरूको ट्राभल हिस्ट्री हेर्ने हो भने लकडाउनको निर्णय एक साताअघि मात्रै भएको भए पनि अहिलेको संक्रमणबाट नेपालले पार पाउने सम्भावना रहन्थ्यो। किनकि लकडाउनको ६ दिनअघि अर्थात् चैत ४ मा कतार हुँदै काठमाडौं आएको विमानमा सवार तीन यात्रुमा संक्रमणको पुष्टि भइसकेको छ। संक्रमणका अन्य ६ घटनामध्ये एकमा स्थानीय संक्रमण पुष्टि भए पनि अन्य पाँचै जना लकडाउनको केही दिनअघि मात्रै नेपाल प्रवेश गरेका हुन्। तेस्रो संक्रमित चैत ६ गते यूएईबाट काठमाडौं आएका थिए भने चौथो संक्रमित चैत ७ गते दुबईबाट आएका थिए। २२ गते संक्रमण पुष्टि भएका कैलाली र कञ्चनपुरका दुई युवा भने क्रमशः १२ र १४ गते स्थलमार्गबाट नेपाल छिरेका हुन्।

संक्रमित नौ जनामध्ये चार जना वैदेशिक रोजगारीबाट फर्केका कामदार हुन्। जसमा दुई जना भारतबाट फर्केका कामदार भए पनि दुई जना खाडीबाट फर्केका हुन्। लकडाउन अघिका दस दिनमा कति कामदार खाडी र मलेसियाजस्ता प्रमुख श्रम गन्तव्य मुलुकबाट फर्के भन्ने हिसाब सरकारसँग छैन। वैदेशिक रोजगार विभागका महानिर्देशक कुमारप्रसाद दाहालका अनुसार सामान्य अवस्थामा वैदेशिक रोजगारीबाट औसतमा दैनिक सातदेखि आठ सय कामदार स्वदेश फर्किन्छन्। उनले चैत १ देखि १० गतेसम्म कति कामदार फर्किए भन्ने यकिन तथ्यांक नरहेको बताए। लकडाउनअघिका दस दिनमा स्वदेश आएका १९ हजार ५ सय ५३ नेपालीमध्ये आधा वैदेशिक रोजगारीबाट फर्किएका कामदार हुनसक्ने अनुमान विभागका अधिकारीहरू गर्छन्।

सरकारले समयमै गम्भीर निर्णय नलिँदा वैदेशिक रोजगारीबाट फर्किएकाहरू र अन्य काममा प्रवासमा रहेका नेपालीहरू सामान्य ज्वरो जाँचका भरमा स्वदेश भित्रिए। सरकारले सेल्फ क्वारेन्टाइनमा बस्न गरेको आग्रह बाध्यकारी बन्न नसक्दा र त्यसको नियमनमा चुक्दा विदेशबाट फर्किएकाहरू ठूलो समुदायसँग सजिलै घुलमिल हुन पुगे। स्वदेशीलाई क्वारेन्टाइनमा राख्न नसकेपछि सरकारले समयमै विदेशी नागरिकको हकमा कडा कदम चाल्न सक्थ्यो तर महामारीको प्रकोप विश्वव्यापी बनिसक्दा पनि यो निर्णयसमेत सरकारले लिएन।

कतिसम्म भने विश्व स्वास्थ्य संगठनले महामारीको घोषणा गरिसक्दा पनि सबैभन्दा धेरै संक्रमणको क्षति व्यहोरेको चीनबाट चिनियाँ नागरिकहरू सजिलै नेपाल आइरहेका थिए। अध्यागमन विभागका अनुसार लकडाउनअघिका दस दिनमा मात्रै ५० चिनियाँ नेपाल आएको रेकर्ड छ। त्यसअघि माघ १८ देखि फागुन १५ को अवधिमा ३ हजार एक सय १० चिनियाँ भित्रिएको अध्यागमनको रेकर्ड छ।

बेलायत/उत्तरी आयरल्यान्डबाट मात्रै लकडाउनअघिका दस दिनमा १ सय ४६ जना आएका थिए। जबकि फागुन १५ मै उत्तरी आयरल्यान्डमा कोभिड-१९ को पहिलो संक्रमण पुष्टि भएको थियो। अध्यागमन विभागको रेकर्डमा चैत १ यताका दस दिनमा एक सय आठ अमेरिकी नेपाल आएको तथ्यांक छ। जबकि माघ ६ मै अमेरिकामा ३५ वर्षीय नागरिकमा संक्रमण पुष्टि भएको थियो भने फागुन १७ मा संक्रमणबाट एक अमेरिकीको मृत्यु भइसकेको थियो। अमेरिकी सरकारले फागुन २८ मा २६ युरोपेली देशका नागरिकलाई अमेरिका प्रवेशमा प्रतिबन्ध लगाएको थियो। जबकि यस्तो प्रतिबन्धपछिका १२ दिनसम्म पनि नेपालले भने अमेरिकी नागरिकलाई सहज प्रवेश दिइरहयो।

माघ १६ मा भारतको केरलामा कोरोना संक्रमणको पहिलो पुष्टि भएको थियो। त्यसपछिका दिनमा पनि नेपाल सरकारले कुनै गम्भीर कदम चालेन। भारतमा संक्रमणको संख्या बढ्दै जाँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै भारतीयहरूले नेपालमा सहज प्रवेश पाइरहेका थिए। चैत १ गतेपछिका दस दिनमा मात्रै विमानस्थल हुँदै एक हजार एक सय ९७ भारतीय नेपाल प्रवेश गरेको देखिन्छ।

हामीले हिँडेको उल्टो बाटो

माघ १६ मा विश्व स्वास्थ्य संगठनले जनस्वास्थ्य संकटकाल घोषणा गरेको थियो। फागुन २८ मा महामारी घोषणा गऱ्यो। संकटकाल घोषणाको ५३ दिनपछि र महामारी घोषणाको आठ दिनपछि चैत ५ गते नेपालले कोरोना संक्रमणविरुद्ध लड्न पहिलो औपचारिक कदम चालेको थियो। उक्त दिन रक्षामन्त्री ईश्वर पोखरेल संयोजकत्वको उच्चस्तरीय समितिले सिनेमा हल, सांस्कृतिक केन्द्रलगायतका भीड जम्मा हुने स्थानहरू बन्द गर्ने निर्णय गरेको थियो।

फागुन १५ मै विश्व स्वास्थ्य संगठनले कोरोनाको संक्रमण ५० देशमा फैलिएको भन्दै उच्च सतर्कता अपनाउन भनिरहेको थियो। जेनेभामा आयोजित पत्रकार सम्मेलनमा संगठनका महासचिव ट्रेडोस एडानो गेहब्रेयसले भनेका थिए, 'कुनै पनि मुलुकले कोभिड-१९ आफ्नो देशमा भित्रिन्नँ भनेर सोचे गम्भीर गल्ती हुन्छ।' यस्तो सूचनालाई बेवास्ता गर्दै फागुन २ ९ गते स्वास्थ्यमन्त्री भानुभक्त ढकालले सरकारले विदेशबाट आएकालाई क्वारेन्टाइनमा राख्न नसक्ने भन्दै आफैं क्वारेन्टाइनमा बस्नुपर्ने अभिव्यक्ति दिएका थिए। महासचिव ट्रेगोसको भनाइ सार्वजनिक भएको तीन दिनपछि मात्रै मन्त्रिपरिषद्ले रक्षामन्त्री पोखरेलको संयोजकत्वमा नौ मन्त्री सम्मिलित 'कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति' बनाएको थियो।

विश्व स्वास्थ्य संगठनले कोरोनाको महामारीबाट बच्न तयारी रहन विश्वव्यापी सन्देश दिइरहँदा फागुन ६ मा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय भने नेपाल कोरोना भाइरसमुक्त क्षेत्र रहेको सन्देशमूलक श्रव्यदृश्य सामग्री अंग्रेजी, चिनियाँ र हिन्दी भाषामा तीन दिनभित्र तयार गरी व्यापक रूपमा सम्प्रेषित गर्ने व्यवस्था मिलाउनेबारे नीतिगत निर्णय गरिरहेको थियो। जबकि मन्त्रालयले यस्तो निर्णय गरेको भोलिपल्टै इरानमा कोरोना संक्रमण समुदाय तहसम्मै फैलिएको थियो। आउटब्रेक पनि भनिने संक्रमणको महामारीबाट इरान गुज्रिसक्दा पनि नेपालमा भने सोही देशका नागरिक निर्बाध आइरहेका थिए। अध्यागमन विभागका अनुसार माघ १८ देखि फागुन १५ को बीचमा मात्रै १७ इरानी नेपाल आएका थिए।

चीनबाहिर थाइल्यान्डमा पहिलोपटक पुस २८ मा कोरोना संक्रमण पुष्टि भएको थियो। त्यसको झन्डै साढे दुई महिनापछि फागुन १० मा थाइल्यान्डस्थित नेपाली राजदूत गणेशप्रसाद ढकालले स्थानीय ट्राभल एजेन्सीलाई नेपाल कोरोना भाइरसमुक्त क्षेत्र रहेको बताइरहेका थिए। अनि पर्यटनमन्त्री योगेश भट्टराई नेपाल कोरोनामुक्त देश रहेको भनेकै भरमा पर्यटन ल्याउन सकिन्छ भनेर सार्वजनिक अभिव्यक्ति दिँदै हिँडिरहेका थिए।

रोकिएनन् महाकाली तरेर भित्रिनेहरू

भारततर्फ रहेका नेपालीहरू ट्युब, तुइन र ढुंगाको साँघुबाट महाकाली तरेर दिनहुँ घर फर्किरहेका छन्

डीआर पन्त (डडेलधुरा) र **मनोज बडू** (दार्चुला)

शनिबार राति डडेलधुराको परशुराम नगरपालिका-६ र ७ का १७ जना महाकाली तरेर नेपाल भित्रिए। उनीहरूलाई भागेश्वर गाउँपालिका-१ को विद्यालयमा बनाइएको क्वारेन्टाइनमा राखियो। आइतबार बिहानै सबै भागे।

भारत उत्तराखण्डको कोरोना प्रभावित लोहाघाट क्षेत्रमा सडक निर्माणमा संलग्न उनीहरू नेपाल-भारत सीमाको तामली हुँदै रूपालको सौनिया घाटबाट महाकाली तरेर भित्रिएका हुन्। तीन दिनयता चार जना कोरोना संक्रमित भेटिएपछि उत्तराखण्ड सरकारले लोहाघाटलाई 'रेड जोन' घोषणा गरेको थियो।

डडेलधुरा र बैतडीको सिमाना गैरीबगर, डडेलधुराको उत्तराखण्डसँग जोडिएको रूपालीगाड बाँध निर्माणस्थल सौनिया घाट, परशुराम नगरपालिकाको असुरानी र बैतडीको तल्लो स्वराडका तीनवटा अवैध घाटबाट नेपाली महाकाली तरेर दिनहुँ घर फर्किरहेका छन्। सीमानाका बन्द भएपछि उनीहरू अवैध घाट प्रयोग गरिरहेका हुन्। भारतबाट अवैध रूपमा आउने क्रम नरोकिएको भन्दै स्थानीयले चिन्ता गर्न थालेका छन्। लकडाउन अवधि थपिएपछि अवैध नाकाबाट आउने क्रम बढेको हो।

बैतडीको पञ्चेश्वर गाउँपालिकाका नारायण सार्कीका अनुसार हरेक दिन राति महाकाली तरेर भित्रिइरहेका छन्। 'प्रतिव्यक्ति एक हजार भारतीय रुपैयाँ तिरेर ट्युबमा महाकाली तार्ने काम भइरहेको छ,' उनले भने। परशुराम नगरपालिकाको कवानीदेखि असुरानीसम्म पनि विभिन्न ठाउँबाट ट्युबमा महाकाली तरेर नेपाल भित्रिने क्रम रोकिएको छैन। यहाँबाट भित्रिएकाहरू सुदूरपश्चिम र कर्णाली प्रदेशका विभिन्न जिल्लाका छन्। रूपालस्थित महाकाली किनाराको कैलपाल माध्यमिक विद्यालयका शिक्षक पदमबहादुर जोराका अनुसार शनिबार राति महाकाली तरेर आएका २० जना राति विद्यालयमा बास बसेर बिहान हिँडेका थिए। अवैध रूपमा भित्रिनेहरू क्वारेन्टाइनमा पनि बस्न नमान्ने गरेको भागेश्वर गाउँपालिका-१ का वडाध्यक्ष रूपसिंह विष्टले बताए। गाउँका हरेक विद्यालयमा क्वारेन्टाइनको व्यवस्था गरिए पनि कसैले बस्न नमानेको परशुराम-६ का वडाध्यक्ष केशव बोहराले बताए। नगरले भारतबाट आउनेको तथ्यांक राखी सबै व्यवस्था गरेर १४ दिन क्वारेन्टाइनमा बस्न आग्रह गरे पनि रातारात भाग्न थालेको उनले बताए।

डडेलधुराका प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्तले भने परशुराम नगरपालिकासँग जोडिएका सीमा क्षेत्रमा सशस्त्र प्रहरीसमेत खटाएर सीमामा कडा सुरक्षा दिएको दावी गरेका छन्। अवैध आउजाउ नरोकिएपछि आलीताल गाउँपालिका र परशुराम नगरपालिकाले एउटा टोलबाट अर्कोमा आउन, जान रोक लगाएका छन्। सीमापारिबाट जोखिमपूर्ण रूपमा आवतजावत बढ्न थालेपछि दुवै स्थानीय तहले यसरी टोलटोलमा समेत आउजाउ रोक लगाएका हुन्।

ढुंगाको सहारामा महाकाली तर्दै

शनिबार बेलुकी दार्चुलाको लेकम गाउँपालिका लालीबाट बैतडीको पुचौंडी नगरपालिकाका तीन, डिलोसैनी गाउँपालिकाका एक र बझाङको बुंगलका तीन जना ट्युबबाट महाकाली तरेर आए। पुचौंडीका दिलबहादुर बोहराका अनुसार लालीमा एक हजार भारु तिरेर ट्युब तरेका हुन्। सीमापारि अलपत्र परेका नेपाली महाकाली नदीमा खसेका ठूला ढुंगालाई साँघुका रूपमा प्रयोग गरेर घर फर्कन थालेका छन्। भारतले व्यास गाउँपालिका पारि लिपुलेक जोड्ने सडक निर्माणका क्रममा विस्फोटक पदार्थले फुटाएर नदीमा खसेका ढुंगाबाट जोखिम मोलेर नदी पार गरिरहेका हुन्।

बस्तीबाट केही टाढा हुँदा स्थानीय र सुरक्षाकर्मीको निगरानी नभएका बेला नेपाली वारि आइरहेको व्यास गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शेखरचन्द्र ओझाले बताए। अवैध नाका प्रयोग भइरहेको थाहा भएपछि प्रहरी र स्थानीयलाई निगरानीका लागि परिचालन गरिएको ओझाले बताए।

गत बिहीबार राति व्यास-३ का १७ र ४ का २ जना भित्रिएका थिए। बिहीबार अघि ६ जना व्यासका र २० जना अन्य ठाउँका मानिस उक्त साँघु तरेर भित्रिएकालाई प्रहरी परिचालन गरेर नियन्त्रणमा लिइएको छ। महाकाली किनारतिर सुरक्षा गस्ती पठाए पनि राति प्रवेश गर्ने हुनाले कति आए थाहा हुन सकेको छैन।

सीमामा सशस्त्र खटाइयो

अवैध नाका प्रयोग गरी भित्रिने क्रम नरोकिएपछि सीमा क्षेत्रमा सशस्त्र प्रहरी परिचालन गरिएको छ। भारतमा रोकिएका नेपालीहरू महाकालीमा पौडेर, ट्युब र तुइनबाट तथा ढुंगाका साँघु तरेर प्रवेश गर्न थालेपछि सुरक्षाकर्मी परिचालन गरिएको सशस्त्र प्रहरी बल दार्चुलाका डीएसपी डम्बरबहादुर विष्टले बताए। सीमा निगरानी बढाउन कैलालीको वनभेडा तालिम केन्द्रबाट ४० जना सशस्त्रको टोली आइरहेको उनले बताए।

जहाँ आफन्तलाई पनि प्रवेश निषेध छ

मधु शाही (बाँके) र **नगेन्द्र अधिकारी** (काभ्रे)

गाउँमा कोही नयाँ अनुहार देखिए उनी बाटोमै रोकेर आउनुको कारण सोध्थे। विशेष अवस्थामा बाहेक फर्काउँथे। केही दिनसम्म यस्तो गर्दा पनि गाउँमा मान्छे आउने क्रम नरोकिएपछि बाँकेको जानकी गाउँपालिका-६ गहनापुरका प्रेमबहादुर लोनियारले मूल बाटोमै डोरी टाँगिदिए। 'बाहिरका मान्छे गाउँभित्र आउन सख्त मनाही छ' कागजमा लेखेर त्यसमै झुन्ड्याए।

सरकारले लकडाउन घोषणा गरेपछि उनले गाउँभित्रै जोकोहीलाई पनि प्रवेश निषेध गरेका छन्। उनीसँगै यहाँका स्थानीयबासी कोरोना भाइरसको महामारीलाई लिएर संवेदनशील बन्दै गएका छन्। उनीहरूले नजिकका आफन्त र पाहुनालाई समेत गाउँमा आउन र जान दिएका छैनन्। 'तगारो छेउमै पाले बसेका छौं, आफ्नै मान्छे आए पनि फर्काउँछौं,' उनले भने।

गाउँघरका चोकचोकमा साबुनपानीले हात धुने जार राखेका छन्। यो गाउँले आफैंले व्यवस्था गरेका हुन्। जानकी गाउँपालिका गहनापुरका सालिकराम कडौरियाको घरमा टेलिभिजन छैन। मोबाइलमा रेडियो लगाएर कोरोना भाइरसको प्रभावबारे समाचार सुनिरहन्छन्। धेरै भीडभाडमा न जानु, घरभित्रै बस्नु भनेर सुनेका उनले गाउँको सुरक्षाका लागि तगारो राख्न उचित ठानेको बताए। उनी तरकारी किनमेल गर्नसमेत बजार जाँदैनन्।

एक महिना पुग्ने रासन खर्च जुटाएका उनी खेती किसानीमा भने सक्रिय छन्। 'गाउँदेखि बाहिर जाँदैनौं,' उनले भने, 'खेतीपाती भने समुदाय मिलेरै गरेका छौं।' कोरोनाको संक्रमणबाट जोगिन यतिबेला गाउँघरमा तगारा लगाइएको देख्न सकिन्छ। कोहलपुर नगरपालिका पार्वतीपुर गाउँमा युवाहरू मिलेर पूरै गाउँलाई होम क्वारेन्टाइनजस्तै बनाएका छन्। झन्डै ४० घरपरिवार रहेको गाउँमा चारैतिरबाट बाहिरी मान्छे पस्न नमिल्ने गरी काठका तगारो लगाइएको छ। दिनभरि युवा चौकीदारी गर्छन्। 'नयाँ मान्छेलाई गाउँमा छिर्नै दिँदैनौं,' स्थानीय प्रविन चौधरीले भने, 'रोगले गर्दा कठोर बन्नै पर्दो रहेछ।'

कोहलपुरको लखन गाउँमा पनि तगारोको लक्ष्मण रेखा कोरिएको छ। सिंगो गाउँलाई सुरक्षित राख्न उनीहरूले साबुनपानीले हात धुनसमेत सिकाउँदै आएका छन्। तगारो नाघेर बजारसम्म जाने व्यक्तिले तगारोमै हात धोएर भित्र पस्न पाउने वातावरण मिलाइएको छ।

बाँकेको जानकी गाउँपालिका-६ गहनापुरमा बाटोमा डोरी टाँगेर बाहिरका मान्छेलाई गाउँ प्रवेशमा रोकिँदै।

तस्बिर : मधु/कान्तिपुर

अर्को वडामा जान रोक

काभ्रेको पाँचखाल नगरपालिकाले एक वडाबाट अर्कोमा जान रोक लगाएको छ। कोरोना संक्रमणको जोखिम हुने भन्दै नगरको ६२औं बैठकले अत्यावश्यक तरकारी, दूध, औषधि र खेतबारीमा काम गर्ने कृषकबाहेकलाई अर्को वडामा जान रोक लगाएको नगरप्रमुख महेश खरेलले बताए। यसअघि सरकारले एक स्थानीय तहबाट अर्कोमा जान रोक लगाए पनि पाँचखालले भने संक्रमण फैलन नदिन भन्दै एउटा वडाबाट अर्को वडामा जानसमेत रोक लगाएको हो।

नगरपालिकाले वडाका खाद्यान्न पसल सोमबार र शुक्रबार, होलसेल पसल सोमबारमात्र खोल्ने निर्णय गरेको उनले जानकारी दिए।

'एसईई र कक्षा १२ को परीक्षा सँगै'

एसईई रोकिए पनि शिक्षक र परीक्षार्थी निरन्तर भर्चुअल कक्षामा भेटिन थालेका छन्। कतिपय विद्यार्थीले टेलिफोनबाट शिक्षकलाई विषयगत समस्या र प्रश्न सोध्ने गरेका छन्, कतिले अनलाइनबाटै।

गणेश राई (काठमाडौं)

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) र आगामी वैशाखमा हुने कक्षा १२ को परीक्षा सँगै गर्न सकिने जनाएको छ। कोभिड-१९ संक्रमणका कारण चैत ६ गतेबाट गर्ने तय भएको एसईई रोकिएको छ। बोर्डको निर्धारित तालिकाअनुसार आगामी वैशाख ८ गतेबाट कक्षा १२ को र वैशाख २१ बाट कक्षा ११ को परीक्षा हुनेछ। 'एसईई बिहान र कक्षा १२ को परीक्षा दिउँसो सञ्चालन गर्न सकिन्छ,' बोर्डका अध्यक्ष चन्द्रमणि पौडेलले कान्तिपुरसँग भने, 'यसो गर्दा एउटै परीक्षा केन्द्रमा एकसाथ दुवै परीक्षा सम्पन्न हुनेछ। लकडाउन खुलेपछि तत्कालै परीक्षा प्रक्रिया अघि बढ्छ।'

यो वर्ष ४ लाख ८२ हजार ७ सय ७ जनाले एसईई दिने तयारीमा छन्। देशभरिमा १ हजार ९ सय ९७ परीक्षा केन्द्र विस्तार गरिएका छन्। प्रश्नपत्र सबै केन्द्रनजिकको प्रहरी चौकीमा सुरक्षित गरी राखिएका छन्। त्यसैगरी कक्षा १२ को सबै प्रश्नपत्र जनक शिक्षा सामग्री केन्द्रले छापिसकेको अध्यक्ष पौडेलले बताएका छन्। 'सुरक्षण प्रेसमा सबै प्रश्नपत्र छापेर प्याक गरिसकिएको छ,' अध्यक्ष पौडेलले भने, 'लकडाउन खुलेलगत्तै सम्बन्धित परीक्षा केन्द्रमा पुऱ्याइने छ।' कक्षा ११ र १२ का गरी ४ लाख ८० हजारभन्दा बढी परीक्षार्थी छन् भने १ हजार १ सय परीक्षा केन्द्र तोकिएका छन्।

धमाधम भर्चुअल पढाइ

एसईई रोकिए पनि शिक्षक र परीक्षार्थी निरन्तर भर्चुअल कक्षामा भेटिन थालेका छन्। कतिपय विद्यार्थीले टेलिफोनबाट शिक्षकलाई विषयगत समस्या र प्रश्न सोध्ने गरेका छन्, कतिले अनलाइनबाटै। 'म बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म विद्यालयमै हुन्छु,' तनहुँको खैरेनी माविं शुक्लागण्डकीका प्रधानाध्यापक केशव घिमिरेले टेलिफोनमा भने, 'एसईई तयारीमा रहेका विद्यार्थीलाई दैनिक दुई विषयको भर्चुअल माध्यमबाट पढाउँछौं। सातामा पाँच विषय पढाइन्छ। शिक्षकहरू आलोपालो खटिनु हुन्छ।'

यो सामुदायिक विद्यालय हो। विद्यालयमा तीन दर्जन कम्प्युटरसहितको ल्याब छ। इन्टरनेटको सुविधा छ। छुट्टै मिडिया कक्ष छ। मिडिया कक्षमा इन्टरेक्टिभ बोर्ड छ। विषय शिक्षक कक्षामा एक्लै बसेर यही बोर्डमा विद्यार्थीलाई पढाउन थाल्छन्। सहभागी विद्यार्थी ८४ जना छन्, उनीहरू एसईईको तयारी गरिरहेका छन्। 'विद्यार्थीलाई बढीमा तीन जनाको समूहमा भेला हुने ठाउँ तोकिदिएका छौं,' प्रधानाध्यापक घिमिरे भन्छन्, 'तोकिएको ठाउँ भनेको ल्यापटप चलाउने अभिभावकको घर हो। त्यहाँ इन्टरनेटको व्यवस्था छ। जुम सफ्टवेयर प्रयोग गरेर विद्यार्थी र शिक्षकबीच दोहोरो पठनपाठन हुने गरेको छ।' विद्यार्थीले नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयको समस्याबारे शिक्षकसित छलफल गर्छन्। अनलाइनबाटै प्रश्न सोध्छन्। शिक्षकले समस्याको समाधान गरिदिन्छन्। विद्यार्थीले विषयगत सामग्री विद्यालयको ब्लगमा हेर्न सक्छन्। 'हामीले यसरी अनलाइनबाट विद्यार्थी पढाएकोबारे अन्य जिल्लाका शिक्षकले जानकारी पाएका छन्,' प्रधानाध्यापक घिमिरेले भने, 'विज्ञान प्रविधिको प्रयोग गरेर पढाउने नयाँ शैली प्रभावकारी बनेको छ।'

शिक्षक महासंघले इन्टरनेटको सुविधा नभएको ठाउँमा विद्यार्थीले आफ्नो समस्या फोनबाट शिक्षकलाई सोध्न सक्ने व्यवस्था गरेको छ। महासंघले कक्षा १० का पाँचवटा अनिवार्य विषय पठनपाठन गर्न पहल गरेको छ। त्यसैअनुसार तनहुँको खैरेनी माविलगायत विभिन्न जिल्लाका विद्यालयमा एसईईको तयारीमा रहेका विद्यार्थीलाई भर्चुअल कक्षा सञ्चालन गरिएको छ। 'सातै प्रदेशमा पाँच विषयको हेल्प डेस्क व्यवस्था गरेका छौं,' महासंघका अध्यक्ष तथा ललितपुरको रुद्रायणी माविका प्रधानाध्यापक बाबुराम थापाले भने, 'विद्यार्थीको समस्या हल गर्न ३५ जना विषय शिक्षकलाई सम्पर्क गर्न सक्ने नाम र फोन नम्बर सार्वजनिक गरेका छौं।'

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परीक्षाको तयारीमा रहेका विद्यार्थीले घरमै बसेर एसईई परीक्षालाई लक्षित सामग्री हेर्न, पढ्न सक्ने व्यवस्था गरेको छ। 'मन्त्रालयको वेबसाइट, युट्युब र टेलिभिजनमा केही विषयका परीक्षा तयारी सामग्री पढ्न, हेर्न र बुझ्न पाउने व्यवस्था छ,' मन्त्रालयका प्रवक्ता शर्माले भने। शिक्षाविद् विद्यानाथ कोइराला लकडाउनले मुलुकको शैक्षिक प्रणालीमा नयाँ मोड ल्याएको बताउँछन्। 'हिजोसम्म परम्परागत विधिअनुसार शिक्षक र विद्यार्थी कक्षाकोठामा भेला भएर पढ्ने-पठाउने गर्थ्यौं,' उनले भने, 'अब लकडाउनकै बेलाजसरी अन्य बेलामा पनि विश्वको जुनसुकै ठाउँमा बसेर पढ्ने र पढाउन सक्ने अवसर विज्ञान प्रविधिले जुटाइदिएको छ।' एसईई, कक्षा ११ र १२ तथा विश्वविद्यालयको कक्षा, परीक्षामा समेत अब प्रविधिको प्रयोग गरेर अघि बढ्नुपर्ने उनले बताए।

अनलाइनबाट परीक्षा लिने व्यवस्था गर्न सकिने उनले बताए। 'जाँच दिने व्यवस्थामा पनि प्रविधिबाट अपनाउन सकिन्छ,' उनले भने, 'तथ्यांकगत प्रश्न, विश्लेषणात्मक प्रश्न र सिर्जनात्मक प्रश्न सोध्न सकेमा परम्परागत ढर्राभन्दा नयाँ परिणाम आकलन गर्न सकिन्छ।'

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (साविक शिक्षा विभाग) ले कक्षा १० सम्म भर्चुअल कक्षा सञ्चालनका निम्ति सामग्री निर्माण प्रक्रिया थालेको जनाएको छ। 'अहिलेसम्म भर्चुअल कक्षा सञ्चालनको प्रारम्भिक तयारीमा छौं,' केन्द्रका महानिर्देशक तुलसीप्रसाद थपलियाले भने, 'यसअघि कक्षा ६ देखि १० सम्म निर्माण गरिएका कक्षागत र विषयगत डिजिटल डकुमेन्टहरूको खोजीमा छौं। अब कक्षा १-५ को के कसरी निर्माण गर्ने र कुन-कुन मिडिया प्रयोग गर्ने भन्ने विकल्पसहित अघि बढ्नेछौं।'

सम्पादकीय

सुदूरपश्चिमलाई ध्यान देऊ

मुलुकमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण दोस्रो चरणमा प्रवेश गरिसकेकाले यसलाई थप फैलनबाट रोक्न सरकार र सम्बद्ध सबै पक्षले युद्धस्तरमा कार्य गर्नुको विकल्प छैन । खासगरी, पछिल्लो समय हजारौं व्यक्ति भारतबाट फर्किएको सुदूरपश्चिम प्रदेशमा विशेष रणनीति नै अवलम्बन गर्नुपर्ने खाँचो छ । आवश्यक सावधानी अपनाइएन भने उक्त क्षेत्रमा ठूलो जोखिम निम्तिन सक्ने देखिन्छ । किनभने, अहिलेसम्म मुलुकमा संक्रमित पाइएकामध्ये चार जना त्यहाँकै छन् । तिनमा पनि, भारतबाट फर्किएका दुई जना छन् भने एक स्थानीय व्यक्तिमा पनि संक्रमण सरेको छ । संक्रमण विस्तारको सम्भावनाका दृष्टिले यी दुवै अवस्था जोखिमपूर्ण हुन् । त्यसैले, विदेशबाट आएका सबै जनालाई निगरानीमा राखेर परीक्षणको संख्या तीव्र गतिमा बढाउनुपर्ने आवश्यकता छ ।

डरलाग्दो पक्ष के छ भने, भारतमा संक्रमण फैलिइसकेपछि हूलका हूल स्वदेश फर्किएका नेपालीको उचित स्वास्थ्य जाँच र निगरानी गरिएकै छैन । उनीहरू स्वनिगरानीमा बसे-नबसेको पनि अनुगमन हुन सकेको छैन । कति त स्थानीय स्तरमा बनाइएका क्वारेन्टिन गृहहरूमा बस्न नमानेका र घरमा पनि अलग्गै नबसेका खबरहरू आएका छन् । कतिपय सामूहिक क्वारेन्टिनस्थल पनि विश्व स्वास्थ्य संगठन तथा सरकारको न्यूनतम मापदण्डबिनै सञ्चालित भएकाले कतै यिनले जोखिम घटाउनेभन्दा बढाउने काम त गरिरहेका छैनन् भन्ने प्रश्न पनि उठेका छन् । यसबीचमा उता भारतमा चार हजारभन्दा बढीमा संक्रमण पुष्टि भइसकेको छ भने ज्यान गुमाउनको संख्या सय नाघिसकेको छ । त्यसैले भारतबाट आएका नेपालीका हकमा सरकारले विशेष सतर्कता अपनाउनैपर्छ । किनभने, फागुन दोस्रो सातायता कैलालीको गौरीफन्टा र कञ्चनपुरको गड्डाचौकी नाकाबाट स्वदेश फर्किएका दुई लाखमध्ये अधिकांश सुदूरपश्चिमकै हुन् । महाकाली तरेर भित्रिने क्रम अहिले पनि रोकिएको छैन । यस्तो अवस्थामा आवश्यक स्रोत-साधनका लागि संघीय सरकारसित समन्वय गरी सुदूरपश्चिम प्रदेश र त्यहाँका स्थानीय तहहरूले तुरुन्त प्रभावकारी योजना बनाएर अघि बढ्नुपर्छ । यसमा नागरिकस्तर, त्यसमा पनि खासगरी विदेशबाट फर्किएका व्यक्ति र तिनका आफन्तले विशेष साथ दिनुपर्छ ।

सुदूरपश्चिम सरकारले क्वारेन्टिनको अवधि थप एक साताका लागि बढाइसकेको छ । अरूलाई संक्रमण सर्न नदिन यो भरपर्दो उपाय हो, तर पर्याप्त परीक्षणबिना क्वारेन्टिन अवधि बढाउनु मात्रै सम्पूर्ण समस्याको समाधान होइन । विडम्बना त, सुदूरपश्चिममा क्वारेन्टिनमा बसेका दुई हजार जनाको दुई साता बितिसक्दा पनि परीक्षण भएकै छैन । संक्रमित भए पनि स्वस्थ युवामा लक्षण नदेखिने र उसले अरूलाई सारिरहेको हुन सक्ने भएकाले त्यत्तिकै ढुक्क भएर बस्न मिल्दैन । दोस्रो चरणमा प्रवेश गरेको यो सुरुआती अवस्थामै हामीले पर्याप्त सावधानी अपनाएनौं भने मुलुक तेस्रो चरणमा पुग्ने निश्चित छ । त्यस्तो स्थिति आएर संक्रमण धेरैमा फैलिएमा हाम्रा अस्पतालहरूलाई धान्न मुस्किल पर्छ । त्यही भएर, बुद्धिमानी उपाय भनेको यसको रोकथामकै लागि सक्दो कदम चाल्ने हो । त्यो भनेको निगरानी र परीक्षणको दायरा बढाउने हो । हामीसँग दोस्रो चरणकै संक्रमण फैलिन नदिने समय थियो । ती दुबईबाट आएका व्यक्तिलाई उचित निगरानी/स्वनिगरानीमा राख्न सकेको भए संक्रमण दोस्रो चरणसम्म फैलिन पाउँदैनथ्यो । अब हामीलाई तेस्रो चरणमा फैलिनबाट रोक्ने समय छ, सबै मिलेर त्यसको सदुपयोग गर्नुपर्छ । त्यसका लागि मुलुकका आठै स्थानमा परीक्षण दर बढाउनुपर्छ । अहिले दैनिक औसत सय जनाभन्दा कमको परीक्षण भइरहेको छ, यसलाई संख्यात्मक र गुणात्मक रूपमा नबढाई सुख छैन । जति धेरैमा परीक्षण गर्‍यो त्यति प्रभावकारी ढंगले रोकथाम मात्र होइन, मृत्युदर पनि कम गर्न सकिन्छ भन्ने उदाहरण कतिपय देशको अनुभवले देखाइसकेको छ । अरूकै देखेर सिक्न सकिने यो ज्ञानको प्रयोग गर्न हामीले कन्जुस्याइँ नगरौं ।

राज्यले गर्ने व्यवहारलाई लिएर 'घाम पनि अस्ताउन मात्रै पुग्ने' भनिएको सुदूरपश्चिम यसै पनि स्रोत र साधनले कमजोर छ । अस्पतालहरूमा न पर्याप्त पूर्वाधार छ न जनशक्ति नै । भोलि धेरैमा रोग फैलिएमा उपचारको प्रबन्ध कसरी मिलाउने भन्ने पनि स्पष्ट आकलन र योजना चाहिन्छ । पूर्वाधार विस्तार र जनशक्तिको जोहोदेखि उनीहरूलाई चाहिने व्यक्तिगत सुरक्षाका साधनहरूको व्यवस्थापन अविलम्ब गरिनुपर्छ । अहिले प्रदेशस्तरमा स्वास्थ्यकर्मीका 'केस इन्भेस्टिगेसन' र 'कन्ट्याक्ट ट्रेसिङ' गरी दुई समिति क्रियाशील छन्, यिनलाई पनि स्रोत-साधन र जनशक्तिले सम्पन्न बनाइनुपर्छ । संक्रमण बढी देखिएकाले स्वाभाविक रूपमा उक्त क्षेत्रमा त्रास बढेको छ । स्थानीय सरकारहरूको दायित्व नागरिकलाई नआत्तिन आग्रह गर्ने पनि हो । संक्रमण भएको छ भने उपचारपछि निको हुन्छ र स्वनिगरानीका नियमहरू पालना गरेमा अरूलाई सर्दैन भन्ने विश्वास आम नागरिकलाई दिलाउन सक्नुपर्छ । संघीय मन्त्रिपरिषद्को शनिबारको बैठकले गण्डकी प्रदेशको बागलुङसहित सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा क्वारेन्टिनमा रहेका र उनीहरूको सम्पर्कमा आएका व्यक्तिहरूको परीक्षण गर्ने निर्णय गरेको छ । अब सबै मिलेर यसको कार्यान्वयन अविलम्ब गर्न/गराउन ढिला गर्नु हुँदैन ।

सरकार असफल, सेना विवादित

सिंहदरबार, बालुवाटार र मन्त्रिपरिषद् नै दलाल र बिचौलियाको चक्रव्यूहमा फसेका छन् ।

गेजा शर्मा वाग्ले

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको महामारी रोकथाम तथा नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्री खरिद गर्ने जिम्मेवारी सरकारले नेपाली सेनालाई दिने अप्रत्याशित र अस्वाभाविक निर्णय गरेपछि गम्भीर विवाद सिर्जना भएको छ । नागरिक प्रशासनको क्षेत्राधिकार पनि सैन्य निकायलाई दिइएपछि सरकार असफल भएको तथा नागरिक प्रशासनको विकल्प सैन्य निकाय भएको गलत सन्देश गएको आरोप लगाउँदै प्रतिपक्षी दल, नागरिक समाज र सञ्चारमाध्यमहरूले सरकारको कटु आलोचना गरेका छन् । सत्तारूढ नेकपाका नेताहरूले समेत सरकारको विवादास्पद निर्णयबाट गलत नजिर स्थापित भएको तथा सेना अनावश्यक रूपमा विवादमा आएको कठोर टिप्पणी गरेका छन् । एकातिर स्वास्थ्यका कारण प्रधानमन्त्री केपी ओली निष्क्रिय र अदृश्य छन्, अर्कातिर निर्णयहरू विवादित भएपछि सरकारको प्रभावकारिता र जवाफदेहिताबारे स्वाभाविक रूपमा प्रश्नचिह्न खडा भएको छ ।

यद्यपि राष्ट्रिय विपत्‌को घडीमा राज्यको अंग भएकाले सेनालगायत सुरक्षा निकायहरूको परिचालन अस्वाभाविक र असंवैधानिक होइन, तथापि के दल, नागरिक समाज र सञ्चारमाध्यमहरूले टिप्पणी गरेजस्तै नागरिक प्रशासन असफल भइसकेको हो ? नागरिक प्रशासन असफल भएकाले नै सैन्य निकायलाई जिम्मा दिनुपरेको हो ? सरकारको यस्तो बहुविवादास्पद निर्णयबाट तत्कालीन र दीर्घकालीन रूपमा कस्तो नजिर स्थापित होला र लोकतान्त्रिक प्रणालीलाई कस्तो असर पर्ला ? यस्ता केही जटिल सैद्धान्तिक प्रश्नहरू पनि समानान्तर रूपमा उठेका छन् । त्यसैले लोकतान्त्रिक प्रणालीको भविष्य, नागरिक प्रशासनको प्रभावकारिता र राष्ट्रिय सेनाको व्यावसायिकता र गरिमाका दृष्टिले पनि सरकारको नियत र समग्र विवादास्पद प्रकरणको वस्तुनिष्ठ विश्लेषण जरुरी छ ।

बदनियतपूर्ण निर्णय

प्रश्न केवल सरकारको विवादास्पद निर्णयको समर्थन वा विरोधको होइन, सरकारको भ्रष्टाचारी प्रवृत्ति, अपारदर्शी निर्णय र बदनियतको पनि हो । किनभने सरकारको भ्रष्टाचारी प्रवृत्ति र बदनियतको पर्दाफास भइसकेको छ । नेपालको प्रचलित सार्वजनिक खरिद प्रक्रियासम्बन्धी कानुनअनुरूप आह्वान गरिएको बोलपत्र कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिका संयोजक एवं उपप्रधानमन्त्री ईश्वर पोखरेलको निर्देशनमा अन्तिम घडीमा रद्द गरिएको रहस्योद्घाटन भइसकेको छ । त्यति मात्रै होइन, प्रधानमन्त्री, उपप्रधानमन्त्री र प्रधानमन्त्रीका सल्लाहकारसँग विशेष सम्बन्ध भएको विवादित ओम्नी कम्पनीलाई बिनाप्रतिस्पर्धा हतारहतार अपारदर्शी प्रक्रियाले बजार मूल्यभन्दा अस्वाभाविक रूपमा महँगोमा खरिद सम्झौता गरिएको घामजत्तिकै छर्लंग भइसकेको छ । तर निर्धारित समयमा सामान आपूर्ति गर्न नसकेकाले र आपूर्ति गरिएका सामान पनि गुणस्तरहीन भएकाले स्वास्थ्य सेवा विभागले उक्त बहुविवादास्पद सम्झौता रद्द गरिसकेको छ । त्यसैले अख्तियारको दुरुपयोग तथा आर्थिक अनियमितता गरेको अभियोगमा उपप्रधानमन्त्री पोखरेल र स्वास्थ्यमन्त्री भानुभक्त ढकालविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरिसकिएको छ ।

कान्तिपुरमा शनिबार प्रकाशित समाचारअनुसार, चैत १६ गतेको मन्त्रिपरिषद् बैठकले स्वास्थ्य उपकरण र औषधि नेपाली सेनामार्फत जीटुजी प्रक्रियाबाट खरिद गर्ने निर्णय गरेको थियो, जुन अन्तरविरोध र बदनियतपूर्ण मात्रै छैन, मन्त्रिपरिषद्मा छलफल नै नगरी प्रधानमन्त्रीको निर्देशनमा निर्णय गरिएको वास्तविकता पर्दाफास भइसकेको छ । जीटुजी भनेको दुई देशका सरकारबीच गरिने खरिद प्रक्रिया

> सैनिकभन्दा गैरसैनिक भूमिकामा रुचि र आकर्षण बढ्दै जानु राष्ट्रिय सेनाको व्यावसायिकता, गरिमा र राष्ट्रिय सुरक्षाका दृष्टिले सकारात्मक संकेत होइन । सरकारले विवादित निर्णय गरे पनि व्यावसायिक लक्ष्मणरेखा पार नगर्नु सेनाकै स्वास्थ्यका लागि लाभदायक हुनेछ ।

हो । दुई देशका सरकारबीच हुने सम्झौतामा तेस्रो पक्ष वा राज्यको अर्को निकायको आवश्यकतै पर्दैन । नेपाल सरकारको प्रतिनिधित्व प्रधानमन्त्री, मन्त्री वा राजदूतले गर्छन् कि सेनाले ? दुई सरकारबीच हुने गैरसैनिक खरिद प्रक्रियामा सेनाको संलग्नता किन ? वास्तवमा नेपालले चीनसँग जीटुजी सम्झौताका लागि गम्भीर कूटनीतिक पहल नै गरेन । प्रधानमन्त्री वा परराष्ट्रमन्त्रीले समकक्षीसँग एकपटक पनि संवाद गरेनन् भने चीनको दूतावास नेतृत्वविहीन छ । यदि सरकारले इमानदार प्रयास गरेको भए अमेरिका, इटाली र स्पेनमा आपूर्ति गर्ने चीनले नेपाललाई नगर्ने सम्भावनै थिएन । त्यसैले अहिलेको संकट सरकारको कूटनीतिक असफलताको परिणति हो ।

चौधरी फाउन्डेसनले त चीनबाट छोटो समयमा मेडिकल उपकरण खरिद गरी नेपालका स्वास्थ्य प्रतिष्ठानलाई वितरण गर्न सक्छ भने नेपालको इतिहासकै 'शक्तिशाली' सरकारले किन सक्दैन ? ओली सरकार के चौधरी फाउन्डेसनजति पनि प्रभावकारी र विश्वसनीय छैन ? सरकारले विपत्‌को घडीमा आकस्मिक रूपमा उपकरण र औषधि आवश्यक परेको तर्क गरेको छ । चीनको वुहानमा डिसेम्बरदेखि नै कोरोना फैलिएको थियो । तर तीन महिनासम्म सरकारले कुन 'साइत' कुरेर बसेको थियो ? कमिसनका लागि नियमसम्मत बोलपत्र रद्द गरिएको नेपथ्यको खेल सप्रमाण सञ्चारमाध्यममा आएपछि वास्तविकताको पटाक्षेप भइसकेको छ । त्यसैले सिंहदरबार, बालुवाटार र मन्त्रिपरिषद् नै दलाल र बिचौलियाको चक्रव्यूहमा फसेको पुष्टि भइसकेको छ । मानवीय संकटको घडीमा समेत जनताको स्वास्थ्यमा खेलबाड गरी कमिसनको खेलमा चुर्लुम्म डबेर निर्लज्ज निर्णय गर्ने सरकारले नेपालको भ्रष्टाचार र अनियमितताको इतिहासमा नयाँ कीर्तिमान कायम गरेको छ ।

सेनाको भूमिका

देशको प्रतिरक्षा, राष्ट्रिय सुरक्षा र राष्ट्रहितको संरक्षण हरेक राष्ट्रिय सेनाको कर्तव्य र क्षेत्राधिकार हो । नेपाली सेनाले परम्परागत सुरक्षा चुनौतीहरू (युद्ध, आतंकवाद, द्वन्द्व, सैन्य हस्तक्षेप, आर्थिक नाकाबन्दी, सीमा अतिक्रमण) मात्रै होइन, गैरपरम्परागत (गरिबी, महामारी, खाद्य संकट, भोकमरी, विकास-निर्माण, वातावरणीय ह्रास, जलवायु परिवर्तन, विपत् व्यवस्थापन आदि) सुरक्षा चुनौतीहरूको पनि सामना गर्दै आएको छ । । नेपालको संविधानले निर्दिष्ट गरेअनुरूप राष्ट्रिय सुरक्षाजस्तो सैनिक एवं विकास-निर्माण र विपत् व्यवस्थापनजस्तो गैरसैनिक दुवै भूमिका सेनाले निर्वाह गर्दै आएको छ । त्यसैले राष्ट्रिय संकटको यो असाधारण घडीमा कोरोना महामारी रोकथाम र नियन्त्रणका लागि सेनाको भूमिका स्वाभाविक र अपेक्षित हो ।

भूकम्प, महामारी, बाढीपहिरोजस्ता राष्ट्रिय विपत्‌को घडीमा विगतदेखि नै सेनाले उदाहरणीय भूमिका निर्वाह गर्दै आएको छ । यसैगरी राष्ट्रिय स्वार्थ, सामरिक महत्त्व र विकट भूगोलमा पूर्वाधार निर्माणका दृष्टिले उल्लेखनीय योगदान गर्दै आइरहेको छ । सामरिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण राष्ट्रिय गौरवको आयोजना काठमाडौं-निजगढ 'फास्ट ट्र्याक' निर्माणको जिम्मेवारी पनि सेनालाई अग्निपरीक्षा भएको छ । विपत् वा संकटका नाममा सरकारले अनावश्यक गैरसैनिक भूमिका दिने र सेनाले पनि सहर्ष स्वीकार गर्ने अस्वाभाविक अभ्यास केही वर्षयता गरिँदै आएको छ । सेनाको पनि सैनिकभन्दा गैरसैनिक भूमिकामा रुचि र आकर्षण बढ्दै गएको देखिन्छ, जुन राष्ट्रिय सेनाको व्यावसायिकता, गरिमा र राष्ट्रिय सुरक्षाका दृष्टिले सकारात्मक संकेत होइन ।

दलगत स्वार्थ र सरकारको अभीष्टअनुरूप सुरक्षा निकायहरूलाई प्रयोग/दुरुपयोग मात्रै होइन, राजनीतिक हस्तक्षेपसमेत गरी स्वार्थ सिद्ध गर्ने प्रवृत्ति शासक वर्गको आधारभूत संस्कारका रूपमा विकसित हुँदै आएको छ । तत्कालीन सेनापति रुक्मांगद कटवाल तथा नेपाल प्रहरीका आईजीपी प्रकरणहरू सोही अभीष्टका भद्दा संस्करण मात्रै हुन् । वास्तवमा यो सरकारले सेनालाई एकपछि अर्को विवादमा तान्दै आएको छ । सरकारले आफ्नो असफलता र बदनामीको प्रतिरक्षा गर्ने कुत्सित अभिप्रायले अहिले सेनालाई ढाल बनाएको छ । भ्रष्टाचारको दलदलमा फसेको सरकारको अवाञ्छित अभीष्टको सिकार सेना भएको छ ।

गलत नजिर

पृथ्वीनारायण शाहको पालादेखि गणतान्त्रिक कालखण्डसम्मको इतिहास अध्ययन गर्दा सेना सरकारकै नियन्त्रणमा रहेको देखिन्छ । त्यसैले हालसम्म सेनामा राजनीतिक महत्त्वाकांक्षा भएको देखिँदैन । २०७२ मा भूकम्पपछि उद्धार, पुनःस्थापना र पुनर्निर्माण प्रक्रियामा प्रशंसनीय भूमिका निर्वाह गरेकाले सेनाले लोकप्रिय छवि बनाएको छ । लोकतान्त्रिक प्रणाली, स्थापित शासकीय अभ्यास तथा सैनिक ऐनविपरीत मन्त्रिपरिषद्को निर्णयका आधारमा क्षेत्राधिकारभन्दा बाहिरको गैरसैनिक भूमिका दिने प्रवृत्तिले सैन्य नेतृत्वमा कस्तो मनोविज्ञान विकसित होला ? निर्विवाद रूपमा यसले सेनाको महत्त्वाकांक्षा बढाउन उत्प्रेरित गर्न सक्छ । महामारी भएको विश्वको कुनै पनि देशले स्वास्थ्य सामग्री खरिदको जिम्मा सेनालाई दिएको छैन भने नेपालमा किन सेनालाई ? सेनाले सैनिक उपकरण वा हातहतियार जीटुजीमार्फत कुनै पनि देशको समकक्षी राष्ट्रिय सेनासँग खरिद गर्नु स्वाभाविक हो । तर गैरसैनिक उपकरण खरिदका लागि कुनै सरकारसँग पहल गर्नु अस्वाभाविक देखिन्छ । दुई सरकारबीच खरिद सम्झौता भएपछि शीघ्र ढुवानीका लागि सेनालाई जिम्मा दिनु स्वाभाविक हुन्थ्यो । तर त्यसो गरिएन, किनभने सरकारको अभीष्ट अर्कै थियो ।

सरकारको निर्णय लोकतान्त्रिक प्रणाली र अभ्यासअनुरूप त छैन नै, सेनाको संस्थागत स्वार्थ र छविका दृष्टिले पनि उपयुक्त छैन । सरकारले विवादित निर्णय गरे पनि व्यावसायिक लक्ष्मणरेखा पार नगर्नु सेनाकै स्वास्थ्यका लागि लाभदायक हुनेछ । वास्तवमा सरकारले सेनालाई भूमिका दिन चाहेको होइन, भ्रष्टाचार र अनियमितताबाट उन्मुक्ति पाउने अभिप्रायले सेनालाई उपयोग गरेको हो । त्यसैले सेना विवादको भुमरीमा फसेको छ । प्रधानसेनापति पूर्णचन्द्र थापाले सेनाको संस्थागत सुधार, भ्रष्टाचार नियन्त्रण, आर्थिक पारदर्शिताका दृष्टिले सकारात्मक पहल गर्दै केही प्रारम्भिक परिणाममुखी निर्णयहरू समेत गरेका छन् । तर सरकारको यो निर्णयले प्रधानसेनापतिको प्रतिबद्धतालाई समेत खण्डित गर्न सक्छ ।

सरकारको प्रतिरक्षा गर्दै राष्ट्रपतिले राष्ट्रका नाममा सम्बोधन गरेपछि अर्को विवाद सिर्जना भएको छ । उक्त सम्बोधन जननिर्वाचित प्रधानमन्त्रीले गर्ने कि सेरेमोनियल राष्ट्रपतिले ? प्रधानमन्त्री अस्वस्थ भए पनि कहाँ छ नेकपाको 'शक्तिशाली' सरकार ? के ओली सरकार जनताप्रति उत्तरदायी र लोकतान्त्रिक प्रणालीप्रति प्रतिबद्ध छ ? वास्तवमा राष्ट्रपतिको सम्बोधन, ओलीको निष्क्रियता, सरकारका विवादित निर्णय र सेनाको सक्रियताबाट नागरिक सरकारको भूमिका क्षयीकरण र छवि स्खलित भएको प्रतीत हुन्छ । यस्ता अस्वाभाविक घटनाक्रमले राजनीतिक नेतृत्व र नागरिक प्रशासन असफल भएको नकारात्मक सन्देश प्रवाह मात्रै गरेका छैनन्, गलत नजिरसमेत स्थापित गरेका छन् । सरकार र दलहरूको असफलता र अनुत्तरदायी प्रवृत्तिको अधिकतम फाइदा लिँदै संसदीय इतिहासको कुनै कालखण्डमा राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन गरेका थिए भने गणतान्त्रिक कालमा पनि सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा चुनावी सरकार बनेको दुर्भाग्यपूर्ण नजिर पनि जीवित नै छ । अभिशप्त इतिहास र नजिरबाट शिक्षा लिनु स्वयं सरकार र दलहरूकै स्वार्थका दृष्टिले पनि उपयुक्त होला । होइन भने सरकारको यस्तो आत्मघाती प्रवृत्तिले भविष्यमा कल्पनातीत दुर्घटना निम्त्याउन सक्छ ।

निष्कर्ष

लोकतान्त्रिक प्रणालीमा सैन्य निकायलाई होइन, नागरिक प्रशासन र राज्यका निकायहरूलाई प्रभावकारी बनाउनुपर्छ । हरेक समस्याको समाधान र विवादको निरूपण सेना होइन र हुनु पनि हुँदैन । नागरिक सरकारको असफलताको विकल्प सेना होइन । एउटा नागरिक सरकारको विकल्प अर्को नागरिक सरकार हो, सैन्य निकाय होइन । कमजोर नागरिक प्रशासनलाई थप सक्षम र प्रभावकारी बनाऔं, तर नागरिक प्रशासनको विकल्प सेनालाई नबनाऔं । प्रश्न सेनाको पक्ष वा विपक्ष होइन, लोकतान्त्रिक प्रणाली, अभ्यास र भविष्यको हो । राष्ट्रिय सेनालाई व्यावसायिक सेना बनाऔं, तर 'कर्पोरेट' वा ठेकेदार होइन । 'कर्पोरेट' सेना देश र जनताको मात्रै होइन, स्वयं सेनाको पनि हितमा छैन । गैरसैनिक उपकरण खरिद सेनाको क्षेत्राधिकार नभएकाले विवादित प्रक्रियामा संलग्न नहुनु श्रेयस्कर हुनेछ । अहिले ओली सरकारको विवादित निर्णयको सिकार भोलि लोकतान्त्रिक प्रणाली हुन सक्छ । त्यसैले ओलीको असफलता नै लोकतान्त्रिक प्रणाली र संविधानको असफलता नबनोस् । सरकार र दलहरूलाई चेतना भया !

ट्वीटर : @GejaWagle

सम्पादकलाई चिठी

काम थोरै, निर्णय र आदेश धेरै

'कोभिड-१९ संक्रमण दोस्रो चरणमा' समाचारमा भनेजस्तै नेपाल अहिले संक्रमणको दोस्रो चरणमा छ । कोरोना संक्रमितको संख्या ९ पुगिसकेको छ । धनगढीमा विदेशबाट आएका संक्रमितमार्फत भाइरस आफ्नो आफन्तलाई सरेपछि संक्रमण दोस्रो चरणमा पुगेको प्रमाणित भयो । दोस्रो चरणमै भाइरसको नियन्त्रण गर्न सकिएन भने तेस्रो चरणमा भाइरस झन् रफ्तारले समुदायमा फैलन्छ । र, यो चरण खतरनाक हुन्छ । समुदायमा फैलिएपछि देशका सम्पूर्ण भूभागमा भाइरस फैलन धेरै समय लाग्दैन । समुदायमा फैलिसकेपछि भाइरसको रोकथाम र नियन्त्रण गर्न हाम्रोजस्तो कमजोर स्वास्थ्य प्रणाली भएको मुलुकले सक्दैन ।
स्थिति भयावह हुन नदिन सरकारले शंकास्पद धेरै व्यक्तिको नमुना संकलन गरी परीक्षण गर्नुपर्ने हो । तर, परीक्षणको तथ्यांक निकै लाजमर्दो छ । मेरो जानकारीमा अहिलेसम्म १ हजार २ सय ४१ व्यक्तिको परीक्षण गरिएको छ । भारतले २१ दिनको लकडाउन घोषणा गरेपछि त्यहाँ काम गर्ने नेपालीहरू घर फर्कन थाले । नेपालले पनि लकडाउनको घोषणा गर्‍यो । तर, नेपालीहरू घर फिर्ने क्रम रोकिएन । संक्रमण भए नभएको यकिन गर्न नेपाल-भारत सीमामा क्वारेन्टाइन राखियो तर त्यो प्रभावकारी भएन । कति व्यक्ति रातारात आफ्नो घर पुगे । तिनै घर पुगेका कैलाली, कञ्चनपुर र बागलुङनिवासी संक्रमित भएका हुन् । यो हाम्रो दर्भाग्य हो वा सरकारको कमजोर तयारी । भारतबाट फर्केका हजारौं व्यक्ति अहिले विभिन्न जिल्लामा पुगेर समुदायसँग घुलमिल भइसके । सरकारले कैलाली, कञ्चनपुर र बागलुङ गरी तीन जिल्लामा कोरोना भाइरस संक्रमण पत्ता लगाउन शीघ्र 'र्‍यापिड टेस्ट' गरिने घोषणा गर्‍यो । तर अब केवल कैलाली, कञ्चनपुर र बागलुङ जिल्लामा मात्र नभई सुदूरपश्चिम प्रदेशका सातै जिल्ला र नेपालभरि नै 'र्‍यापिड टेस्ट' गरिनुपर्छ । यसो नगरेसम्म संक्रमितको पहिचान हुन सक्दैन । चीन र दक्षिण कोरियाबाट पाठ सिक्दै जति बढी संख्यामा संक्रमितको पहिचान गर्न सकिन्छ, त्यति छिटो कोरोनालाई नियन्त्रण गर्न सकिन्छ । अनि मृत्युदर पनि घटाउन सकिन्छ भन्ने तथ्य बिर्सनु हुँदैन ।

– गंगाराज अर्याल, *पाणिनि-८, पाली, अर्घाखाँची*

•••

विश्व अहिले कोरोना भाइरसबाट जोगिन घरभित्र छ । हामी दुई हप्तादेखि घरभित्र नै छौं । आफू पनि बच्न र अरूलाई पनि बचाउन लकडाउनभन्दा उपयुक्त विकल्प छैन । समान्य रुघाखोकी र जरो आए अहिले अस्पताल जाने स्थिति छैन । चिकित्सक र निजी अस्पतालले त उपचार गर्न पनि मान्दैनन् । योबाहेक पनि हाडजोर्नी र अन्य नियमित स्वास्थ्य जाँच गर्न अस्पताल जानुपर्‍यो भने डक्टर भेटिँदैन । निजी अस्पताल लगभग बन्द छन् । सरकारी अस्पतालमा पनि बिरामीको उपचार हुन सकेको छैन । यस्तोमा बिरामी कता जाने ? अहिले अस्पताल घुमाउँदा घुमाउँदै मानिसको मृत्यु भएको खबर आएका छन् । मानिसको मृत्यु कोरोना भाइरसले नभएर अस्पतालको लापरबाहीले भएको छ । अस्पताल ठप्प भए पनि बिरामीको अवस्था र सरोकारलाई चिकित्सकले फोनबाट बुझ्ने कार्य गर्नुपर्छ । फोनबाट नै चिकित्सकले सुझाव दिन मिल्ने खालको स्वास्थ्य समस्या पनि हुन्छन् । त्यस्तै फोनबाट चिकित्सकलाई सोधिए पनि मुटुको धड्कन, रक्तचाप, श्वासप्रश्वास, तापक्रम आदि नजाँची भन्न गारो हुने स्वास्थ्य समस्यालाई के गर्न सकिन्छ निजी तथा सरकारी अस्पतालहरूले ध्यान पुर्‍याउनुपर्छ । स्वास्थ्यजस्तो अत्यावश्यक सेवालाई कसरी लकडाउनको बेला सर्वसुलभ बनाउने भन्ने विषय आममानिसका लागि निकै महत्त्वपूर्ण छ । त्यसैले सुचारु रूपमा स्वास्थ्य सेवा प्रवाह गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछु ।

– बिरो छुस्या, *भक्तपुर*

•••

कोरोना भाइरससम्बन्धी सामग्री किन्न विवादास्पद छवि भएको ओम्नी समूहलाई ठेक्का दिइयो । लागत मूल्यभन्दा निकै धेरैमा सम्झौता पनि गरियो । तर, स्वास्थ्य सामग्रीहरू प्रयोग नै गर्न नमिल्ने कमसल आए । त्यसपछि, पाँच करोड धरौटी जफत गर्ने, ठेक्का रद्द गर्ने र कम्पनीलाई कालोसूचीमा राख्ने कुरो सुन्दा धेरैलाई लाग्यो, धन्न राज्यकोष जोगियो । तर, रातारात १८.५ प्रतिशत अर्थात् १९ करोड रुपैयाँ कम्पनीलाई भुक्तानी दिइसकेको रहेछ । सामानचाहिँ दस प्रतिशत मात्रै आएछ, त्यो पनि नक्कली । त्रिभुवन विमानस्थलसम्म कम्पनीले ल्याउने र त्यहाँबाट सरकारले किन्ने भनिएकोमा कसरी दस प्रतिशत सामानका लागि १८.५ प्रतिशत भुक्तानी भयो ? त्यो पनि सामान नै नहेरी ?
कम्पनीले नै तिर्ने भनिए पनि मिलोमतोमा पर्यटनमन्त्रीलाई 'धितो' राखेर जहाज उडेको रहेछ । त्यसको एक करोड जोड्दा २० करोड भयो । पाँच करोड धरौटी राख्न सक्ने निजी कम्पनीले विमानका लागि तत्काल भुक्तानी दिन नसकेर मन्त्रीलाई नै धितो राख्नु विरलै देख्न पाइने कुरो हो । मन्त्री फुर्सदिलो भएकाले पनि हुन सक्छ । राज्यको २० करोड त नगदै गयो । उसो त दाल कहाँ पोखियो ? भागमा पनि भयो होला कसैलाई । सरकारले पाँच करोड धरौटी जफत गर्ने भन्यो । १५ करोड त यसै गयो । दस जनाले बाँडेर लिए पनि डेढ-डेढ करोड पुग्ने भयो । दर्ता नै नभएको कम्पनी कालोसूचीमा परेर के भो र ? नाम मात्रै फेरे भयो । त्यसै पनि चिनजान भएपछि दर्ता र सम्बन्धित क्षेत्रको अनुभव नचाहिने रहेछ । यो त प्रत्यक्ष खर्च भयो । यसका लागि भएका बैठक खर्च, प्रशासनिक खर्च, जहाज चार्टर्डका लागि भएको कूटनैतिक पहल, बन्धक बनेको देशको एक हप्ता र मुख्यतः अत्यावश्यक सामग्रीमा दश दिन लामो विलम्ब जोड्ने हो भने क्षति धेरै ठूलो हुन्छ । सस्तो टेन्डर रद्द गरेर बीसौं गुना महँगोमा सामान किन्ने पनि उनै, कमिसन पचाउने पनि उनै, रद्द गरेको र कालोसूचीमा हालेको नाटक गर्ने पनि उनै । अनि हेर, हामीले रद्द गर्‍यौं भनेर 'छौंडा' हरूलाई ताली बजाउन लगाउने पनि उनै । अब सरकारले 'जीटुजी' गर्न नसकेर रक्षामन्त्रीले सेनालाई जीटुजीको जिम्मा दिएको भन्ने सुनियो । इतिहासकै सबैभन्दा सक्षम, स्वस्थ र स्वच्छ सरकारको जय होस् ।

– नारायण गाउँले, *बेलायत*

•••

विश्वव्यापी बनेको कोरोना भाइरसले नेपाललाई पनि गाँज्न थालेको छ । विश्व स्वास्थ्य संगठनले तोकेको चार चरणमध्ये नेपाल दोस्रो चरणमा प्रवेश गरेको समाचारले कोरोना अब यथार्थमै भोग्नुपर्ने देखिन्छ । कोरोनाको यो कहरमा सरकार भने निर्णय, छलफल र आदेशमा अलमलिएको अनुभूति भइरहेको छ । पहिलो संक्रमित देखापरेको झन्डै साढे दुई महिना र लकडाउनको १४ औं दिनसम्म आइपुग्दा पनि राज्यको स्रोत र साधन प्रयोग गरेर यसविरुद्ध लड्न जुन तयारी गर्नुपर्थ्यो, त्यो गर्न राज्य चुकेकै छ । लकडाउनसँगै विदेशबाट आउने व्यक्तिलाई क्वारेन्टाइनमा राख्न, नेपाल-भारत खुला सीमा व्यवस्थित गर्न, सम्भावित सङ्क्रमितको खोजी गरी द्रुत गतिमा परीक्षण गर्न र सङ्क्रमित वरिपरिकालाई पछ्याउने काममा ढिलाइ भएकै हो ।
यस्तै कोरोना रोकथाम र नियन्त्रणमा प्रयोग हुने उपकरण खरिदमा देखिएको विलम्बले अर्को झट्का दिएको छ । स्वास्थ्य सेवा विभागले खरिद गर्न लागेको यी उपकरण एकातिर कमिसन अर्कातिर सामानको गुणस्तर र संख्याका कारण समयमै ल्याउन सकिएन । यो काम अहिले नेपाली सेना र स्वास्थ्य सेवा विभाग मिलेर गर्ने भनिएको छ । यो ढिलाइले पनि जनस्वास्थ्यमाथि ठूलो खेलबाड भएको छ । संकटको बेला पनि कमिसन र भ्रष्टाचारको जालोले हाम्रो शासन र प्रशासनलाई छुन्छ भने अरू बेला सुशासनका नारा कसरी पत्याउने होला ? हाम्रो शासन र प्रशासन चुस्त, पारदर्शी र मितव्ययी बनाउन नसकेकै परिणाम हो यो । प्राकृतिक विपत्ति, महामारी जस्ता आपत्‌विपत्‌मा राज्यको उपस्थिति कसरी गराउने भन्ने सोच राज्य सञ्चालकहरूले राखिदिए अलिकति भए पनि यो कहर काट्न सजिलो हुन्थ्यो । सरकारमा जानु वा कुनै सार्वजनिक पदमा बहाली हुनु भनेको भ्रष्टाचार र कमिसनका भरमा अथाह पैसा कमाउनु हो भनेर रमाउँदा अहिलेको आवस्था देखा परेको हो । असल शासकीय बाटोमा नहिँड्दा यतिबेला सरकारलाई 'फेद समाउने कि टुप्पो' भन्ने भएको छ । विश्वका मै हुँ भन्ने देशलाई समेत सातो उडाएको कोरोना भाइरसले यहाँ पनि दोस्रो चरणबाट उकाले लाग्यो भने ती देशका भन्दा ठूलो कहर ल्याउने निश्चित छ । जे होस्, सरकारका अकर्मण्यता र अक्षमता अब देखिनु हुँदैन । सम्भावित संक्रमितको खोजी कार्य र परीक्षण द्रुत गतिमा गर्ने भनेर जुन निर्णय गरिएको छ, यो व्यवहारमै देखिनुपर्‍यो । अनि दैनिक ज्याला गरी जीवन धान्ने परिवारको चुलो कसरी चलिरहेको छ, त्यो राज्यले हेर्नुपर्‍यो ।

– प्रसून जोशी, *स्वयम्भू-१५, काठमाडौं*

•••

'नडराउनुस्, बिस्तारै निको हुन्छ' समाचारमा पहिलो संक्रमित युवाले कसरी कोरोना भाइरसविरुद्ध लड्न सफल भए भन्ने अनुभव छ । यो समाचार निकै सकारात्मक छ । हामीमा कोरोना भाइरस देखिएपछि मरिहालिन्छ भन्ने भ्रम छ । जबकी यसको मृत्युदर निकै कम छ । अस्पतालले सतर्क भई कोरोना संक्रमितको उपचार गर्दिने हो भने यो भाइरसको केही लाग्दैन । बिरामीमा पनि आत्मविश्वास र सकारात्मक सोच आवश्यक छ । संक्रमण भइहाले पनि डराउनु हुँदैन । यो बिस्तारै निको हुने रहेछ । सामाजिक सञ्जालमा कोरोना भाइरसले धेरै मानिस मर्नेछन् भन्ने भ्रामक हल्ला फैलाइएको छ । कोरोना भाइरस संक्रमित उपचारपछि समान्य जीवनमा फर्केको समाचार धेरै मानिसमा पुर्‍याउनुपर्छ ।

– करुणा कार्की, *बानेश्वर, काठमाडौं*

छुवाछूतको भाइरस !

लसकुस

राजेन्द्र महर्जन

कोरोना भाइरसको महाव्याधिसँगै 'सोसल डिस्टेन्स' शब्दावली अत्यधिक प्रचलित भएको छ, जुन दक्षिण एसियाली समाजमा तीन हजार वर्षभन्दा अगाडिदेखि अभ्यास हुँदै आएको छ। 'सोसल डिस्टेन्स' नै महाव्याधिविरुद्ध लड्ने अचुक अस्त्रका रूपमा व्याख्या भएपछि धेरैले व्यक्तिगत र सामाजिक दूरी कायम राख्ने नमस्ते वा नमस्कार गर्ने शिष्टाचारको सर्वोच्चताको बयान गरे भने कसैले अरूलाई छुवाछूत गर्ने कुसंस्कारको सांस्कृतिक पवित्रताको महिमासमेत गाए।

आफूलाई सही, शुद्ध र श्रेष्ठ ठहऱ्याउने क्रममा 'सोसल डिस्टेन्स' को बखान गर्ने क्रममा छुवाछूतको महिमागान गाइएको देख्दा लाग्यो– दक्षिण एसियामा लागू रहेको वर्ण र जात नै सबैभन्दा ठूलो 'आइलोसेन सिस्टम' हो, वर्ण र जातअनुसारको सहरबजार र गाउँबस्तीको बसाइ नै 'क्वारेन्टाइन' हो, घरभित्र र बाहिर गरिने छुवाछूत र विभेद नै शुद्ध, निरोगी हुने वैज्ञानिक प्रक्रिया हो।

विश्वका विद्वान्हरू कोरोना भाइरसको महाव्याधिले मानव सभ्यताको भविष्यमाथि संकट आइलागेको हो कि भनी चिन्तनशील छन्, हाम्रा विद्वान्हरू भने पूर्वीय सभ्यताले भूतकालमा विकास गरेका शिष्टाचारदेखि कुसंस्कृतिसम्मको गुनगानमा लिप्त छन्। उनीहरू कोरोनाविरुद्ध लडाइँमा आफ्नो धर्म, परम्परा र संस्कृतिमा रहेका अनेक सामाजिक दूरीलाई सही अस्त्र ठहऱ्याउँदै छन्। व्यवहारमा पनि उनीहरू महिला र शूद्रलाई मात्रै होइन, श्रमसँग जोडिएका सबै पेसा र व्यवसायलाई छुन नहुने वा अछूत वा अपवित्र घोषणा गर्दै छन्। आज पनि सहरको सफाइदेखि शरीरको उपचारमा संलग्न मानिसलाई घर-डेराबाट निकाल्दै आफ्नो सुस्वास्थ्य, शुद्धता, श्रेष्ठता र पवित्रताको रक्षा गर्दै छन्।

कोरोनासँग जोडिएर लेखिएका रचनामा प्राचीन पूर्वीय सभ्यता र आफ्नो सांस्कृतिक अभ्यासमा प्रभावशाली रहेको 'सोसल डिस्टेन्स' को बखान गर्न कुनै कन्जुस्याइँ गरिएको छैन, न त अरूका सामाजिक अभ्यासको बदख्वाइँ गर्नमा पनि 'मुलाहिजा' गरिएको छ। यस अर्थमा कोरोनाको संक्रमणबाट बच्न अत्यावश्यक 'सोसल डिस्टेन्स' लाई दक्षिण एसियामा 'सामाजिक दूरी' कै रूपमा बुझ्नु नै सही हुने रहेछ, व्यक्तिगत दूरीका रूपमा मात्रै होइन। अरूलाई अछूत ठान्नु, छोइछिटो गर्नु, अछूतपनालाई धर्म, शास्त्र, कानुन, न्यायसँग जोडेर वर्ण-जातको संरचना बनाउनु, स्रोत-साधन-सम्पत्तिसँगै प्रेम, यौन, विवाहसँग सम्बन्ध गाँस्नु अछूतपना वा अस्पृश्यता वा सामाजिक दूरीका अनेक आयाम हुन्।

सामाजिक भाइरस

'एक भाइरसले सबैलाई अछूत बनाइदियो। अलिकति सोचौं त, त्यो समाज कसरी बाँच्यो होला, जसलाई हजारौं वर्षदेखि अछूत बनाएर राखिएको छ।' कार्टुनिस्ट रविन सायमिको फेसबुक स्टाटसमा भेटिएको यो भनाइ भारतका प्रख्यात कलाकार नाना पाटेकरको हो। यसमा कोरोना महाव्याधिले ल्याएको अस्पृश्यताको आयाम झल्काउने खालको सन्देश छँदै छ, त्योभन्दा बेसी मार्मिक संकेत छ, दक्षिण एसियामा सयौं वर्षदेखि फैलिएको जातभात र छुवाछूतको भाइरसबारे।

धेरैलाई थाहा छ– कसलाई छुन वा समात्न हुन्छ, कसलाई हुँदैन ? कुन शौच, कुनै अशौच ? को स्पृश्य, को अस्पृश्य ? को छूत, को अछूत ? को शुद्ध, पवित्र र श्रेष्ठ, को अशुद्ध, अपवित्र र नीच ? यसको उत्तर खोज्न दक्षिण एसियाली विधान-कानुन वा हिन्दु धर्मका शास्त्र पल्टाइरहनुपर्दैन, एक क्षण अछूतको जीवन बाँचे पुग्छ। अरूलाई अछूत ठान्ने वर्णवादी मानसभित्र पसियो भने दक्षिण एसियाली हिन्दु समाजमा व्याप्त 'अस्पृश्यताको भाइरस' को मात्रै निदान (डाइग्नोसिस) गर्न सकिन्छ।

दक्षिण एसियामा समाज बनेदेखि नै छूत-अछूतको भावना जन्मिएको होइन। समाजमा उचनीचको श्रेणी बन्न थालेदेखि अनेक भेदभाव सिर्जना भएका हुन्। कृषि व्यवस्था जटिल बनेपछि र नगरमा वाणिज्यसम्बन्धी क्रियाकलाप बढेकाले भेदभाव जन्मिएको हो। इतिहासकार रोमिला थापर लेख्छिन्, 'भूमिमाथि नियन्त्रण कडा हुँदा स्थानीय आबादी र नवागन्तुक निवासीबीच भेदभाव पैदा भयो। सहरीकरणबाट नगर र जनपदबीच हदबन्दी भएसँगै अनेक आवश्यक व्यवसाय उत्पन्न भए। यसै क्रममा केही व्यवसाय प्रदूषक मानिए। र, यस्ता काम विस्थापितहरूले नै गर्ने भए। यिनै समुदायमध्येबाट अस्पृश्यहरूको उत्पत्ति भयो।'

सहर वा नगरको पृष्ठभूमिमा अस्पृश्यता जन्मिएको धारणा प्रबल छ। प्रत्येकजसो सहर वा नगर वा गाउँका बाहिरी भागमा चण्डालहरूको बसाइले त्यही संकेत गर्छ। काठमाडौं सहरकै निर्माण र बसाइको भूगोल हेर्दा पनि समाजमा 'प्रदूषित काम गर्नेहरू' लाई सीमान्तमा राखिएको पाइन्छ। जो-जो श्रम गर्छन्, श्रममा पनि तल्लो दर्जाको मानिने फोहोरका काम गर्छन्, उनीहरूलाई सहरमा जतिखेर पनि छिर्न नदिने, छिर्न दिँदा पनि पवित्र गर्ने काम त्यत्तिकै भएको होइन। निष्कर्ष के निस्कन्छ भने, अस्पृश्यता भावनाको उद्भव केही व्यवसायलाई अपवित्र मान्ने सिद्धान्तका आधारमा भएको हो। तर, केही व्यवसाय अपवित्र मानिन्छन् नै किन ?



> 'एक भाइरसले सबैलाई अछूत बनाइदियो। अलिकति सोचौं त, त्यो समाज कसरी बाँच्यो होला, जसलाई हजारौं वर्षदेखि अछूत बनाएर राखिएको छ।'

शारीरिक श्रमप्रतिको घृणाको भाव

इतिहासकार रामशरण शर्माका अनुसार, अस्पृश्यताको उत्पत्तिको एउटा कारण थियो– आदिम जातिहरूहरूको संस्कारहीन जीवन। उनीहरू मुख्यतया सिकारी र चिडीमारको जीवन बिताउँथे। जबकि उनीहरूका तुलनामा ब्राह्मण समाजका सदस्यहरू भने धातु (मेटल) सँग जोडिएका काम र कृषिको ज्ञान राख्थे अनि नगर-जीवनको विकास गर्दै थिए। 'नीच जाति' हरूको जीवन संकटमय थियो र शूद्रहरूको भन्दा नराम्रो हालत थियो। भौतिक जीवनको यही विषमता स्वयं ब्राह्मण समाजमा बढिरहेको घृणाको भावनासँगै उग्र हुँदै गयो। तत्कालीन ग्रीक समाजमा जस्तै वैदिक कालपछिको समाजमा शारीरिक श्रम गर्नुपर्ने पेसा र व्यवसायप्रति घृणा-भाव देखिन्थ्यो। 'उच्च वर्ण' का मानिसहरूले, खासगरी ब्राह्मण र क्षत्रियहरूले, बिस्तारै-बिस्तारै उत्पादनका कार्यबाट हात खिच्न थाले, आफ्नो स्थिति र कामका सन्दर्भमा वंश-परम्पराको निर्वाह गर्न लागे। यसैको परिणामस्वरूप उनीहरूको मनमा शारीरिक श्रमसँग जोडिएका पेसा र व्यवसायप्रति मात्रै घृणा बढेको होइन, उनीहरूले त यस्ता काम गर्ने मानिसहरूलाई नै हेय ठान्न थाले।

यसको अर्थ हो– आदिम जातिहरूको हीन संस्कृति, श्रमसाध्य कार्यप्रति बढ्दो घृणाको भाव र निषेध तथा पवित्रतासम्बन्धी अति प्राचीन विचारको पृष्ठभूमिमा अस्पृश्यताजस्तो असाधारण भावनाको उदय भयो। यो खासगरी लास जलाउने चण्डालहरूको काममा सत्य थियो, जसलाई पुराना विचारका मानिसहरू अपवित्र र घृणास्पद ठान्थे। त्यसपछि छाला र लुगा सिउने काम गर्नेहरूलाई पनि अस्पृश्य मान्न थालियो। यसरी निम्नवर्गीय मानिसहरूको शारीरिक श्रमप्रतिको घृणाको भावले नै अन्ततः अस्पृश्यतालाई जन्माएको हो। यसको मतलब अस्पृश्यता आफ्नो पेसा, आफ्नो कर्म, आफ्नो लुगा, खाना र संस्कृतिलाई उच्च, सभ्य, पवित्र र श्रेष्ठ ठान्ने विचार, भावना र अभ्यासकै अति नकारात्मक परिणाम हुन सक्छ।

दक्षिण एसियाली इतिहास र धर्मशास्त्रहरूको अध्ययनबाट थाहा हुन्छ, 'उच्च' वर्णका सदस्य, खासगरी ब्राह्मणहरू शारीरिक श्रमसम्बन्धी व्यवसायप्रति घृणाको भाव राख्थे। यसबीच शारीरिक श्रम नगरीकनै खान, बस्न र योग-ध्यान-जप-तप-अध्ययन-लेखन गर्न पाइने गरी उत्पादनमा अधिशेष हुने अवस्था आयो र वर्ण-वर्गको एकाधिकार हुने स्थिति आयो। यही कारण शारीरिक श्रम गर्दै जीविका चलाउन बाध्य श्रमिकहरूलाई शूद्र, नीच, हीन, हेय, तल्लो दर्जाको मान्दै अस्पृश्यताको व्यवहार गरियो। शर्मा के दावी गर्छन् भने अस्पृश्यताको उद्भव बौद्ध धर्मको उद्भव र विकास भएको समय, मौर्यपूर्व कालको अन्ततिर भएको हो। त्यस बेलादेखि चण्डालहरूलाई अछूत मान्ने, उनीहरूको स्पर्शबाट शरीर अपवित्र हुने, छोइएमा सबै वस्त्रसँगै शरीर स्नान गर्दै पवित्र हुनुपर्ने, उनीहरूलाई छोएर बग्ने हावासमेत दूषित मान्ने, अधम मानिने उनीहरूलाई देख्दासमेत अपशकुन हुने र आँखा सफा गर्नुपर्ने, उनीहरूले देखेको भोजन र पेय पदार्थसमेत ग्रहण गर्न नहुने तथा अज्ञानवश ग्रहण गरिएमा सामाजिक बहिष्कारको भागी हुनुपर्ने व्यवस्था सुरु भयो। कतिसम्म भने, कुनै सहरमा घाम डुबेपछि छिर्न नपाइने त कुनै नगरमा पसेमा कुटेर बेहोस पार्ने चलन त्यसकै परिणाम हो।

छुवाछूत, वर्ण-व्यवस्था र जातभात

शास्त्र रचना गर्ने र पुरोहित्याइँ गर्ने ब्राह्मण तथा सत्ता-शक्तिको अभ्यास गर्ने क्षेत्रीहरूबाट सञ्चालित समाज र राज्यमा शारीरिक श्रम एवं शारीरिक श्रम गर्नेहरूप्रति घृणाको भाव हुनु अनौठो होइन। यही घृणाको भाव वर्ण-व्यवस्था र जातभातसँग मिसिएपछि 'क्रोनिक' भएको हो। अस्पृश्यता वा छुवाछूतसँग हिन्दु धर्मसँग सम्बन्धित वर्ण-व्यवस्था र जातभातको सालनाल जोडिएको छ, त्यसको अंग र विस्तारका रूपमा विद्यमान छ। थापर भन्छिन्, 'अस्पृश्यता एक प्रकारको धार्मिक उत्पीडन नै हो, किनभने यसमा समाजबाट बहिष्कारको भावना निहित रहेको छ र यो भावना ब्राह्मणहरूसँगै अन्य श्रमण सम्प्रदायमा पनि थियो।'

एकले अर्कोलाई अधीनस्थ बनाउने क्रममा सिर्जना भएको अस्पृश्यताको भाइरसले अनेक रूपरंग लिएको देखिन्छ। कुनै बेला शारीरिक हिंसाकै रूपमा बाँचेको थियो अस्पृश्यता। कालान्तरमा यो सांकेतिक हिंसाका रूपमा, शाब्दिक हिंसाका रूपमा वा अन्यलाई तल्लो, नीच, अशुद्ध जात, जाति, लिंगका रूपमा कलंकित गर्ने हिंसाका रूपमा, अन्यकरण र पृथकीकरण गर्ने सांस्कृतिक हतियारका रूपमा विद्यमान रहेको छ। पुराना उत्पीडनकारी मूल्य, पृथक्तावादी मान्यता र हिंस्रक अभ्यासलाई आधुनिक र वैज्ञानिक आवरण दिने तथा गौरवपूर्ण परम्पराका रूपमा महिमामण्डन गर्ने हदसम्मको बौद्धिक-नैतिक हिंसा नयाँ 'कास्ट एलिट' (जातवादी अभिजात) हरूबाट जारी छ।

यसैको पछिल्लो 'डिस्कोर्स' हो– कोरोना महाव्याधिको निहुँमा हात मिलाउने र अँगालो मार्ने चलनको सट्टा नमस्ते वा नमस्कार गर्ने पूर्वीय चलनको सर्वोच्चताको बखान। निश्चित समय र सन्दर्भमा विकास भएका यस्ता शिष्टाचारका विधि र प्रक्रियालाई सधैं सही वा सधैं बेसही भन्नु उचित होइन। कोरोना महाव्याधि वा अन्य विशिष्ट सन्दर्भमा कुनै उचित होला, कुनै अनुचित। तर, पहिलेदेखि अन्यकरण र पृथकीकरणमा रमाउने हाम्रो जातभातको अहंकारले कुनैलाई सदा सही, शुद्ध, पवित्र र श्रेष्ठ ठम्याइहाल्यो भने अरूलाई बेठीक, अशुद्ध, अपवित्र र नीच। निश्चित वर्ण, जात र लिंगको सर्वोच्चता, श्रेष्ठता र पवित्रताको अभ्यास गर्दै अरूलाई पराया, पृथक् र कलंक ठहऱ्याउने हाम्रा शास्त्र र शिक्षाले अरूका शिष्टाचारको बदख्वाइँ गर्नमा कुनै कन्जुस्याइँ गरेनन्। र, हामीलाई आफ्ना धर्म, शास्त्र, राज्य, समाज, परिवार र पुर्खाले सिकाएको आचरण नै सर्वोत्कृष्ट लाग्यो र अरूको शिष्टाचार छिःछिः दुरदुर गर्न योग्य कुसंस्कृति। अब त सबैखाले छुवाछूत र विभेद हाम्रा लागि वैज्ञानिक, स्वस्थकर र शुद्ध-पवित्र लाग्न थालेका छन्। अब उदारवादी भनिने विद्वान् र लेखकहरूका संस्मरण र लेखनबाट समेत उद्घोष हुँदै छ– छुवाछूत सबैभन्दा वैज्ञानिक कर्म हो, अस्पृश्यता नै सबैभन्दा सभ्य र पवित्र धर्म हो ! यस्तो पुरातन चिन्तन र लेखनका आधारमा हामीले मानव जाति र पृथ्वीको प्राकृतिक जीवनको भविष्य सुनिश्चित गर्न सक्छौं ?

ट्वीटर : @rmaharjan72

लकडाउनमा खुलेका पुरुष

गौरी तमू

विश्वव्यापी महामारीका रूपमा फैलिरहेको कोभिड-१९ को कारण यति बेला देश लकडाउनमा छ। लकडाउनले हामी फुर्सदिला भयौं। पुस्तक पढ्ने, चलचित्र हेर्ने, परिवारसँगै मीठामीठा परिकारहरू बनाएर खाने र बालबालिकाका लागि भरपूर समय दिने वातावरण लकडाउनले सिर्जित गऱ्यो। यन्त्रजस्तै भइसकेको हामी मानिसलाई मानिसजस्तै बनाइदियो। लगडाउन सुरु भइसकेपछि सामाजिक सञ्जालभरि बिस्तारै पुराना तस्बिरहरू देखिन थाले। गाउँघरका पनि तस्बिरहरू आउन थाले। यी तस्बिरहरू साँच्चिकै मनमोहक थिए।

जति यी तस्बिरहरू मनमोहक थिए त्यसको तुलनामा कैयौं गुणा बढी कुरूप महिलामाथि व्यङ्ग्य गरेर लेखिएका फेस्बुक स्टाटस र फोटाहरू थिए। नेपालीमा मात्रै होइन हिन्दीमा समेत लकडाउनका बेला महिलालाहरू शान्त होऊन् ता कि पुरुषहरू शान्तसँग घरमा बस्न सकून्, महिलाका कचकच सुनेर पुरुषहरूको कानको लोती नबढून्, ब्युटिपार्लर बन्द भए महिलाहरू जंगली देखिन्छन् जस्ता पोस्टहरू समाजिक सञ्जालमा हुन्थे। अझै योभन्दा भद्दा मजाक, अबको ९ महिनापछि नेपालको जनसंख्या वृद्धि हुन सक्ने संकेतसहित गर्भवती महिलाको नाङ्गो तस्बिरसहितको व्यङ्ग्य थियो। र, थियो– उक्त पोस्टमा कमेन्ट गर्दै लकडाउन उत्सव मनाइरहेको पुरुष मानसिकता। योभन्दा तुच्छ र दरिद्र मानसिकता अरू केही छैन भन्ने मलाई लाग्छ। व्यङ्ग्यचेत र क्षमता हुनेहरूले दुःखी, गरिब, कमजोर र महिलामाथि व्यङ्ग्य गर्दैनन्। संसारमा व्यङ्ग्यका लागि यीबाहेक अरू हजारौं विषयवस्तु छन्।

एउटी महिला गर्भवती हुनु, आमा बन्नु सृष्टिकै सुन्दर सृजना हो। यो सृष्टिमा योभन्दा बढी सुन्दरता अरू के हुन सक्छ ? ब्युटिपार्लर नगएका सबै महिला कुरूप छैनन् र जंगली हुँदैनन्। यस्तो हुन्थ्यो भने जिन्दगीभर ब्युटिपार्लर नगएका गाउँघरका हाम्रा आमा, हजुरआमाहरू आफ्ना सन्तानका लागि विश्व सुन्दरीभन्दा कैयौं गुणा बढी सुन्दर किन छन् ? बरु जंगली त यस्ता पाखण्डी सोचले ग्रस्त हाम्रो मानसिकता हो।

कोरोनाले विश्व आक्रान्त छ, संक्रमण बढिरहेको छ, मान्छेहरू मरिरहेका छन् अत्यावश्यक सामग्रीहरूको अभाव भइरहेको छ। सहर र सडकहरू सुनसान छन्। सरकारसँगै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र पत्रकारहरू आफ्नो ज्यानको बाजी थापेर स्वास्थ्य, सुरक्षा र सूचनाका क्षेत्रमा अहोरात्र खटिरहेका छन्। हाम्रै भलाइका लागि घरभित्रै बस्न अनुरोध पनि गरिरहेका छन्। तर लकडाउनको पहिलो दिनदेखि नै सामाजिक सञ्जाल र सञ्चार माध्यमहरूमा नेपालीको प्रवृत्ति छताछुल्ल भयो। हामी प्रहरीको आँखा छलेर सवारीसाधन हुइँक्याउँदै र उल्टै प्रहरीसँग झगडा गरिरहेका थियौं। त्यसपछि प्रहरीले बाध्य भएर चाबी खोसेको र लाठी बर्साएको दृश्य हामी नेपाली हौं भन्नका लागि बडो लाजमर्दो र दुःखलाग्दो थियो।

सामाजिक सञ्जालमा लेख्नुपर्ने, बहस र छलफल गरिनुपर्ने बग्रेल्ती विषयवस्तु छन्। तर यो संवेदनशील अवस्थामा हामी भने जाँगर लगाएरै, समय खर्चेरै महिलामाथि भद्दा मजाक गरिरहेकै छौं। हामीले कहिल्यै सोचेनौं कि, महिला पनि मान्छे हो, कसैको रमाइलोका लागि व्यङ्ग्य गरिने वस्तु होइन। उसमा पनि मानवीय चेत र संवेग छ।

महिलामाथि हुने गरेका यस्ता व्यङ्ग्य हुन् वा उखानटुक्काहरूको प्रयोग लकडाउनले सिर्जित समस्या भने होइन। बरु हामीले बाँचेको समाज, संस्कार र पितृसत्तात्मक सोचका उपज हुन्, जसबाट महिला हजारौं वर्षदेखि पीडित छन्। देशमा जतिसुकै राजनीतिक परिवर्तनहरू आए पनि महिलाका लागि जति हुनुपर्ने हो त्यति भएकै छैन। महिला पीँधमै छन् र समस्या उस्तै छ।

अहिलेकै सन्दर्भमा हेरौं, नेपालमा औंलामा गन्न सकिनेबाहेक सबै नर्स महिला नै छन्। कोरोना हेल्थ डेस्कदेखि प्रदेश र संघीय हस्पिटलहरूको अग्रपंक्तिमा रहेर जोखिमपूर्ण अवस्थामा महिला नर्सले काम गरिरहेका छन्। शिशुलाई स्तनपान गराउँदै गरेका वा गर्भवती महिला नर्सका समस्या केवल महिलाकै समस्याका रूपमा हेरिन्छन्। महिलालाई व्यङ्ग्य गरेर नथाक्ने ओठहरू वा हातहरूले यस्ता समस्याहरूलाई गहिरिएर कहिले बुझ्ने ? कहिले साथ दिने ?

सामाजिक सञ्जालमा अधिकांश पुरुष लेखक र पाठक दिनमा यतिवटा चलचित्र हेरियो र यतिवटा पुस्तकहरू यो लकडाउन अवधिभर पढेर सकिन्छ भनेर लेखछन्। पोस्ट हेर्दा यस्तो लाग्छ, यो उनीहरूका लागि आराम र अध्ययन गर्ने उपयुक्त समय हो।

यही समयमा महिला लेखक र पाठकका पोस्टहरू महिनौंपछि करेसाबारी गोडमेल गरियो, घरका कुनाकाप्चा, चोटा, चौका सफा गरियो, बालबच्चा र श्रीमान्को रुचिअनुसारको परिकारहरू बनाइयो भन्ने खालका हुन्छन्।

यी कुराहरूले हाम्रो समाजमा अझै पनि महिलाको स्थिति र पुरुषको अवस्था कस्तो छ र महिलाहरू कहाँ अल्मलिरहेका छन् भन्ने प्रस्ट देखाउँछ। अशिक्षा र चेतनाको अभावमा यस्तो भएको हो भन्ने ठाउँ छैन। बरु हामीलाई हाम्रो सामाजिक संरचना, संस्कार, संस्कृति र सिंगो पितृसत्तात्मक सोचले कतिसम्म गाजेको छ भन्ने यस्तो प्रवृत्तिले देखाउँछ।

अहिलेका सहरिया महिलाहरू प्रायः जागिर वा कुनै व्यवसायमा संलग्न छन्। उनीहरूले जागिरसँगसँगै घर अनि बालबच्चा सम्हाल्दै भान्सासम्म भ्याउनुपर्ने चुनौती छँदै छ। गाउँघरका महिलाहरू त झन् बिनापारिश्रमिक १८ घण्टा काम गर्ने घरेलु मजदुर नै भए। न उनीहरूको कामको मूल्य छ न अस्तित्वको नै। अझै पनि पुरुष अहम्ले महिलाको पनि शरीर हो, मन हो थकाइ लाग्छ र अनेक चाहना हुन्छन् भन्ने सोच्दैन। यस्तो लकडाउनको समयमा आराम गर्ने, अध्ययन गर्ने या श्रीमान्का हातबाट बनेका मिठामिठा परिकारहरू खान कहिले पाउने ? यो युगमा पनि विवाह नामको संस्थाबाट पुरुषले महिलालाई आरामसँग शोषण गरिरहेकै छन् र महिलाहरू मिसिनजस्तै चुपचाप 'फ्री' मा काम गर्ने घरेलु मजदुर भइरहेकै छन्। तर कहिलेसम्म ?

कोभिड-१९ : ट्रेसिङ, टेस्टिङ, ट्रिटमेन्ट

स्वतन्त्र गौतम

भौमिक शाह

गत साता विश्व स्वास्थ्य संगठनका कार्यकारी निर्देशक टेड्रोस आडानोम घेब्रियससले कोरोना भाइरस (कोभिड-१९) माथि नियन्त्रण पाउन 'परीक्षण, परीक्षण र परीक्षण' को निती अवलम्बन गर्न सबै देशलाई आग्रह गरेका थिए। अघिल्लै साता अर्को समाचार आयो– भुटानमा शंका लागेर परीक्षण गरिएका एक बिरामीमा नतिजा नेगेटिभ आयो। अझ शंका लागेर दोस्रोपटक परीक्षण भयो– नतिजा नेगेटिभ नै आयो। फेरि पनि परीक्षण भयो, तैपनि नेगेटिभ आयो। तर, शरीरमा देखिएका ज्वरोसहितका लक्षण नरोकिएपछि चौथोपटक परीक्षण गर्दा मात्रै बल्ल पोजेटिभ भेटियो। यसरी विश्व स्वास्थ्य संगठनका तर्फबाट भनिएको 'लगातार परीक्षण' को अवधारणा भुटानका मामिलामा सिद्ध भयो।

र, भुटानले समेत सतर्कता र सचेतनाका कार्यक्रमहरू एकैसाथ अघि बढायो।

आज अन्तर्राष्ट्रिय समाचारहरूमा सन्त्रासकै कारण अमेरिकी राष्ट्रपति ट्रम्प, रुसी राष्ट्रपति पुटिन, जर्मन चान्सलर एन्जेला मार्केलसहितले दोहोऱ्याउँदै कोभिड-१९ को परीक्षण गराइरहेको जानकारी आइरहेकै छ। यो तहको मनोवैज्ञानिक सन्त्रास फैलिएको स्थितिलाई सामान्य रूपमा लिनै मिल्दैन। फेरि कोरोना परीक्षणको नतिजामा नेगेटिभ वा पोजेटिभ देखिएको विषयमा अर्थ-अनर्थका सन्दर्भ जोडेर सामाजिक सञ्जालहरूमा छाएको बहस पनि सतही देखिएको छ।

पछिल्लो एक साताको अन्तरमा बुटवल र चितवनका कोरोना उपचारकेन्द्रित अस्थायी अस्पताल तथा काठमाडौंका वीर र पाटन अस्पतालमा आइसोलेसनमा बसेका कोभिड-१९ लक्षणसँग मिल्दाजुल्दा पाँच बिरामीको निधन भयो। तर, उनीरुको कोरोना परीक्षणको नतिजा भने नेगेटिभ निस्कियो। यसरी, कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण भएकै अवस्थामा पनि नतिजा भने किन नेगेटिभ निस्किएको हो भनेर कौतूहल र परीक्षणमा आशंकासमेत रहेको पाइयो। यसरी नतिजा नेगेटिभ देखिनुमा कतिपयले परीक्षणगत त्रुटि भनेका छन् भने कतिपयले सही नतिजा देखाइएमा माहोल तनावग्रस्त हुने भन्ठानेर पनि त्यस्तो गरिएका तर्कहरू अघि सारेका छन्। यथार्थ के हो भने परीक्षणमा नेगेटिभ नतिजा हुनासाथै कोरोना संक्रमण होइन भन्न सकिन्न। बिरामीको उपचार प्रक्रियामा नेगेटिभ नतिजा मात्रै 'निर्णायक एकल आधार' हुन नसक्ने तथ्यलाई ख्याल गर्नु जरुरी छ।

कुनै पनि मेडिकल टेस्टमा दुई महत्त्वपूर्ण पाटा हुन्छन्– संवेदनशीलता (सेन्सिटिभिटी) र विशिष्टता (स्पेसिफिसिटी)। परीक्षणहरू प्रयोगशाला तहमा 'संवेदनशील' साबित हुन्छन्, जबकि व्यक्तिगत तहमा हुने परीक्षणले भाइरसको सानो सम्भाव्यता मात्रै पहिल्याउन सक्छ। पहिल्यायो भने यसबाट विशेषतः कोभिड-१९ मात्रै पत्ता लाग्छ, सार्स-कोभ-स्ट्रेन आदि होइन।



सामान्यतया कोभिड-१९ परीक्षणमा तत्काल संक्रमण नदेखिए पनि यसमा शतप्रतिशत ढुक्क भएर बस्न सकिन्न। नेगेटिभ देखा पर्नेका हकमा पनि उत्तिकै परामर्श र निगरानी जरुरी रहन्छ। पुनः परीक्षण र बारम्बार परीक्षणबारे सचेतना बढाउन सक्नुपर्छ। भुटानकै केस यो मामिलामा राम्रो उदाहरण हुन सक्छ। पोजेटिभ नतिजा आउनेका हकमा 'आइसोलेसन' को अवधि र निगरानीमा अझ सचेत हुनुपर्छ। अझ शंका लागेका बिरामीमा त झनै सकेसम्म फोक्सोको भित्री भागबाट 'स्याम्पल' लिएर जाँच गर्नु जरुरी हुन्छ, जसलाई मेडिकल भाषामा 'ब्रोन्को एल्भियोलर ल्याभेज' भनिन्छ। यो चरणको परीक्षणमा पनि पोजेटिभ नभेटिए अझ ढुक्क हुनका लागि फोक्सोको सिटी-स्क्यानसमेत जरुरी हुन्छ। ख्याल गर्नुपर्ने तथ्य के हो भने, विश्वमा कहलिएको 'नेचर' जर्नलका अनुसार, कोरोना नियन्त्रण गर्न कम्तीमा ६ साताको क्वारेन्टाइन जरुरी हुन्छ।

पहिलो चरणको परीक्षणमा नेगेटिभ देखिएका कतिपय केसमा दोस्रो चरणको परीक्षणमा पोजेटिभ' भएको पनि पाइएको छ। संक्रमितको पहिलो चरणको परीक्षणमा भाइरस अन्त्यन्त सूक्ष्म आकारमा रहेकाले र 'स्वाब' (खकार/थुक) संकलनको पद्धतिमा रहेको कमजोरीले पनि रोग पहिचान मुस्किल भएको हुन सक्छ। जस्तो– स्वाब पनि नाकको भित्री भाग, बाहिरी नाक, घाँटी आदिमा विभिन्न फरक-फरक स्तरको विषाणु सक्रिय हुन सक्छ। यसमा स्वाब संकलनदेखि परीक्षणु विधिसम्ममा भिन्नता पनि हुन सक्छ। उदाहरणका लागि, जर्नल अफ अमेरिकी मेडिकल एसोसिएसनअनुसार, बिरामीको घाँटी र नाकको भित्रबाट लगिने स्वाब नमुनाको 'संवेदनशीलता' क्रमशः ३२ र ६३ प्रतिशत मात्रै छ। यस आधारमा, १ सय जना आशंकित व्यक्तिमध्ये घाँटीको स्वाब परीक्षण गरिएका ३२ जनामा मात्रै पोजेटिभ नतिजा आउँछ भने, नाकको स्वाबमा ६३ जना। अहिले नेपालमा अपनाइएको तरिका यही हो। बाहिरी विश्वका हकमा एकपटक नेगेटिभ परीक्षण आएको नतिजामा पुनः परीक्षण हुन्छ भने हामीकहाँ हुँदैन।

> परीक्षणमा नेगेटिभ नतिजा आउँदैमा कोरोना संक्रमण होइन भन्न सकिन्न। बिरामीको उपचार प्रक्रियामा नेगेटिभ नतिजा मात्रै 'निर्णायक एकल आधार' हुन सक्दैन।

नेपालमा अहिलेसम्म १२ सय जनामा परीक्षण गरिएकामा ९ जनामा मात्रै पोजेटिभ देखिएको छ। अमेरिकामा सुरुआती अवस्थामा १ लाख व्यक्तिमा परीक्षण गर्दा १ हजार जनामा संक्रमण देखिएको छ। त्यसकारण अधिकतम परीक्षण भनेको 'नम्बर' र 'क्वालिटी' दुवै हो। अर्थात्, अधिकतम संख्यामा परीक्षण गर्ने र गुणस्तरीय किटको भरमा मात्रै परीक्षण गर्ने।

अहिलेसम्म काठमाडौंको टेकु जनस्वास्थ्य प्रयोगशाला, धरान र पोखरामा मात्रै कोभिड-१९ परीक्षण सुरु भएको छ। कम स्रोतसाधन, समय र जनशक्तिका भरमा पनि यति काम सुरु हुनुलाई उत्साहजनक नै मान्नुपर्छ। यति मात्रै पर्याप्त भने छैन। कोरोना संक्रमणले विश्व स्वास्थ्य संगठनकै भनाइमा, महामारीको रूप लिइसकेको अवस्थामा नेपालमा संक्रमण नियन्त्रण, परीक्षण र अनुगमनमा निकै कछुवा गतिले काम अघि बढिरहेको यथार्थलाई स्विकानैपर्छ। 'लकडाउन' को पहिलो चरण सफल भैसक्यो, हामीले अहिले नै संक्रमणलाई रोक्नमा सफलता हासिल गऱ्यौं भनेर नाराबाजी गर्ने बेला यो होइन।

अबको चरणमा भने हामीलाई अनिवार्य रूपमा 'थ्री टी' अर्थात् 'ट्रेसिङ, टेस्टिङ एन्ड ट्रिटमेन्ट' को दिशामा अघि बढाउनैपर्छ। शनिबार मात्रै धनगढीमा कुनै लक्षण नदेखिँदासमेत एक जनामा कोरोना पोजेटिभ नतिजा आएको छ। 'लोकल ट्रान्समिसन' को यो स्थिति साँच्चिकै जोखिमपूर्ण छ। भारत, मुम्बईको धराबी सुकुम्बासी बस्तीमा, जहाँ १० लाखभन्दा बढी घरविहीन व्यक्ति बस्छन्, समेत कोरोना संक्रमित भेटिएका छन्। अब यो सलहमा लाग्न सक्ने आगलागीको अवस्थालाई कसरी आकलन गर्ने ? कसरी यो आगो रोक्ने ? यही अवस्था नेपाली गाउँठाउँ र भीडभाडयुक्त सहर-बस्तीमा देखा परेमा के गर्ने ? यो हाम्रो नियन्त्रणबाहिरको महामारी बन्ने निश्चित छ। यसकारण मुलुकका सबै प्राथमिकता अब यही स्वास्थ्य सरोकारमा केन्द्रित गर्दै तत्काल गर्नैपर्ने र हिँड्नैपर्ने बाटो हो– 'ट्रेसिङ, टेस्टिङ, ट्रिटमेन्ट' !

गौतम हाल मेडिकल अभ्यासमा संलग्न छन् भने शाह अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्नियाका प्याथोलोजिस्ट हुन्।

‘कोरोनाविरुद्ध बेलायत सफल हुन्छ’

नवीन पोखरेल (लन्डन)

बेलायती महारानी एलिजाबेथ द्वितीयले कोरोना भाइरस महामारीविरुद्धको लडाइँमा आफ्नो देश सफल हुने विश्वास व्यक्त गरेकी छिन् ।

ब्रिटेन तथा राष्ट्रमण्डलको नाममा आइतबार साँझ टेलिभिजनमार्फत एक विशेष सन्देश दिँदै ९३ वर्षीया महारानीले एकताबद्ध र दृढ निश्चयी भएमा संकटमाथि अवश्य जित हासिल हुने बताइन् ।

‘हामीले अझै बढी पीडा खेप्नुपर्ने हुन सक्छ, तर राम्रो दिन फर्कने छन् । हामी फेरि हाम्रा परिवार तथा साथीहरू सँगसँगै हुनेछौं । हामी फेरि भेट्ने छौं’, उनले सन्देशमा भनेकी छन्, ‘यदि हामी एकताबद्ध र दृढ निश्चयी भएमा हामीले यो संकटमाथि अवश्य पनि जित हासिल गर्नेछौं ।’

उनले घरमै बसेर तथा एक अर्कालाई सहयोग गरेकोमा आफ्ना जनतालाई धन्यवाद दिइन् । उनले सबै देशवासीलाई सरकारको निर्देशन पालना गर्न र घरमै बस्न आग्रह पनि गरिन् । सन्देशमा महारानीले नेसनल हेल्थ सर्भिस् (एनएचएस) लगायत देश बन्द रहेका बेला पनि आवश्यक सेवा सञ्चालन गर्न खटिरहेका प्रमुख कामदारहरूलाई धन्यवादसमेत दिएकी छन् ।

ब्रिटेनमा कोरोना संक्रमणबाट ज्यान गुमाउनेहरूको संख्या बढ्दै गएपछि महारानीले देशवासीका नाममा सन्देश दिएकी हुन् । ब्रिटिस महारानीले सन्देशमार्फत देशवासीको मनोबल उठाउन खोजेकी ठानिएको छ ।

६८ वर्ष लामो शासनकालमा देशवासीका नाममा महारानीले दिएको यो पाँचौं विशेष सन्देश हो । ब्रिटिस महारानीसँग कुनै राजनीतिक शक्ति नभए पनि धेरैले राजसंस्थालाई राष्ट्रिय एकताको प्रतीकका रूपमा पनि हेरिन्छ ।

प्रधानमन्त्री अस्पताल भर्ना

बेलायती प्रधानमन्त्री बोरिस जोन्सन अस्पताल भर्ना भएका छन् । जोन्सनलाई आइतबार अस्पताल भर्ना गरिएको उनको कार्यालयले जनाएको छ ।

‘यो इमर्जेन्सी भर्ना होइन, १० दिनसम्म स्वएकान्तवासमा बसेपछि थप परीक्षणका लागि उनी अस्पताल भर्ना गरिएका हुन्,’ प्रधानमन्त्री कार्यालय डाउनिङ स्ट्रिटद्वारा जारी एक वक्तव्यमा भनिएको छ । जोन्सनलाई आवश्यकता अनुसार अक्सिजन दिइएको सेन्ट थोमस अस्पताल स्रोतलाई उद्धृत गर्दै बेलायती सञ्चारमाध्यमले जनाएका छन् । गत २७ मार्चमा प्रधानमन्त्री जोनसनले आफू कोरोनाबाट संक्रमित भएको जनाएका थिए । ज्वरो नघटेपछि उनलाई अस्पताल भर्ना गर्नुपरेको जनाइएको छ । कोरोना भाइरसबाट संक्रमित ब्रिटिस स्वास्थ्यमन्त्री म्याट ह्यानकक तथा उपस्वाथ्यमन्त्री नदिन डोरिस भने केही दिनको सेल्फ आइसोलेसनपछि काममा फर्किसकेका छन् ।

इटाली र स्पेनमा संक्रमित घट्दै

कोरोनाले सबैभन्दा बढी प्रभावित इटाली र स्पेनमा मृतक तथा संक्रमित घटेपछि अमेरिकी राष्ट्रपति ट्रम्प आशावादी

स्पेनको राजधानी मड्रिडस्थित स्थानीयले आफूहरूको सम्मानमा स्थानीयले ताली बजाएपछि आइतबार प्रतिक्रिया जनाउँदै ला प्रिन्सेसा अस्पतालका स्वास्थ्यकर्मी । *तस्बिर : रोयटर्स*

रोम/मड्रिड (एजेन्सी)- कोरोना भाइरस (कोभिड-१९) बाट सबैभन्दा बढी प्रभावित दुई युरोपेली देश इटाली र स्पेनमा संक्रमितको संख्या क्रमशः घट्न थालेको छ ।

विगत केही दिनयता कोभिड-१९ संक्रमितको संख्यामा कमी आएपछि त्यहाँ लकडाउनले काम गरेको ठानिएको छ । स्पेनमा लगातार चौथो दिन मृतकको संख्यामा कमी आएको बीबीसीले जनाएको छ ।

कोभिड-१९ का कारण स्पेनमा सोमबार ६३७ जनाले ज्यान गुमाए । योसँगै मृतकहरूको संख्या १३ हजार नाघिसकेको छ । गत बिहीबार ९ सय ५० जनाको मृत्यु भएको थियो । स्पेनमा संक्रमितको संख्या १ लाख ३५ हजारभन्दा बढी पुगेको छ । जुन अमेरिकापछिकै बढी हो ।

तीन सातादेखिको लकडाउन अप्रिल अन्त्यसम्मका लागि बढाइएको छ । स्पेनी अधिकारीले कोभिड-१९ को लक्षण नदेखिएकालाई पनि परीक्षण गर्नको विकल्प नरहेको जनाएका छन् । विदेशमन्त्री अरान्चा गोन्जालेजले विस्तारै लकडाउन अन्त्य गर्न भाइरसको संक्रमण भएर पनि लक्षण नदेखिएकालाई पहिचान गर्नु आवश्यक भएको बताए । स्पनेकी स्वास्थ्य आपत् कालीन समितिकी उपप्रमुख मारिया जोसे सियराले सोमबारको मृत्यु र संक्रमणको संख्याले महामारी केही सुस्त भएको देखिएको जनाइन् । बढी प्रभावितमध्येको क्याटालोनिया क्षेत्रका सुरक्षा जाँच केन्द्रहरू सोमबार हटाइएको छ । प्रधानमन्त्री पेद्रो साञ्चेजले अर्को सातादेखि आवागमन केही खुकुलो पार्न सकिने भए पनि लकडाउन अप्रिल २५ सम्म जारी रहने बताए ।

त्यसैगरी इटालीमा पनि पछिल्ला केही दिनयता मृतक तथा संक्रमितको संख्यामा कमी आएको छ । शनिबार इटालीमा ६ सय ८१ जनाले ज्यान गुमाएका थिए । जुन मार्च २३ यताकै सबैभन्दा कम हो ।

आइतबार ५ सय २५ जनाको ज्यान गएको जनाइएको छ । यो दुई सातायताकै सबैभन्दा कम हो । इटालीमा कोभिड-१९ का कारण हालसम्म १५ हजार ५ सयभन्दा बढीले ज्यान गुमाइसकेका छन् । संक्रमितको संख्या १ लाख २५ हजार नाघिसकेको छ । यसअघि अप्रिल ३ सम्मका लागि घोषित लकडाउन इस्टर (अप्रिल १२) सम्मका लागि थप गरिसकिएको छ ।

अमेरिका आशावादी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो देशमा भाइरसको संक्रमण छिट्टै हट्ने जनाएका छन् । नियमित पत्रकार सम्मेलनमा बोल्दै उनले भनेका छन्, ‘सुरुको पल्लो कुनामा हामी प्रकाश देख्छौं ।’ यद्यपि, अमेरिकामा पछिल्लो २४ घण्टामा भाइरसका कारण १ हजार २ सय जनाले ज्यान गुमाइसकेका छन् ।

भाइरसका कारण सबैभन्दा बढी प्रभावित अमेरिकी राज्य न्युयोर्कमा आइतबार संक्रमितको संख्यामा उल्लेखनीय कमी आएको थियो । राष्ट्रपति ट्रम्पले यसलाई ‘राम्रो संकेत’ का रूपमा व्याख्या गरेका अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । तर उनले भाइरसको उच्च बिन्दुमा पुग्ने चरणमा रहेको भन्दै नागरिकलाई सचेत गराएका छन् । थप स्वास्थ्यकर्मी तथा मास्क र भेन्टिलेटरसहितका सामग्री आवश्यक परेका संघीय सरकारले जुनसुकै राज्यलाई उपलब्ध गराउने उनले जनाए ।

ट्रम्पका सल्लाहकार तथा कोरोना भाइरस कार्यदलका सदस्य डा. डेबोरोह ब्रिक्सले इटाली र स्पेनमा संक्रमित तथा मृतकहरूको संख्या घटिरहेको जनाउँदै त्यसले अमेरिकीहरू आशावादी भएका बताए । ‘कोरोना भाइरसको महामारी फैलिएका राज्यमा यही वा आगामी साता संक्रमित तथा मृतकको संख्या घट्नेमा हामी आशावादी छौं,’ उनले भने । धतर कतिपय विज्ञ तथा राष्ट्रपतिका प्रमुख सल्लाहकार डा. एन्थोनी फौसीले भने ट्रम्प र ब्रिक्सको भनाइमा असहमति जनाएका छन् । ‘आगामी केही साता अमेरिका र अमेरिकी जनताका लागि निकै गाह्रो र दुःखदायी समय हुनेछ,’ फौसीले भने । सर्जन जनरल जेरोमी एडम्सले आगामी समयले अमेरिकीलाई पर्ल हार्बरको पीडा बिर्साइदिने बताउँछन् । अमेरिकाको पर्ल हार्बरमा सन् १९४१ मा जापानले गरेको आक्रमणमा २ हजार ३ सय ३५ अमेरिकी सेना र ६८ सर्वसाधारणको ज्यान गएको थियो ।

स्पेनलाई स्वास्थ्य सामग्री सहयोग

नान्जिङ- चीनको जियाङ्सु प्रान्तको कुन्सान सहरले कोरोना भाइरसको महामारीविरुद्ध संघर्षरत स्पेनका लागि स्वास्थ्य सामग्री प्रदान गरेको छ ।

नगर सरकारका अनुसार ५० हजार थान डिस्पोजेबल मास्क, ५ हजार थान ग्लोब्स र ५ हजार थान व्यक्तिगत सुरक्षा कवच पीपीई सहयोग गरिएको हो । सांघाईस्थित अग्रणी स्पेनी व्यावसायिक समूह मोन्द्रागोन कर्पोरेसनलाई उक्त सामग्री हस्तान्तरण गरिएको हो । मोन्द्रागोन कर्पोरेसनको कुन्सानस्थित ओर्किल इलेक्ट्रोनिक्स कम्पनीले दुवै देशबीचको प्रगाढ सम्बन्धलाई विचार गरी यी सामग्रीको अभाव रहे पनि स्पेनलाई प्रदान गरिएको जनाएको छ ।

७० हजारभन्दा बढीले ज्यान गुमाए

कोरोना भाइरसका कारण सोमबार सांझसम्म विश्वभर ७० हजार ५ सयभन्दा बढीले ज्यान गुमाएका छन् । १२ लाख ८८ हजारभन्दा बढीमा यसको संक्रमण पुष्टि भइसकेको छ ।

देश	मृत्यु	संक्रमित
इटाली	१५ हजार ८८७	१ लाख २८ हजार
स्पेन	१३ हजार ५५	१ लाख ३५ हजार
अमेरिका	९ हजार ६२४	३ लाख ३६ हजार
फ्रान्स	८ हजार ७८	९२ हजार ८३९
बेलायत	४ हजार ९३४	४७ हजार ८०८
इरान	३ हजार ७३९	६० हजार ५००
चीन	३ हजार ३३१	८१ हजार ७०८
नेदरल्यान्ड्स	१ हजार ८६७	१८ हजार ८०३
जर्मनी	१ हजार ५५१	१ लाख २ हजार
बेल्जियम	१ हजार ६३२	२० हजार ८१४
स्विट्जरल्यान्ड	७ सय ३४	२१ हजार ६५२
टर्की	५ सय ७४	२७ हजार ०६९
ब्राजिल	४ सय ८९	११ हजार २९८
स्विडेन	४ सय ७७	७ हजार २०६
पोर्चुगल	३ सय ११	१५ हजार ५१२
क्यानडा	२ सय ८०	१५ हजार ५१२
अस्ट्रिया	२ सय २०	१२ हजार २०६
इन्डोनेसिया	१ सय ९८	२ हजार २७३
दक्षिण कोरिया	१ सय ८६	१० हजार २८४
डेनमार्क	१ सय ८७	४ हजार ६४७
इक्वेडर	१ सय ८०	३ हजार ६५४
फिलिपिन्स	१ सय ६३	३ हजार ६६०
रोमानिया	१ सय ६२	४ हजार ०५७
आयरल्यान्ड	१ सय ५८	४ हजार ९९४
अल्जेरिया	१ सय ५२	१ हजार ३२०
भारत	१ सय १८	४ हजार ३१४
पोल्यान्ड	९८	४ हजार २०१
मेक्सिको	९४	२ हजार १४३
जापान	८५	३ हजार ६५४
डोमिनिकन रिपब्लिक	८२	१ हजार ७४५
पेरु	८३	२ हजार २२०
ग्रीस	७६	१ हजार ७३५
नर्वे	७३	५ हजार ७६०
मलेसिया	६२	३ हजार ७९३
इराक	६१	९ सय ६१
इजरायल	५५	८ हजार ६११
रूस	४७	६ हजार ३४३
पाकिस्तान	५०	३ हजार २७७
अस्ट्रेलिया	४१	५ हजार ७९५
साउदी अरब	३८	२ हजार ५२३
लक्जमबर्ग	३६	२ हजार ८०४
चिली	३४	४ हजार ४७१
यूएई	११	२ हजार ७६
हङकङ	४	८ सय ९०
कतार	४	१ हजार ६०४

बर्गिकृत विज्ञापन

घरजग्गा

-उपत्यकाभित्र तुरुन्त तुरुन्तै घरजग्गा खरिदबिक्री 01-4440278

-ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरु खरिबिक्रीकालागि ९८४९१८८७८२

-लुभु महालक्ष्मी क्याम्पसबाट ५००मि. उत्तरतर्फ सिरूटार नजिक 0-3-0-0 घडेरी बिक्रीमा ९८४११९०६९४, ९८४३३०४०५४

-कपनआकाशेधारा, चोकैमा ०-६-०-० कपन बालुवाखानीमा, ०-५-१-०, ९८४१३४५००५

-चपलिभंगालमा आकर्षक घडेरीहरु बिक्रीमा 9841663663

-सुकेधारा सृजनाबस्तिमा ३-आनामा २.५-तले घर बिक्रीमा 9851136162, 9869134152

-बुढानिलकण्ठ गणेशस्कुलमा ५ आना, **9851239382**

बुढानिलकण्ठ चपली वरीपरी बिक्रीमा **9851074256**

सम्पर्क

-धितोफुकुवा क्यास डिपोजिट धितोराखी ऋण **9851014408**

-सस्तोमा Bank Deposit 9842622084, 9806031546

निर्माण सफाई

-प्रोफेशनल पानीटैंकी सफाई ९८५११५२२९९, ९८४१३६७८५१

-सेफ्टीट्याङकी सफाई ठुलोगाडीमा मेसिनबाट, ०१-५२५१०९२, ९८५१०२४३६४

-ढलट्वाइलेट मंगाल जामखोल्ने इनार सफाइ प्लम्बींग ९८४३१९२३४४

-सेफ्टीटैंकी सफाइ गाडीमा १५००। ९८४३७६८७३७

-सेफ्टीटैंकी सफाई सस्तोमा ९८४१३४३४८७, ४४८४५६८

-सेफटीटैंकी सफाइ गाडीबाट ९८५१११८२७९, ९८५१०८७०५८

-ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

-भ्याकुमबाट सेफ्टिटैंकी सफाई 015712671, 014114455, 9851152299, 9851052299

-सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 015182401

-सेफ्टीटैंकी ढलमंगाल जामखोल्ने सस्तोमा ९८४९४४२७२८

चाहियो

-साधरण सेकुरिटी तुअर्जेन्ट २००००। ९८१३२१००३२

-साधरण सेकुरिटी तुअर्जेन्ट २००००। ९८०१२८४२४१

-कालिमाटीचोकमा साधारण लेखपढभएका महिलापुरुष गृहिणी कर्मचारीअर्जेन्ट कामघरैमा रु.२८,०००/- ९८१३५८६५२२, ९८४५२७९७६३

-कम्पनीलाई महिला, पुरुष कर्मचारी **9848445074**

मर्मत

-ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

-ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841072969

-सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने सस्तोमा, 9849442728

उपचार

-यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

‘प्रधानमन्त्रीको नियत विदेशी विद्यार्थी लखेट्ने होइन’

अस्ट्रेलियामा अध्ययनरत ५ लाख ६५ हजार अन्तर्राष्ट्रिय विद्यार्थीले अर्थतन्त्रमा ३० अर्ब डलरभन्दा बढीको योगदान पुऱ्याउँछन्

नारायण खड्का (अस्ट्रेलिया)

अस्ट्रेलियाली प्रधानमन्त्री स्कट मरिसनले ४ दिनअघि नियमित पत्रकार सम्मेलनमा बोल्दै अस्थायी भिसा वाहकलाई अस्ट्रेलियामा रहिरहन अप्ठ्यारो अवस्था भए आफ्नो देश फर्कन सुझाव दिएका थिए । अन्तर्राष्ट्रिय विद्यार्थीको बारेमा सोधिएको प्रश्नको जवाफ दिने क्रममा व्यक्त भनाइलाई विभिन्न व्यक्ति तथा सञ्चारमाध्यमले आ-आफ्नै तरिकाले व्याख्या गरे ।

मरिसनले अस्ट्रेलियामा अध्ययनरत लाखौं विद्यार्थीलाई लक्षित गरी जवाफ नदिएका भए पनि त्यसले मुख्यतः नेपाली विद्यार्थीलाई असर परेको जसरी प्रचारप्रसार भयो । वास्तवमा प्रधानमन्त्रीको भनाइको सार अहिलेको अवस्थामा हामी आफ्ना नागरिकमा धेरै केन्द्रित छौं र यदि कुनै विद्यार्थी वा अस्थायी भिसामा रहेकाले आफूलाई सपोर्ट गर्न सक्ने अवस्था नभए देश फर्कन सक्ने उपायसहितको सुझाव थियो ।

विद्यार्थी तथा अध्यागमनको क्षेत्रमा काम गरिरहेकाहरूको भनाइ मान्ने हो भने पनि प्रधानमन्त्री मरिसनको भनाइ स्पष्ट छ । उनले भनेका छन्, ‘हामीले अहिलेको अवस्थामा विद्यार्थीलाई उल्लेख्य सहयोग गर्न असमर्थ रहेकाले आफ्नै देश फर्किए स्वदेशकै नियमअनुसार सुविधा पाउने भएकाले विद्यार्थीलाई सहज हुन सक्छ ।’ संकटको अवस्थामा प्रधानमन्त्रीले यस्तो धारणा राख्नु गलत नभएको उनीहरूको भनाइ छ ।

प्रधानमन्त्रीको विचार आएको भोलिपल्टै निमित्त अध्यागमन मन्त्री एलन टजले विज्ञप्तिमार्फत यसै कुरालाई प्रस्ट मात्र पारेनन् कि यदि आउने ६ महिनासम्म आफूलाई सपोर्ट गर्न सक्ने अवस्था नभए अस्थायी भिसामा रहेका नागरिकले आफ्नो देश फर्किने प्रबन्ध चाँडै मिलाउन समेत सुझाए । अस्ट्रेलिया सरकारको विचार समयसापेक्ष भए पनि केही नेपाली सञ्चारमाध्यमले गलत तरिकाले प्रकाशन गरेपछि अन्योल सिर्जना भएको हो ।

अस्ट्रेलियाको सिड्नीस्थित समुद्री क्षेत्रको अस्थायी स्वास्थ्य चौकीमा कोभिड-१९ परीक्षणका लागि सर्वसाधारणसँग कुराकानी गर्दै स्वास्थ्यकर्मी । *तस्बिर : रोयटर्स*

अस्ट्रेलियाली कानुनका ज्ञाता डा. शमशेरसिंह थापा प्रधानमन्त्रीको भनाइलाई गलत अर्थ लगाइएको बताउँछन् । ‘प्रधानमन्त्रीले यदि यहाँ बस्न सक्तैनौ भने घर फर्किने अन्तिम उपाय पनि छ भनेका हुन् तर बुझ्ने मान्छेले टुक्राटुक्रामा बुझे,’ उनले भने । अर्कोतिर नेपालका केही मिडियाले समेत यसलाई भाइरल बनाउने किसिमले प्रसारण र प्रकाशन गरेकाले अन्योल सिर्जना भएको उनको ठम्याइ छ ।

हुन त सरकारले आफ्ना नागरिकका लागि अर्बौं डलर बराबरको सहायता कार्यक्रम सार्वजनिक गरिसकेको छ । अन्तर्राष्ट्रिय विद्यार्थीको चाहनासमेत आफूलाई कुनै मात्रामा सहयोग गर्नुपर्छ भन्ने थियो । त्यसलाई केही मात्रामा सम्बोधन गर्दै निमित्त अध्यागमनमन्त्री टजले १२ महिनाभन्दा धेरै समय बसेकालाई आफ्नो सुपरएनुएसन झिक्न पाउने सुविधा दिए ।

सामान्यतया यो रकम नेपालको सञ्चयकोस जस्तै हो, जुन सेवा निवृत्त भएपछि निकाल्ने पाइन्छ । तर पनि भर्खर आएकालाई भने कुनै सुविधा अहिल्यै सार्वजनिक भएको छैन । भाइरस संक्रमण नियन्त्रणका लागि सरकारले सुरु गरेको विभिन्न कार्यक्रमअन्तर्गतको मिडिया ब्रिफिङमा भएको प्रधानमन्त्रीको भनाइको गलत अर्थ लगाइएको मात्र हो ।

विगत एक दशकदेखि अध्यागमन र विद्यार्थीको क्षेत्रमा काम गरिरहेका सञ्जीव पाण्डे विद्यार्थी समस्या सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री कूटनीतिक हुन नसकेको धारणा राख्छन् । यसपहिले अर्थ र अध्यागमनमन्त्री रहिसकेका मरिसन विद्यार्थी समस्यासँग मात्र नभई उनीहरूले अर्थतन्त्रमा पुऱ्याइरहेको योगदानप्रति समेत जानकार छन् । त्यसैले पनि उनले सबै अन्तर्राष्ट्रिय विद्यार्थीलाई देश छाडेर जाऊ भन्छन् भन्नू कल्पनासमेत गर्न नसकिने उनको धारणा छ । ‘मुख्य समस्या चाहिँ मिडियाले उनको भनाइलाई गलत ब्याख्या गरेका हुन् र केही मिडियामा आएजस्तो सबै विद्यार्थीलाई तुरुन्त देश फर्किहाल भन्ने किसिमका कुराहरू अफवाह मात्र हुन् ।

अस्ट्रेलियाली अर्थतन्त्रमा अन्तर्राष्ट्रिय विद्यार्थीहरूले वार्षिक ३० अर्ब डलरभन्दा बढीको योगदान पुऱ्याउँछन् । अस्ट्रेलियामा हाल ५ लाख ६५ हजार अन्तर्राष्ट्रिय विद्यार्थी अध्ययनरत छन् । त्यतिमात्र होइन, श्रमबजारमा समेत विद्यार्थीको उल्लेख्य योगदान छ । त्यसैले पनि अस्ट्रेलियाले विद्यार्थी फिर्ता पठाउँछ वा केही समाचारमा भनिएजस्तो यो गलत हो । नेपालमा रहेका अभिभावकले यो कुरा बुझ्न र समाचारका लागि भरपर्दो स्रोत हेर्ने वा पढ्न जरुरी छ ।

अर्थ वाणिज्य

विदेशी मुद्रा

अमेरिकी डलर	१२२.२८
यूरो	१३२.१७
पाउन्ड स्टर्लिङ	१४९.९४
अस्ट्रेलियन डलर	७३.३४
कतारी रियल	३३.३५

राष्ट्र बैंकको आधारमा

सुन
रू. ७७,०००

चाँदी
रू. ७२०

राष्ट्र बैंकको गभर्नरमा अधिकारी

कोभिड-१९ ले थिलथिलो पारेको अर्थतन्त्र सुधारका लागि काम गर्नुपर्ने नवनियुक्त गभर्नरको चुनौती

कृष्ण आचार्य र यज्ञ बञ्जाडे (काठमाडौं)

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) महाप्रसाद अधिकारीलाई सरकारले नेपाल राष्ट्र बैंकको गभर्नरमा नियुक्त गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले अधिकारीलाई १७औं गभर्नरमा नियुक्त गर्ने निर्णय गरेको हो।

विभिन्न पदमा ३० वर्ष काम गरी डेपुटी गभर्नरबाट बाहिरिएका अधिकारीलाई राष्ट्र बैंकमा पाँचवर्षे पदावधिको गभर्नरमा सरकारले नियुक्त गरेको हो। हालका अर्थमन्त्री युवराज खतिवडा गभर्नर हुँदा डेपुटी गभर्नर रहेका उनको नाम अर्थमन्त्री अध्यक्ष रहेको सिफारिस समितिले मन्त्रिपरिषद्मा पेस गरेको हो। पूर्वगभर्नर विजयनाथ भट्टराई र पूर्वअर्थ सचिव कृष्णहरि बाँस्कोटा सदस्य रहेको समितिले अधिकारीसहित हालका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र पूर्वसचिव केशव भट्टराईमध्ये एकलाई गभर्नर नियुक्त गर्न सिफारिस थियो। राष्ट्र बैंक ऐनअनुसार एक डेपुटी गभर्नरसहित तीन जनाको नाम सिफारिस समितिले सिफारिस गर्नुपर्ने र त्यसका आधारमा मन्त्रिपरिषद्ले गभर्नर नियुक्ति गर्ने व्यवस्था छ।

अहिलेको परिस्थितिमा राष्ट्र बैंकको नेतृत्वका लागि अधिकारी उपयुक्त पात्र भएको सिफारिस समितिका सदस्य एवं पूर्वगभर्नर तथा समितिका सदस्य भट्टराईले बताए। 'समितिले तीन जनाको नाम सिफारिस गरेको थियो,' उनले भने, 'तीमध्ये पनि अधिकारी अब्बल थिए। यसकारण सरकारले उनलाई गभर्नरमा नियुक्त गर्ने निर्णय गऱ्यो।' अधिकारीलाई बैंकिङ वृत्तमा बैंक तथा वित्तीय संस्थाको निमयन तथा सुपरिवेक्षणमा अब्बल मानिन्छ। 'समग्र मौद्रिक र वित्तीय क्षेत्रमा अधिकारीको राम्रो ज्ञान छ,' भट्टराईले भने।

अधिकारी चार्टर्ड एकाउन्टेन्ट (सीए) हुन्। उनले सन् १९९३ मा भारतबाट सीए उपाधि लिएका थिए। सन् १९८९ मा आर्थिक प्रशासन (बिजनेस एडमिनिस्ट्रेसन) मा स्नातक गरेका अधिकारीसँग राष्ट्र बैंकमा करिब तीन दशक काम गरेको अनुभव छ। उनी सन् २०१० मा डेपुटी गभर्नर भएका थिए।

डेपुटी गभर्नरको पाँचवर्षे कार्यकाल पूरा गरेलगत्तै प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले अधिकारीलाई लगानी बोर्डको सीईओमा नियुक्त गरेको थियो।

बोर्डमा उनको पदावधि असार ४ सम्म थियो। जुन अवधि सकिन नपाउँदै उनी राष्ट्र बैंकको गभर्नर भएका हुन्। राष्ट्र बैंकमा उनले बैंकिङ, वित्तीय व्यवस्थापन, बैंक सुपरिवेक्षण, बैंक तथा वित्तीय नियमन विभागमा लामो समय काम गरेका थिए।

कोरोनाले थिलथिलो पारेको अर्थतन्त्रमा उनले आगामी दिनमा काम गर्नुपर्नेछ। साथै सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित क्रियाकलापमा राष्ट्र बैंकको कमजोर भूमिकाका कारण अन्तर्राष्ट्रिय मूल्यांकनमा कालोसूचीमा पर्ने जोखिम कम गर्नुपर्ने उनको अर्को दायित्व हो। सन् २०१४ मा मुलुकलाई कालोसूचीबाट जोगाउन राष्ट्र बैंकका तर्फबाट उनैले नेतृत्व गरेको र यस मामिलाबारे अधिकारी जानकार मानिन्छन्।

अधिकारी यसअघि पनि गभर्नरमा सिफारिस भएका व्यक्ति हुन्। सुशील कोइराला नेतृत्वको सरकारको पालामा अधिकारी, निवर्तमान गभर्नर चिरञ्जीवी नेपालसहितलाई गभर्नर नियुक्तिको सिफारिस भएको थियो। त्यति बेला नेपाल गभर्नर नियुक्त भए। चैत ५ मा नेपालको कार्यकाल पूरा भएपछि गभर्नरको पद खाली थियो।

'सुशासनका लागि नियमनमा सम्झौता हुँदैन'

डेपुटी गभर्नर भएदेखि तपाईंले एकपछि अर्को नियुक्ति पाइरहनुभएको छ। लगानी बोर्डको सीईओको अवधि बाँकी थियो। गभर्नरमा धेरै व्यक्तिको दौडधुप हुँदाहुँदै तपाईलाई नै नियुक्ति किन ?

यसबारे मैले मेरा नजिकका साथीभाइलाई भन्ने गरेको छु। यो प्रश्नको उत्तर पनि म त्यसैगरी भन्नेछु– तपाईं-हामीले स्वतन्त्रपूर्वक, इमानदारीसाथ लगाव लगाई योगदान गऱ्यौं भने त्यसको प्रतिफल प्राप्त हुन्छ। तपाईं कुनै क्षेत्रमा प्रतिबद्ध र लगनशील भएर काम गर्नुहुन्छ भने प्रणालीले नै तपाईलाई खोजीखोजी जिम्मेवारी दिनेछ। मेरो बुझाइ यति मात्रै हो।

कोभिड-१९ संक्रमणको त्रासले अर्थतन्त्र थिलथिलो परेको अवस्थामा बैंक तथा वित्तीय क्षेत्रको नियामक निकायको नेतृत्व गर्न आइपुगनुभएको छ। अब कसरी काम गर्नुहुन्छ ?

कोरोनाका कारणको विश्व अर्थतन्त्र नै थिलथिलो भएको छ। यसबाट हामी पनि अछुतो छैनौं। कोरोना रोकथाम, नियन्त्रणका लागि सरकारले काम सुरु गरिसकेको छ। हामीले अन्य मुलुकले गरिरहेको अभ्यास पनि हेर्नुपर्ने हुन्छ। यसको प्रभावबाट हामी बच्नुपर्नेछ। यो समग्र विषय हो। यसबाट हुने आर्थिक क्षति कन्ट्रोल गर्नु छ। त्यसपछि कोरोनाको समस्या हल भएको भोलिपल्टबाट फेरि आर्थिक गति लिने गरी गियर लगाउन ठिक्क परेर बस्नुपर्ने अवस्था छ। गियर लगाउन मिल्ने तयारीका साथ काम गर्नुपर्छ।

वित्तीय क्षेत्रको नियमनका विषयमा चाहिँ के सोच्नुभएको छ ?

बैंक तथा वित्तीय क्षेत्रमा सुशासनकै समस्या थियो। यस क्षेत्रले कुनै पनि हिसाबले सम्झौता नगरी काम गर्नुपर्ने हुन्छ। संसारभरको चलन पनि त्यही हो। हामी स्वास्थ्य तथा सामाजिक विषय कोरोना संक्रमणको लडाइँमा छौं। यस्तो अवस्थामा कसैले पनि सुशासनमा सम्झौता गर्नु हुँदैन। सुशासन सबैका लागि हो। नियामक निकायका तर्फबाट गर्नुपर्ने काम गरिन्छ। यसमा सबैको सहयोग हुन्छ।

सुशासनको नाममा यो क्षेत्र अहिले अधिक नियमनमा पऱ्यो भनेर कतिपयले टीकाटिप्पणी गर्छन्। तपाईंले थप कडाइ गर्ने संकेत गर्नुभएको हो ?

म यो विषयमा स्पष्ट छु। नियमन भन्ने विषय हाम्रा लागि मात्रै होइन। अर्थात् नेपालको विषय मात्रै होइन। अहिले विश्वभर क्रसबोर्डर सम्बन्ध अर्थात् एक देशको नियमनले अर्को देशको नीति नियम अन्तरसम्बन्धित हुने गरेको छ। नियमनको सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास पनि छन्। त्यसकारण हाम्रोमा मात्रै छुट्टै कुनै कडाइ भन्ने हुँदैन। केही विषय हाम्रा लागि मात्रै हुन सक्छन्। त्यो पनि विकृति कम गर्नका लागि चालिने कदम हो। जथाभावी नियमन वा नियन्त्रण भन्ने हुँदैन। अभ्यासलाई आधार मानेर काम गर्नेछु। वित्तीय क्षेत्र भनेको नियमनभित्र रहनैपर्छ। कन्ट्रोल वा नियन्त्रण भन्ने हुँदैन।

वित्तीय क्षेत्रमा सर्वसाधारणको विश्वास सबैभन्दा ठूलो विषय हो भन्ने टिप्पणी मैले धेरै सुनेको छु। त्यो विश्वास जित्न सक्ने वातावरण बनाउनुपर्छ।

– महाप्रसाद अधिकारी
गभर्नर, नेपाल राष्ट्र बैंक

अन्तर्राष्ट्रिय अभ्यास भन्नले अहिले विश्वभर निकै कडाइका साथ लागू हुँदै गएको सम्पत्ति शुद्धीकरण निवारणका क्रियाकलापतर्फ संकेत गर्नुभएको हो ? जसमा हाम्रो कमजोर भूमिकाले अन्तर्राष्ट्रिय मूल्यांकनमा जोखिममा छौं भन्ने सुनिन्छ ?

यो एउटा महत्त्वपूर्ण विषय हो। यो धेरै सरकारी निकायसँग सम्बद्ध विषय हो। यसका धेरैजसो कुरा बैंकिङ क्षेत्रमा आएरै जोडिन्छन्। यस विषयमा हामीलाई अन्तर्राष्ट्रिय निकायले निकट भविष्यमै मूल्यांकन गर्नेछन्। यसमा धेरै क्षेत्रको समन्वय आवश्यक छ। यससँग सम्बन्धित मापदण्ड जोकोहीलाई लागू हुन्छ। सानोठूलो भनेर छुट्याइँदैन। यसमा मबाट सम्झौता हुन सक्दैन। तर कसरी अघि बढ्ने भनेर बाटो तय गर्ने विषय फरक हुन सक्छ।

अहिले समग्र निजी क्षेत्रको आत्मविश्वास कम हुँदै गएको र त्यसलाई उकास्न काम गर्नुपर्नेछ भन्ने जस्तो लाग्दैन तपाईंलाई ?

पक्कै पनि, यसबारे मैले केही सोचिरहेको छु। वित्तीय क्षेत्र भनेको समग्र निजी क्षेत्र र सर्वसाधारणसँग सम्बन्धित विषय हो। 'पैसा, सुनचाँदी केही पनि होइन। वित्तीय क्षेत्रमा सर्वसाधारणको विश्वास सबैभन्दा ठूलो विषय हो' भन्ने टिप्पणी मैले धेरै सुनेको छु। त्यो विश्वास जित्न सक्ने वातावरण बनाउनुपर्छ। त्यसका लागि कस्तो खालको नीति नियम ल्याउनुपर्छ भनेर हेर्नेछु। सर्वसाधारण अथवा निजी क्षेत्रलाई विश्वास दिलाउने काम नै राष्ट्र बैंकले गर्ने हो। यसमा अहिले राष्ट्र बैंकले काम पनि गर्दै आएको छ। यसलाई थप हेरेर निरन्तरता दिनेछु।

पाँच वर्ष राष्ट्र बैंकबाहिर रहेर यस संस्थाको क्रियाकलापलाई कसरी हेर्नुभयो ?

मै हुँदा ठीक, अरू हुँदा बेठीक भन्ने मानसिकता बोक्नु हुँदैन। आफूले काम गर्दा तोकिएको कार्यक्षेत्रभित्र रहेर तोकिएको उद्देश्य प्राप्ति गर्ने गरी काम गर्ने हो। अरूले पनि त्यसैअनुसार काम गर्नुभएको थियो होला। काम गर्ने सिलसिलामा कसैले अलि कडाइ गर्ने, कसैले खुकुलो बनाउने हुँदा त्यसको असर प्रणालीमा पर्न सक्छ। यो व्यक्ति र समयअनुसार फरक कुरा हो। तर पनि मैले बाहिर बसेर हेर्दा कुनै टीकाटिप्पणी गरिहाल्नुपर्ने अवस्था देखेको छैन।

अर्थमन्त्रीमा युवराज खतिवडाको बहालीसँगै राष्ट्र बैंकको स्वायत्तता खलल पुगेको र उहाँले राष्ट्र बैंकमा सूक्ष्म व्यवस्थापन गर्नुहुन्छ भन्ने आरोप बैंक तथा वित्तीय क्षेत्रबाट लाग्ने गरेको छ। यसलाई कसरी सन्तुलित बनाउनुहुन्छ ?

मैले बाहिरबाट हेर्दा त्यस्तो देखेको छैन। सबै मन्त्रालय र सरकारले राष्ट्र बैंकलाई स्वायत्त निकायका रूपमा स्विकारेका छन्। कतिपय अवस्थामा आफ्नो जिम्मेवारी वहन गर्नुपर्ने व्यवहारका कारण पनि अरूले हस्तक्षेप गर्छ र गर्दैन, निर्भर हुन्छ। म राष्ट्र बैंकमा ३० वर्ष बिताएको मान्छे हुँ। मेरो अनुभव र संसारभरको प्रचलन यो स्वायत्त नियमनकारी निकाय हो। राष्ट्र बैंकबाट पूरा गर्नुपर्ने जिम्मेवारी निर्वाह गरेर त्यो अवस्था आउन नदिने स्थिति बनाउनुपर्छ। मेरो पूरै अनुभव यसैमा लगाउनेछु।

चिनी, चिया, दाना र इँटा उद्योग सञ्चालन नरोकिने

बलराम बानियाँ (काठमाडौं)

सरकारले 'लकडाउन' का क्रममा समेत निश्चित मापदण्ड पूरा गर्न लगाई चार प्रकारका उद्योग र राष्ट्रिय गौरवसहित सबैजसो ठूला विकास आयोजना तत्काल सञ्चालनमा ल्याउने भएको छ। राष्ट्रिय गौरवका चार ठूला आयोजनामा आंशिक रूपमा काम सुरु भएको छ। अन्य ठूला आयोजनाको कामसमेत सुरु गर्ने तयारी भएको विकासे मन्त्रालयका अधिकारीले जानकारी दिएका छन्।

लकडाउनका क्रममा मुलुकमा औषधि, स्वास्थ्य सामग्री, खाद्यान्न, खाना पकाउने ग्यास, पेट्रोलियम पदार्थ तथा खानेपानीको अभाव हुन नदिन ती अत्यावश्यक वस्तु उत्पादन र आपूर्ति गर्ने देशभरका उद्योग सञ्चालनमा ल्याएको सरकारले दोस्रो चरणमा थप उद्योग र ठूला विकास आयोजना सञ्चालन नरोक्न लागेको हो।

मन्त्रिपरिषद्ले चैत २० मा लकडाउनमा उद्योग र ठूला विकास आयोजना सञ्चालनसम्बन्धी मापदण्ड बनाई कार्यान्वयनमा ल्याएको छ। निरन्तर काम भएका आयोजनामा मेलम्ची खानेपानी आयोजना, माथिल्लो तामाकोसी जलविद्युत् आयोजना, भैरहवा र पोखरा क्षेत्रीय विमानस्थल छन्। तिनमा आवासीय श्रमिक परिचालन गरी काम भइरहेको छ। निर्माण सामग्री र कामदार अपुग भने रहेको आयोजनाहरूले बताएका छन्।

पशुदाना, चिनी, चिया (चिया खेतीसहित) र इँटा उद्योगमा लाखौंको संख्यामा श्रमिक कार्यरत छन्। दाना अभावमा व्यावसायिक रूपमा पालिएका भैंसी, गाई, बाख्रा र कुखुरापालनमा समस्या भएपछि यससम्बन्धी उद्योग सञ्चालनमा ल्याउन लागिएको उद्योग मन्त्रालयका अधिकारीले जानकारी दिएका छन्। उद्योग सञ्चालनसँगै दाना अभाव नहुने ती अधिकारीको भनाइ छ।

चिनी र चिया उत्पादन गर्ने उद्योग पनि सञ्चालन गर्न लागिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारीले बताएका छन्। उत्पादित चिया र उखु खेती समयमै उपयोग नहुँदा खेर जाने अवस्था आएको थियो। इँटा उद्योग वर्षायाममा चलाउन नसकिने भएकाले अहिल्यै सञ्चालन गर्न दिन व्यवसायीहरूबाट माग आएको थियो।

उद्योग मन्त्रालयले उद्योगहरूलाई पत्राचार गरी मापदण्डभित्र रही सञ्चालन गर्न आग्रह गरेको छ। सरकारले लकडाउनमा बन्द रहेको सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडसमेत सञ्चालनमा ल्याउने भएको छ। १ देखि १० कक्षासम्मका लागि आवश्यक पाठ्यपुस्तक छाप्न केन्द्र सञ्चालनमा ल्याउन लागिएको हो। विद्यालयका लागि अझै ५० लाखभन्दा बढी पाठ्यपुस्तक छाप्न बाँकी छ।

लकडाउन खुल्नासाथ नयाँ शैक्षिक सत्र सुरु हुन्छ। त्यति बेलासम्म सबै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याइसक्ने गरी केन्द्रले पाठ्यपुस्तक छाप्नेछ। उद्योग र विकास आयोजना सञ्चालनका लागि मन्त्रिपरिषद्ले तोकेको मापदण्ड पूरा गर्नुपर्ने उद्योग सचिव चन्द्र घिमिरेले जानकारी दिए। उद्योग र विकास आयोजनाले आफ्ना लागि आवश्यक श्रमिक र जनशक्तिका लागि उद्योग या आयोजना परिसरभित्रै आवास र खानाको व्यवस्था गर्नुपर्ने उनको भनाइ छ। 'उद्योग र विकास आयोजना परिसरबाट श्रमिक र कर्मचारी बाहिर निस्कन पाउने छैनन्, बाहिरबाट कोही पनि उद्योग र आयोजनाभित्र प्रवेश गर्न पाउने छैनन्,' उनले भने।

मापदण्डमा उद्योग र विकास आयोजनाका कर्मचारी र श्रमिकले काम गर्दा एकअर्कोबीचको दूरी कम्तीमा ३ फिट राख्नुपर्नेछ। हरेक उद्योग र विकास आयोजनाले आफ्ना श्रमिक र कर्मचारीका लागि स्वास्थ्य मन्त्रालयले तोकेको 'हेल्थ प्रोटोकल' अनिवार्य लागू गर्नुपर्नेछ। सबै श्रमिक, कर्मचारीलाई अनिवार्य मास्क दिने, नियमित स्वास्थ्य जाँच तथा ज्वरो नाप्ने र सेनिटाइजरबाट हात धुने व्यवस्था मिलाउनुपर्नेछ। श्रमिक र कर्मचारीलाई सामान्य स्वास्थ्य समस्या देखिए पनि तुरुन्त अस्पताल लैजानुपर्नेछ। हरेक

- गौरवकासहित सबै ठूला विकास आयोजनाको काम सुरू हुने
- जनक शिक्षाले पाठ्यपुस्तक छाप्न सुरू गर्ने
- आवासीय श्रमिक र कर्मचारीलाई मात्र काममा लगाउन पाइने
- उद्योग र आयोजनाबाट कामदार बाहिर निस्किन नपाइने
- उद्योग र आयोजनाले अनिवार्य हेल्थ प्रोटोकल पालना गर्नुपर्ने
- एम्बुलेन्स तयारी अवस्थामा राख्नुपर्ने

उद्योग तथा विकास आयोजनामा एम्बुलेन्स पनि तयारी अवस्थामा राख्नुपर्नेछ।

प्रदेश सरकार र सम्बन्धित स्थानीय प्रशासन तथा जिल्ला स्वास्थ्य कार्यालयमार्फत ती उद्योग र विकास आयोजनामा हेल्थ प्रोटोकल पालना भए/नभएको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था गरिएको छ। पालना नभएको पाइए प्रदेश सरकार, स्थानीय प्रशासनले कारबाही गर्न सक्नेछन्। उद्योग र विकास आयोजनामा २५ जनाभन्दा बढी भेला हुन नपाइने व्यवस्थासमेत गरिएको छ।

यी विविध नियम पालना गर्नुपर्ने भएकाले ठूला आयोजनाहरूको निर्माण द्रुत गतिमा अघि बढ्न गाह्रो हुने विकासे मन्त्रालयका अधिकारीहरू बताउँछन्। त्यसैले ठूला आयोजनाको काम आंशिक रूपमा मात्र अघि बढ्न सक्ने उनीहरूको भनाइ छ। यिनै सर्तका कारण उद्योग सञ्चालनसमेत सहज नहुने उनीहरू बताउँछन्।

मन्त्रिपरिषद्बाट पारित मापदण्ड र स्वास्थ्य मन्त्रालयले तोकेको हेल्थ प्रोटोकल पालना गरी उद्योग सञ्चालन गर्न चाहेमा अरूलाई समेत क्रमशः चलाउन अनुमति दिन सकिने उद्योग मन्त्रालयले जानकारी दिएको छ। लकडाउनको सुरुदेखि नै औषधि, स्वास्थ्य सामग्री, खाद्यान्न, खाना पकाउने ग्यास, पेट्रोलियम पदार्थ तथा खानेपानी उत्पादन र आपूर्ति गर्ने देशभरका सबैजसो उद्योग सञ्चालनमा छन्।

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
कान्तिपुर

कान्तिपुर दैनिकको आधिकारिक अनलाइन न्युज पोर्टल
ekantipur.com

GET IT ON Google Play
Available on the App Store

कोरोना कोषमा जम्मा भयो करिब दुई अर्ब

नुमा थाम्सुहाङ (काठमाडौं)

सरकारले स्थापना गरेको 'कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोष' मा सोमबारसम्म १ अर्ब ८३ करोड ७७ लाख ८० हजार ६ सय २० रुपैयाँ जम्मा भएको छ। कोषमा सरकारी निकाय, निजी व्यवसायी, विभिन्न संघसंस्था तथा व्यक्तिका तर्फबाट सहयोग गर्ने क्रम जारी छ।

चैत ९ मा बसेको मन्त्रिपरिषद् बैठकले सरकारका तर्फबाट ५० करोड रुपैयाँ जम्मा गरेर कोष सुरु गरिएको थियो। यसका लागि सरकारले चैत १६ मा 'कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका-०७६' समेत जारी गरेको छ। निर्देशिकाअनुसार कोषको रकम तोकेको क्षेत्रमा मात्र खर्च गर्न पाइन्छ।

निर्देशिकाले कोष सञ्चालन गर्न ८ सदस्यीय समिति छ। जसमा समितिको अध्यक्ष राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अर्थ, स्वास्थ्य तथा जनसंख्या, गृह र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य छन्। समितिमा महालेखा नियन्त्रकको कार्यालय र प्रधानमन्त्री कार्यालयका तर्फबाट एक-एक जना सदस्य सचिव रहने व्यवस्था छ।

खर्च गर्न निर्देशिका तयार

निर्देशिकाले कोषको सञ्चालन महालेखा नियन्त्रक कार्यालयले गर्ने व्यवस्था गरेको छ। साथै समितिको निर्णयअनुसार कोषको रकम निकासा गर्न सकिन्छ। महालेखा नियन्त्रक र उपमहालेखा नियन्त्रकको संयुक्त दस्तखतबाट कोषको खाता सञ्चालन हुनेछ। यसको लेखा भने सरकारले अपनाएको प्रणालीअनुरूप राख्नुपर्नेछ।

कोषको आम्दानी, निकास र खर्चको लेखापरीक्षण गराउने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुनेछ। कोषको आयव्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट नै हुने निर्देशिकामा उल्लेख छ।

संक्रमित व्यक्तिको उपचार र उद्धार तथा व्यवस्थापन, भाइरस नियन्त्रण तथा रोकथामका लागि आवश्यक औषधि, उपकरण तथा औषधिजन्य सामग्री खरिदका लागि उक्त रकम खर्च गरिनेछ। 'क्वारेन्टाइन निर्माण र सञ्चालन, आइसोलन कक्ष निर्माण, अस्पताल निर्माण वा स्तरोन्नतिका लागि पनि कोषको रकम खर्च गर्न पाइनेछ,' निर्देशिकामा भनिएको छ, 'अस्थायी अस्पताल निर्माण तथा सञ्चालनका लागि आवश्यक जनशक्ति परिचालन र स्वास्थ्य सामग्री व्यवस्थापनका लागि रकम खर्च गर्नुपर्नेछ।'

भाइरस नियन्त्रणका लागि गरिएका कार्यबाट प्रभावितलाई राहत उपलब्ध गराउनुपर्ने भए निर्धारित मापदण्डअनुसार प्रदान गरिनुपर्नेछ। सरकारको निर्णयबमोजिम परिचालित जनशक्तिलाई प्रदान गरिने अतिरिक्त सुविधा तथा सामग्री व्यवस्थापन, भाइरससम्बन्धी सूचना तथा जानकारी सम्प्रेषण तथा प्रकाशनमा पनि यो रकम खर्च गर्न सकिनेछ।

कोषबाट निकासा भएको रकमको उपयोग सम्बन्धमा समितिले अनुगमन र मूल्यांकन गर्नुपर्नेछ। भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारसम्बन्धी कार्यमा प्रयोग गरिने औषधि, उपकरण, उपचार सामग्रीको आपूर्ति र संक्रमित व्यक्तिको व्यवस्थापनमा चाहिने पूर्वाधारको समेत जिम्मा समितिलाई छ।

निर्देशिकाबमोजिम निकालिएको रकम गलत प्रयोग भएमा कानुनअनुसार कारबाही हुनेछ। भाइरस संक्रमण नियन्त्रण भएपछि समितिको सिफारिसबमोजिम सरकारले समिति विघटन गर्नेछ। विघटनपछि कोषको सम्पत्ति तथा दायित्व प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा सर्नेछ।

अर्थ संक्षेप

सुजुकीको चेकअप क्याम्प

काठमाडौं (कास)- सुजुकी गाडीको आधिकारिक बिक्रेता तथा सीजी होल्डिङ्सको अटोमोटिभ डिभिजन सीजी मोटोकर्पले सरकारले लागू गरेको लकडाउन सकिएको घोषणा गरेलगत्तै सातदिने चेकअप क्याम्प सञ्चालन गर्ने भएको छ। सुजुकीले मान्य वारेन्टी र निःशुल्क सर्भिसको अवधि दुई महिना बढाउने भएको छ। गाडीको अवस्था जाँच्न र कुनै समस्या भए समाधान गर्न तयार रहेको पनि कम्पनीले जनाएको छ। क्याम्पमा कम्पनीले इन्जिन आयललगायत अन्य कन्जुमेबल सामग्रीमा छुट उपलब्ध गराउने जनाएको छ।

नोकियाको वारेन्टी म्याद थप

काठमाडौं (कास)- नोकियाले आफ्नो रिपेयर एन्ड रिटर्न्स सेवा (मर्मत तथा अन्य सेवा) को वारेन्टीमा ४५ दिन म्याद थप गरेको बताएको छ। कोरोना भाइरसले सिर्जना गरेको परिस्थितिका कारण कम्पनीले उक्त म्याद थप गरेको हो। १५ मार्चदेखि १५ अप्रिलसम्म वारेन्टी म्याद समाप्त भएका फिचर फोन तथा स्मार्टफोनको वारेन्टीमा यो अवधि लागू गरिएको कम्पनीले जानकारी दिएको छ।

मेटलाइफको २५ मिलियन डलर सहयोग घोषणा

काठमाडौं (कास)- मेटलाइफअन्तर्गतको मेटलाइफ फाउन्डेसनले विश्वभर कोरोना भाइरस संक्रमणको रोकथामका लागि २५ मिलियन डलर सहयोग गर्ने घोषणा गरेको छ। उक्त सहयोग रकम फाउन्डेसनको कार्यालय रहेका क्षेत्रबाट राहत प्रदान गरिनेछ। भाइरसबाट प्रभावित समुदायका निम्ति उक्त रकम खर्चिने मेटलाइफका अध्यक्ष तथा सीईओ मिसेल खलाफले जानकारी दिए।

काठमाडौंको स्युचाटारमा साइकलमा ग्यास सिलिन्डर लिई हिंडेका सेवाग्राही। *तस्बिर : दीपक केसी/कान्तिपुर*

किसानको जीविकामै असर

किसानले तरकारी फलाएका छन्, दूध उत्पादन गरेका छन्, तर तिनले बजार नपाउँदा समस्या

राजु चौधरी (काठमाडौं)

ललितपुर लुभु निवासी नवीन कार्कीले ४ वर्षदेखि कुखुरा पालन गर्दै आएका छन्। हालै उनले ४२ सय चल्ला पालेका थिए। तर लकडाउनका कारण उनले चल्लालाई पर्याप्त दाना खुवाउन सकेनन्। बिरामी चल्लालाई औषधिसमेत दिन सकेनन्। भेटेरिनरी डाक्टर प्रत्यक्ष फार्ममा आउन मानेनन्। दाना पनि उपलब्ध भएन, जसकारण उनले १२ सय चल्ला नष्ट गर्नुपऱ्यो।

४० देखि ४५ दिनमा चल्ला तयार हुन्छ। यो अवधिमा बिक्री नभए कुखुराले बढी दाना खान्छन्। कुखुराको तौल भने बढ्दैन। फर्ममा रहेका प्रायः कुखुरा ४२ दिनका छन्। तर बिक्री भएको छैन। जसकारण एक लटमा करिब ७ लाख रुपैयाँ घाटा हुने अवस्था रहेको कार्कीको भनाइ छ।

उदयपुरका कुखुरा पालक सोम दनुवारको गुनासो पनि उस्तै छ। दाना नपाइँदा कुखुरा फाल्ने अवस्थामा पुगेको उनले बताए। 'एक वर्षदेखि कुखुरा पाल्दै आएको थिएँ,' उनले भने, 'नोक्सान भएको थिएन। अहिलेको लटमा एक हजार कुखुरा राखें। तर दाना छैन। खरिद गर्ने ग्राहक पनि छैनन्।'

उदयपुरमा मात्र करिब ३० हजार ब्रोइलर कुखुरा बजार पठाउन ठिक्क छन्। ती कुखुराको बजार काठमाडौं हो। तर ढुवानी हुन सकेको छैन। बिक्री नभएपछि किसानले किलोकै १ सय रुपैयाँमा कुखुरा दिनुपरेको दनुवारले बताए। 'कतिपयले छिमेकीलाई कुखुरा सित्तैमा बाँडेका पनि छन्,' उनले भने।

दुग्ध र तरकारीको व्यवसाय गरिरहेका किसानका समस्या पनि यहाँभन्दा भिन्न छैन। पछिल्लो समय दूध उत्पादन हवात्तै घटेको लुम्बिनी एग्रो प्रोडक्ट एन्ड रिसर्च सेन्टरका सञ्चालक शशि शर्मा पौडेल बताउँछन्। किसानले एक सिफ्टमा मात्रै दूध बिक्री गर्न पाएका छन्। उत्पादित दूध सहज रूपमा बिक्री हुन सकेको छैन।

लकडाउनका कारण रिसर्च सेन्टरमा दैनिक २२ सय लिटर उत्पादन हुने दूध अहिले ८ सय लिटरमा सीमित बनेको छ। 'किसानले बिहानबेलुका बिक्री गर्नुपर्नेमा एक समयमा मात्रै बिक्री गरेका छन्,' शर्माले भने। किसानबाट खरिद गरिएको तरकारी पनि होलसेल बजारमै थन्किएको छ। सर्वसाधारण भने खुद्रामा चर्को मूल्य तिर्न बाध्य छन्। किसानबाट संकलन गरिएको तरकारी होलसेल बजारमा पर्याप्त छ। तर ढुवानीमा देखिएको समस्याले बजारमा तरकारी छैन। अहिले प्रणाली नै बिग्रिएकाले समस्या भएको तरकारी तथा फलफूल थोक बजार व्यवसायी संस्थाका निवर्तमान अध्यक्ष भरत खतिवडाले बताए। सरकारले लकडाउन गरेपछि किसानको जीविकामै प्रत्यक्ष असर परेका यी केही उदाहरण मात्र हुन्। यस्ता समस्या देशभरका किसानले भोग्नुपरेको छ। प्रायः पसल बन्द र आपूर्ति प्रणालीमा समेत अवरोध भएपछि समग्र कृषि प्रणालीमा असर पुगेको हो।

व्यावसायिक संघसंस्थाहरूका अनुसार मुलुकभर दैनिक करिब ३२ लाख गोटा अन्डा उत्पादन हुन्छ। किसानबाट दैनिक ६ देखि ८ लाख लिटर दूध संकलन हुन्छ। कुखुरा मासुको खपत ५ लाख किलो हुन्छ। त्यसमध्ये उपत्यकामा मात्रै करिब ३ लाख किलो खपत हुन्छ।

कृषि सामग्री अत्यावश्यक वस्तु भए पनि लकडाउनका बेला आपूर्तिमा सहजता छैन। यसले विशेषगरी साना किसानलाई समस्या भएको जानकारहरू बताउँछन्। 'उत्पादन बजारसम्म नपुग्दा दैनिक जीविकोपार्जनका लागि पैसा पाइँदैन,' राष्ट्रिय कृषक समूह महासंघका संस्थापक अध्यक्ष उद्धव अधिकारीले भने, 'अहिले साना किसानको उत्पादन खेर गइरहेको छ। आपूर्तिमा भइरहेको अवरोधले किसानकै जीविकामै असर पुगेको छ।'

कुखुराको दाना आपूर्तिमा समस्या देखिएको छ। अन्डा उत्पादन गर्ने कुखुराका लागि दाना नहुँदा उत्पादन घट्न थालेको छ। 'दैनिक ३० देखि ३२ लाख गोटा उत्पादन हुने अन्डा दाना अभावले करिब २५ लाख गोटामा झरेको छ,' व्यवसायीका अनुसार दाना पुऱ्याउन नसकेर कुखुरा मर्न थालेका छन्।

चितवनको भरतपुरमा रहेको दुग्ध कारखाना चितवन मिल्क। *तस्बिर : रमेशकुमार पौडेल/कान्तिपुर*

बाँचेका कुखुरा पनि ओसारपसारमै समस्या भएको उनले बताए।

'अधिकांश पसल बन्द छन्। खुलेका पसलमा ढुवानी गर्न प्रशासनबाटै अवरोध भइरहेको छ,' राष्ट्रिय कुखुरा बिक्री व्यवसायी संघका अध्यक्ष जंगबहादुर वीसीले भने, 'किसानलाई दाना पुऱ्याउन र बिक्री गर्न पनि समस्या भयो।' सानादेखि ठूला होटल सबै बन्द छन्। पसल पनि ६० प्रतिशतभन्दा बढी बन्द नै छन्। मासु खरिद गर्ने ग्राहक छैनन्। 'कतिपय ठाउँमा किसानले कुखुरा मारेर फाल्ने गरेका छन्,' उनले भने, 'बजार खुलेको छैन। सबै तहसनहस भयो।'

संघका अनुसार उपत्यकामा दैनिक करिब ३ लाख किलो मासु खपत हुन्छ। नेपालभर ५ लाख किलो चाहिन्छ। तर अहिले सप्लाई बन्द भएको उनले बताए। कुखुरा मासु ढुवानीका क्रममा प्रहरीबाटै अवरोध भइरहेको उनले बताए। व्यवसायीका अनुसार मासु पसल खुला गरे प्रहरीले छैनन्,' उनले भने, 'ढुवानी गर्न कृषि मन्त्रालयले निर्देशन दिए पनि ट्राफिकले गाडी समात्छ। किसान धेरै समस्यामा परे।'

नेपाल ह्याचरी उद्योग संघका कोषाध्यक्ष बलराम सिग्देलले पनि पोल्ट्रीमा दैनिक २२ करोड नोक्सान भइरहेको बताए। दाना अभावका कारण किसानले चल्ला हालेका छैनन्। 'अन्डा र मासु पनि बिक्री भएको छैन। त्यो दुवै प्रणालीमा ब्रेक लाग्दा समस्या भएको उनको भनाइ छ।

दुग्ध क्षेत्रमा पनि उस्तै समस्या छ। किसानको दूध बिक्री भएको छैन। दुग्ध क्षेत्रमा करिब ४ लाख किसान संलग्न रहेको केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष नारायण देवकोटाले जानकारी दिए। तिनबाट दैनिक ८ लाख लिटर दूध संकलन हुन्छ। अहिले सुक्खा सिजन भएकाले दैनिक उत्पादन ६ लाख लिटर संकलन हुन्छ। तर लकडाउनका कारण ३ लाख पनि बिक्री नभएको उनले गुनासो गरे। 'दाना, चोकर छैन। गाइभैंसीलाई परालकै भर छ,' देवकोटाले भने, 'उत्पादन भएको दूध पनि बिक्री हुन सकेको छैन। कतिपय किसानले दूध गाईलाई खुवाएका छन्। केहीले छिमेकीलाई बाँडेका छन्।'

लकडाउनपछि निजी डेरीहरूले दूध नउठाएको उनको भनाइ छ। 'त्यही भएर केही ठाउँका सहकारीले दूध फालेका हुन्,' उनले भने। डेरीहरूले दूध नउठाउनु ठूलो लापरवाही भएको उनले बताए। 'किसानबाट संकलित दूधलाई पाउडर बनाउनुपर्ने थियो। तर पाउडर बनाउने कारखाना बन्द छ,' उनले भने, 'यसमा डेरीहरूले मनलाग्दी गरिदिए।'

डेरी एसोसिएसनका महासचिव प्रह्लाद दाहालले भने दूधको माग नै करिब ६० प्रतिशत घटेको बताए। उनले पनि ढुवानीकै समस्या भएको गुनासो गरे। 'उपत्यकाका रेस्टुरेन्ट, कलेज, पार्टी प्यालेसले २५ प्रतिशत बजार ओगट्छन्। ती क्षेत्र बन्द छन्। सर्वसाधारण पनि घरघर गएका छन्। जसले गर्दा माग छैन,' उनले भने, 'त्यसैले डेरी उद्योगले आफ्नो क्षमताअनुसार दूध संकलन गरिरहेका छन्। डेरीलाई समस्या पर्दा त्यसको असर स्वतः किसानलाई नै पर्छ।'

लकडाउनको समयमा सरकारले साना किसानलाई उत्साहित बनाउन कुखुरा र दूध बजारसम्म पुऱ्याउन सघाउनुपर्नेमा विज्ञहरूको जोड छ। 'यति बेला लोकतन्त्र चाहिएको छैन। महामारी छ, सबैले स्वीकार गरेका छन्। संकटमा सेना/प्रहरी चलाएर भए पनि सरकारले किसानको दूध खरिद गरेर बजारसम्म ल्याइदिनुपर्छ,' कृषिविज्ञ कृष्ण पौडेलले भने।

कृषिमा प्रत्येक दिन क्षति भइरहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीले स्विकारे। क्षतिसम्बन्धी विवरण संकलन गर्न पशुसेवा विभागलाई निर्देशन दिएको उनले बताए। 'व्यवसायीले पोल्ट्री क्षेत्रमा दैनिक २२ करोडको क्षति भएको छ भनेका छन्। त्यसमा धेरै सत्यता छ,' उनले भने, 'मासुमा आत्मनिर्भर उन्मुख थियो देश।'

प्रवक्ता केसीले पनि ढुवानीकै कारण माछामासुमा समस्या देखिएको बताए। यीबाहेक कतिपय पालिकाले पसल बन्द गराएको उनको भनाइ छ। 'काठमाडौंको गोकर्णेश्वरमै माछामासु नबेच्नू भनिएको रहेछ। बर्दियामा पनि धेरै कडाइ छ,' उनले भने, 'समग्रमा ढुवानीमा, दाना, चल्ला, कुखुरा र अन्डा क्षेत्र धेरै प्रभावित भए।'

किसानलाई सजिलो होस् भनेर चितवन मिल्क सञ्चालन गर्न आग्रह गरिएको उनले जानकारी दिए। चितवन मिल्कले पाउडर उत्पादन गर्छ। पाउडर दूध उत्पादन सुरु हुँदा किसानलाई केही राहत हुने केसीको भनाइ छ।

माछामासु, दुग्धलगायत कृषि सामग्री अत्यावश्यक वस्तु भएकाले सहजीकरण गर्न मन्त्रालयले स्थानीय तहलाई पत्र पठाइसकेको उनले जानकारी दिए। तर कार्यान्वयन हुन सकेको छैन। 'मन्त्रालयले दिएको परिपत्रको औचित्य नै भएन। दाना र कुखुरा बजारमा पुग्न सकेन। किसानका संघसंगठनहरूले पनि सूचना पुऱ्याउनुपर्ऱ्यो,' संस्थापक अध्यक्ष अधिकारीले भने, 'निर्देशन अटेर गर्नेको पहिचान गरेर रिपोर्ट गर्नुपर्छ।'

भारतमा सांसद कोष निलम्बन

सुरेशराज न्यौपाने (नयाँदिल्ली)

कोभिड-१९ संक्रमणको महामारी बढ्दै गएपछि त्यसविरुद्धको लडाइँका लागि आवश्यक स्रोत अभाव हुन नदिन भारत सरकारले राष्ट्रपतिदेखि सांसदसम्मको तलब कटौतीदेखि सांसद विकास कोष निलम्बन गर्नेलगायतको निर्णय गरेको छ।

नरेन्द्र मोदी नेतृत्वको सरकारले प्रधानमन्त्री र सबै सांसदको एक वर्षको तलब, भत्ता र पेन्सनमा ३० प्रतिशत कटौती गर्ने निर्णय गरेको हो। मोदी मन्त्रिपरिषद् बैठकले सोमबार त्यस्तो निर्णय लिएको हो। भिडियो कन्फरेन्समार्फत भएको बैठकले सांसदहरूको तलब, भत्ता तथा पेन्सनसम्बन्धी ऐन १९५४ लाई संशोधन गर्ने अध्यादेश पारित गरेको छ। यो निर्णयपछि १ अप्रिल २०२० देखि एक वर्षसम्म सांसदहरूको तलब, भत्ता र पेन्समा ३० प्रतिशत कटौती हुनेछ। यसबाहेक राष्ट्रपति, उपराष्ट्रपति र सबै राज्यका राज्यपालले समेत तलब कटाउन सहमति जनाएका छन्।

मोदी मन्त्रिपरिषद्को सोमबारकै बैठकले सांसद विकास कोषलाई दुई वर्षका लागि निलम्बनसमेत गरेको छ। यो निर्णयपछि उक्त कोषको आव २०२०/२१ र २०२१/२२ गरी दुई वर्षको ७ हजार ९०० करोड भारु सरकारको मूल ढुकुटीमा स्थानान्तरण हुनेछ। त्यसपछि उक्त रकमलाई सरकारले चाहेको क्षेत्रमा खर्च गर्न पाउनेछ।

कोरोना महामारीको बढ्दै प्रकोपसँगै स्रोत परिचालनको बढ्दो दबाबबीच मोदी सरकारले यस्तो निर्णय लिएको हो। त्यसमाथि भारत सरकारले केही वर्षयता राजस्व परिचालनमा कमी, सुस्त आर्थिक वृद्धिदरजस्ता कारणले बजेट घाटाको दबाब झेल्दै आएको थियो। यिनी कारणले गत आवमा बजेट घाटा ३.३ प्रतिशतमा सीमित गर्ने भनिए पनि ३.८ प्रतिशत पुगेको थियो। चालु आव २०२०/२१ मा ३.५ प्रतिशतमा सीमित राख्ने सरकारको लक्ष्यलाई समेत महात्त्वाकांक्षी भनिएको

भारतमा कोरोना संक्रमणका कारण १०९ को मृत्यु भइसकेको छ

छ। त्यसमाथि कोरोना महाव्याधिका कारण भारत सरकारका सामु स्वास्थ्य क्षेत्रका लागि ठूलो परिमाणमा स्रोत परिचालन गर्नुपर्ने बाध्यता छ। त्यही बाध्यताबीच मोदी सरकारले तलब, भत्ता र पेन्सन कटौतीको निर्णय लिएको हो।

कोरोना संक्रमण नियन्त्रणका लागि देशव्यापी लकडाउन लागू गर्ने निर्णयले मोदी सरकारका सामु एकातिर आमनागरिकलाई राहत दिनुपर्ने बाध्यता छ भने अर्कोतर्फ आर्थिक गतिविधि ठप्प हुँदा राजस्व परिचालनमा आउने कमीका कारण सिर्जना हुने स्रोत अभावसँग पनि जुझ्नुपर्ने अवस्था छ। मोदी सरकारले १० दिनअघि मात्र २१ दिने लकडाउनका कारण समस्यामा परेका गरिब, किसान र साना व्यवसायीलाई लक्ष्य गर्दै १७ खर्बको विशेष आर्थिक प्याकेज घोषणा घोषणा गरेको थियो। कोरोनाको संक्रमण फैलँदै गएकाले त्यसको नियन्त्रणका लागि देशव्यापी र स्थानीयस्तरका लकडाउनलाई निरन्तरता दिनुपर्ने सुझाव स्वास्थ्य क्षेत्रका विज्ञहरूले दिइरहेको पृष्ठभूमिमा मोदी सरकारलाई आगामी दिनमा सर्वसाधारणलाई राहतदेखि महामारी नियन्त्रणसम्मका लागि आवश्यक स्रोत जुटाउन निकै हम्मे पर्ने देखिन्छ।

यसअघि भारतका पूर्वगर्भनर तथा वरिष्ठ अर्थशास्त्री रघुराम राजनले पनि बजेट अनुशासन कायम गर्दै कोरोना भाइरसका लागि आवश्यक स्रोत परिचालन चुनौतीपूर्ण रहेको बताएका थिए। आइतबार एउटा ब्लग लेख्दै राजनले त्यसका बाबजुद पनि कम महत्त्वका खर्च कटौती गरेर वा पछाडि धकेलेर तत्कालको आवश्यकता पूर्तिका लागि स्रोत जुटाउन सुझाएका छन्। लकडाउनपछि पनि भाइरसको प्रकोप रहिरहने सक्ने सम्भावनालाई समेत ध्यानमा राख्दै आवश्यक तयारी गनुपर्ने उनको भनाइ छ। भारतमा गत ३० जनवरीमा पहिलो संक्रमण देखिएकामा सोमबारसम्म ४०६७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। जसमध्ये संक्रमणका कारण १०९ जनाको मृत्यु भइसकेको छ।

ऋणको ब्याजदर घट्दै

यज्ञ बज्राडे (काठमाडौं)

वाणिज्य बैंकहरूले निक्षेपको ब्याजदर १ देखि डेढ प्रतिशतसम्म घटाउने भएका छन्। वित्तीय प्रणालीमा तरलताको अवस्था सहज रहेको, ऋण प्रवाह सुस्त भएको, बैंक दर (बैंकहरूले राष्ट्र बैंकबाट कर्जा लिँदा तिर्नुपर्ने ब्याजदर) घटेकोलगायत कारण बैंकहरूले निक्षेपको ब्याज घटाउने निर्णय गरेका हुन्।

नेपाल बैंकर्स संघले ब्याज घटाउने निर्णय गरिसके पनि औपचारिक रूपमा सार्वजनिक गरेको छैन। 'संघले वैशाख १ देखि लागू हुने गरी निक्षेपमा दिँदै आएको ब्याजदर घटाउने निर्णय गरेको छ,' संघ स्रोतले भन्यो। निक्षेपको ब्याज घटेसँगै ऋणको ब्याजदर पनि घट्ने भएको छ। बैंकहरूले निक्षेपको ब्याज घटाएपछि आधार दर (बेस रेट) पनि घट्ने भएकाले ऋणको ब्याज घट्ने भएको हो। घटेको ब्याजदरमा ऋण पाउन भने ग्राहकले तीन महिना पर्खिनुपर्नेछ। राष्ट्र बैंकले ब्याजदरमा भएको घटबढअनुसार हरेक तीन महिनामा आधार दर परिमार्जन गर्नुपर्छ। आधार दरमा भएको घटबढअनुसार ऋणको ब्याजदर पनि समायोजन गर्नुपर्छ।

अर्थ मन्त्रालय र राष्ट्र बैंकको निर्देशनमा संघले बैंकहरूबीच निक्षेपको ब्याजदरमा 'भद्र सहमति' गरेको छ। यसअनुसार बैंकहरूले संस्थागत मुद्दती निक्षेपमा बढीमा ८.५ प्रतिशत र संस्थागत मुद्दती निक्षेप नवीकरणमा ८.६ ब्याज दिन पाइन्छ। यस्तै व्यक्तिगत मुद्दती निक्षेपमा बढीमा ९.२५ प्रतिशत ब्याज दिन पाइन्छ। यो बैंकहरूले मासिक रूपमा प्रकाशित गर्ने दर हो। यो दरमा संस्थाका लागि बैंकले १ प्रतिशत र व्यक्तिका लागि ०.५ प्रतिशत ब्याज बढाएर दिन पाइन्छ।

> नेपाल बैंकर्स संघले ब्याज घटाउने निर्णय गरिसके पनि औपचारिक रूपमा सार्वजनिक गरेको छैन

वैशाख १ देखि लागू हुने गरी बैंकहरूले संस्थागत मुद्दती निक्षेपमा ७ प्रतिशत, संस्थागत निक्षेप नवीकरण गर्दा ७.१ प्रतिशत र व्यक्तिगत मुद्दती निक्षेपमा ८.२५ प्रतिशत ब्याज प्रदान गर्नेछन्। यो ब्याजदरमा बैंकहरूले संस्थालाई १ प्रतिशत र व्यक्तिलाई ०.५ प्रतिशत ब्याज बढाएर दिन पाउँछन्। बैंकहरूले बुधबार (चैत २६ गते) नयाँ ब्याजदर प्रकाशित गर्ने र सोही दर वैशाखदेखि लागू हुने संघले बताएको छ।

संघको नयाँ निर्णयअनुसार वैशाखदेखि साधारण निक्षेपमा व्यक्तिले न्यूनतम ५.५ प्रतिशत ब्याज प्रदान गर्नुपर्नेछ। राष्ट्र बैंकले हालै घटाएको बैंक रेटसँग समायोजन हुने गरी साधारण निक्षेपको ब्याजदर तय गरिएको हो। कोभिड-१९ को जोखिमका बेला बैंकहरूले विद्युतीय कारोबारलाई प्रोत्साहन गरिरहेका छन्।

'यस विषम परिस्थितिमा सकेसम्म विद्युतीय कारोबार गर्नुहुन र आफ्नो खाता नम्बर, पिन नम्बरलगायतका व्यक्तिगत विवरण कसैलाई नदिनुहुन तथा विद्युतीय कारोबारमा हुन सक्ने जोखिमलाई ध्यानमा राखी सुरक्षित कारोबार गर्नुहुन अनुरोध गर्दछौं,' संघले भनेको छ।

सरकारले घोषणा गरेको लकडाउनका कारण ग्राहकहरू बैंक शाखामा पुग्न नसकेको यथार्थलाई ध्यानमा राख्दै परिपक्व भएका/हुने मुद्दती निक्षेपको नवीकरणका लागि बैंकमा रजिस्टर गरिएको इमेल/फोनमार्फत अनुरोध गर्न पनि संघले ग्राहकलाई आग्रह गरेको छ।

यसअघि तरलता अभाव रहेको बेला बैंकहरूबीच अस्वस्थ प्रतिस्पर्धा भएपछि संघले ब्याजदरमा 'भद्र सहमति' गरेको थियो। त्यसपछि पटकपटक ब्याजदर घटाइए पनि भद्र सहमति तोडिएको छैन। गत माघसम्म वाणिज्य बैंकहरूको औसत आधार दर ९.४५ प्रतिशत छ। ०७५ माघमा यस्तो दर ९.६९ प्रतिशत थियो। ०७६ माघमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ६.७८ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ११.९४ प्रतिशत छ। अघिल्लो वर्षको सोही महिनामा यी दर क्रमशः ६.६७ प्रतिशत र १२.३४ प्रतिशत थिए।

चामल उद्योगमा मजदुर न धान

विराटनगर (कास)- मजदुर समस्या र धान मिलसम्म पुऱ्याउन नपाउँदा सुनसरी-मोरङ औद्योगिक करिडोरका खाद्य उद्योगले मागअनुसार चामल उत्पादन गर्न सकेका छैनन्। यसले सरकार र स्थानीय निकायले लकडाउन प्रभावितलाई वितरण गर्ने राहतमा प्रभाव पर्ने स्थिति सिर्जना भएको छ।

सरकारले लकडाउनमै पनि खाद्यलगायत अन्य अत्यावश्यक उद्योग नियमित रूपमा सञ्चालन गर्न निर्देशन दिए पनि सरकारका स्थानीय संयन्त्रको अवरोधका कारण उद्योग सञ्चालन गर्न नसकिएको सम्बद्ध उद्योगीको गुनासो छ। उनीहरूका अनुसार प्रहरीले खाद्य उद्योगको परिचयपत्र दखाउँदा प्रहरीले मजदुरलाई लकडाउनको अवज्ञा गरेको भन्दै कुटपिट गरेर मिलमा छिर्न दिएको छैन। धान बोकेका ढुवानीका साधनलाई प्रहरीले नियन्त्रण गर्दा पनि यस्तो समस्या सिर्जना भएको उनीहरूको गुनासो छ।

सुनसरी मोरङ औद्योगिक करिडोरमा चामल उत्पादन गर्ने ठूला र साना गरेर झन्डै पाँच दर्जन मिल छन्। तीमध्ये अधिकांश बन्द छन् भने चलेका मिलले पनि क्षमताको आधा मात्र चामल उत्पादन गर्दै आएका छन्।

सामान्य अवस्थामा दैनिक १५-१६ टन चामल उत्पादन गर्दै आएको चन्द्रशिव राइस मिलले अहिले मजदुर समस्याले दैनिक सरदर ७-८ टन मात्र चामल उत्पादन र प्याकिङ गर्दै आएको छ। मिल सञ्चालक नरेश राठीले भने सामान्य अवस्थाको भन्दा डेढी बढी ज्याला दिँदा पनि मजदुर काममा नआउँदा मागअनुसारको चामल उत्पादन गर्न सकिएको छैन।

प्रदेश सरकार, स्थानीय निकाय र विभिन्न संघसंस्थाले राहत वितरणका लागि अहिले दैनिक सरदर १२-१५ टन चामल माग गर्दै आएका छन्।

अनि भयो डिस्चार्ज...

ढाड भाँच्चिएका उनलाई एउटा अस्पतालले उपचार हुँदै गर्दा डिस्चार्ज दियो, उस्तै अर्कोले भर्ना लिनै मानेन, तेस्रो अस्पताल पनि ज्वरो नआएको टुंगो गरेपछि मात्रै ड्रेसिङ गरिदिन तयार भयो

पोखरामा स्ट्रेचरमा बसेर अस्पताल ओहोरदोहोर गर्दै मेरुदण्ड भाँच्चिएका बिरामी बागलुङका सञ्जय खड्का । *तस्विर : दीपक परियार/कान्तिपुर*

दीपक परियार (पोखरा)

ताला फोरिएको कोठामा सञ्जय खड्का लम्पसार परेर सुतिरहन्छन् । दुर्घटनामा परेर मेरुदण्ड भाँच्चिएपछि खाटमा पल्टिएर मोबाइल चलाउनु उनको दैनिकी भएको छ । उपचार गर्दागर्दै अस्पतालले 'डिस्चार्ज' दियो । लकडाउनमा उनलाई आलो घाउमा नुनचुक छर्केजस्तै भयो ।

फागुन १८ मा बागलुङको गलकोटमा युवा क्लबको वार्षिकोत्सव थियो । २४ वर्षीय उनी जनएकता युवा क्लबको कोषाध्यक्ष हुन् । दिउँसो वार्षिकोत्सवको कार्यक्रम सकेर साँझ ट्र्याक्टरमा सामान लोड गरे । सामान पुऱ्याउन उनी पनि ट्र्याक्टर चढे । टेन्ट, कुर्सी, टेबल लगायत सामान बोकेको ट्र्याक्टर दुर्घटनामा पऱ्यो । उनीसँगै ट्र्याक्टरमा भएका अरू चार जना सामान्य घाइते भए । उनी उठ्नै सकेनन् । दाजुले उनलाई पोखराको मणिपाल शिक्षण अस्पताल ल्याए ।

अस्पतालमा उपचार हुँदै थियो । कोरोना भाइरसको त्रासले देशमा लकडाउन सुरु भयो । लकडाउन सुरु भएपछि अस्पतालले खड्कालाई राख्न मानेन । चिकित्सक कम हुने र अस्पताल खाली गर्नुपर्ने भएकाले भर्ना गरेर राखिएका बिरामीलाई पठाउनुपरेको मणिपालले बतायो । चैत १३ मा डिस्चार्ज दियो । उनलाई पोखराकै गण्डकी मेडिकल कलेजमा लगियो । उक्त अस्पतालले पनि जनशक्ति अभाव देखाउँदै भर्ना लिन मानेन । उनी बुद्धचोकमा रहेकी दिदीकहाँ पुगे ।

सामान्य चियापसल चलाइरहेकी दिदी दुर्गा खड्का दुईवटा कोठा भाडामा लिएर बसेकी छन् । एउटा भान्साकोठा छ, अर्को सुत्ने कोठा । श्रीमान्, श्रीमती र दुई बालबच्चालाई त्यहीं कोठा साँघुरो हुन्छ । बिरामी भाइलाई राख्न उनले उपाय निकालिन्, छिमेकीका खाली कोठा प्रयोग गर्ने । लकडाउन भएपछि घर गएका थिए उनका छिमेकी । छिमेकीले ताला फोरेर प्रयोग गर्न भने । दुर्गालाई हाइसञ्चो भयो ।

दुई दाजुभाइलाई कोठामा राखिन् । मेरुदण्ड भाँच्चिएकाले सञ्जय हलचल गर्न सक्दैनन् । तल्लो हर चल्दैन । घाउमा दिनदिनै ड्रेसिङ गर्नुपर्छ । पोखरा रंगशाला अगाडि छ पोखरा अस्पताल । सञ्जयको घाउ ड्रेसिङ गर्न त्यहीं अस्पताल लैजाने निधो भयो । अस्पतालले सुरुमा ज्वरो आए नआएको सोध्यो । ज्वरो नभएको बताएपछि ड्रेसिङ गरिदिन राजी भयो । कोठाबाट ३०० मिटरको दूरीमा रहेको अस्पतालसम्म लान ल्याउन स्ट्रेचरको व्यवस्था अस्पतालले गरिदियो ।

अहिले सञ्जयलाई उनका दाइ र भेनाले दिनदिनै पोखरा अस्पताल पुऱ्याउँछन् । स्ट्रेचरमा गुडाउँदै लगेर ड्रेसिङ गरेपछि कोठामै ल्याउँछन् । 'मणिपालले डिस्चार्ज नदिएको भए यति दुःख हुने थिएन,' दिदी दुर्गाले भनिन्, 'दुईजना मान्छे भाइकै रेखदेखमा खटिनुपरेको छ ।'

सञ्जयको उपचार खर्च भने ट्र्याक्टरधनीले बेहोरिरहेका छन् । लकडाउनका बेला बिरामी भएर हलचल गर्न नसक्दा सञ्जयको दिनचर्या पटचारलाग्दो भएको छ । अस्पताल जाँदा आउँदा कोरोना भाइरसको संक्रमण भइहाल्छ कि भन्ने डर मनमा छँदै छ । 'डाक्टरले तीन महिना यसरी नै सुतिरहनुपर्छ भनेका छन्,' उनले भने, 'त्यसपछि पनि उठेर हिँड्न सकिने हो कि होइन भन्ने डर छ ।'

शिशु च्यापेरै सडकमा रात

सुनौली नाकाबाट गत बुधबार उद्धार गरिएकी २७ दिनकी सुत्केरीले कसरी गरिन् दिल्ली-नेपाल यात्रा ? भन्छिन्, 'जीवनभरिलाई नमीठो सम्झना भयो ।'

सन्जु पौडेल (तिलोत्तमा)

भारत सरकारले गएको चैत १२ मा तीन साताका लागि देशभर 'लकडाउन' को घोषणा गऱ्यो । जसरी हुन्छ नेपाल फर्किने उद्देश्यले लक्ष्मी परियार (२६) को परिवारले नयाँदिल्ली छाड्यो । सीमा नाका बन्द भए पनि आफ्नै जन्मभूमि त हो, छिर्न त पाइएला नि भन्ने नै चिताएका थिए । तर, जसोतसो सुनौली नाकासम्म आएका उनीहरू तीन दिन त्यहीं अलपत्र परे । अलपत्र पर्नेमा लक्ष्मीको परिवार मात्र थिएन । उनीहरूसँगै तीन सय जनाभन्दा बढीले भोकैप्यासै दिनरात काटे ।

दुई साताकी सुत्केरी लक्ष्मीले काखमा शिशु च्यापेरै सडकमा रात बिताइन् । सीमामा अलपत्र परेकालाई पहिलो दिन भारत सरकारले नौतनुवा लगेर स्थानीय क्याम्पसमा क्वारेन्टाइनमा राखेपछि लक्ष्मीको माइत पुग्ने सपना तत्काललाई पूरा नहुने भयो । नाकामा सुत्केरी अलपत्र परेको समाचार ईकान्तिपुरमा प्रकाशित भएपछि रूपन्देहीको तिलोत्तमा नगरपालिकाका प्रमुख बासुदेव घिमिरेको पहलमा बुधबार उनको उद्धार गरिएको हो । उनी अहिले नगरपालिकाले निर्माण गरेको क्वारेन्टाइनमा परिवारसहित आश्रय लिइरहेकी छन् ।

'बल्ल आरामले श्वास लिँदै छु,' लक्ष्मीले भनिन्, 'माइतै पुगे जस्तो भयो ।' सोमबार उनी सुत्केरी भएको २७ दिन पूरा भयो । दस वर्षदेखि नयाँदिल्लीमा पति र दुई सन्तानका साथ बसिरहेकी उनी नेपाल नआएको धेरै समय भइसकेको थियो । पति काम गर्थे । उनी दुई छोरीको रेखदेख गरेर बसिरहेकी थिइन् । 'यसपालि छोरा जन्मियो,' उनले भनिन्, 'इन्डियामा लकडाउन भएपछि माइत गएर आराम गर्छु भनेर आएँ । तर, आफ्नै देश छिर्न पाएनौं ।' तीन साता लामो लकडाउन कटाउन समस्या हुने भएपछि घरै जाउँ भनेर कष्टपूर्ण यात्रा गरेर यहाँसम्म आएको उनले सुनाइन् ।

मार्च २३ मा एउटा बस फेला पारे । उनले नवजात शिशु च्यापिन्, श्रीमान् मनोजले दुई छोरी डोऱ्याए र नेपालतर्फ लागे । दिल्ली छाड्ने बेला उनी सुत्केरी भएको १३ दिन मात्रै भएको थियो । आराम गर्नुपर्ने समयमा उनलाई यात्रा गर्नुपरेको थियो । त्यो पनि घर पुगिन्छ कि पुगिँदैन भन्ने अनिश्चितताका बीचमा । उनीहरू चढेको बस सीमासम्म आइपुगेन । 'सात वटा गाडी फेर्नुपऱ्यो,' मनोजले भने, '६० किलोमिटर जति पैदलै हिँड्नुपऱ्यो ।'

'दुई छोरी पनि सानै छन् । उनीहरू पनि ठूला मान्छेले जस्तो हिँड्न सक्ने कुरा भएन । म पनि बच्चा काखमा च्यापेर हिँड्न सकिनँ,' मनोजले बोलिनसक्दै लक्ष्मीले आफ्नो दुःख पोखिन्, '१० पाइला हिँड्दै, बस्दै आएँ ।' हिँड्न नसकेका कारण धेरै समय लागेको उनले सुनाइन् । बसमा भने उनलाई सजिलो भएको थियो । भारतीय सेना र प्रहरीले बालबच्चासहित देखेर उनलाई सिट मिलाइदिएका थिए । 'गोरखपुरबाट सुनौली आएपछि साह्रै दुःख पाइयो । तर, दशगजा नपुग्दै भारतीय प्रहरीले रोक्यो,' उनले भनिन् ।

उनीहरू सुनौली पुग्दा सीमा वारिपारि दुवैतर्फको बजार बन्द थियो । स्थानीय पनि घर बाहिर निस्केका थिएनन् । सडकमा थिए त देश फर्किने आसमा सीमा नजिक आएर पनि अलपत्र परेका अन्य नेपाली मात्रै । अरूले जस्तै उनीहरूले पनि घर फिर्तीका लागि भारतीय प्रहरीसँग अनुनय-विनय नगरेका होइनन् । 'रुँदै घर जान पाउँ भनें, तर छाडेनन्,' लक्ष्मी केहीबेर मौन बसिन् ।

नाकामा आइपुगेको पहिलो दिन भारतीय सुरक्षाकर्मीले उनीहरूलाई नौतनहवाको एक विद्यालयमा बनाइएको क्वारेन्टाइनमा राखेको थियो । 'क्वारेन्टाइनमा राम्रै खानपान थियो,' मनोजले भने, 'आरामले सुत्ने व्यवस्था थियो ।' आफू र बच्चालाई दूधसँगै खाना दिएको लक्ष्मीले बताइन् । आफूलाई क्वारेन्टाइनमा राम्रो व्यवहार गरिएको उनको भनाइ छ ।

त्यही क्रममा क्वारेन्टाइनमा रहेका तीन सय हाराहारी नेपालीले नाकामा खटिएका केही प्रहरीलाई धकेलेर भए पनि बोर्डर पार गर्ने सल्लाह गरे र सबै जना नाका क्षेत्रमा आए । तर, उनीहरूको प्रयास सफल भएन । उल्टै प्रहरीले लाठी चार्ज गर्न थाल्यो । त्यसबेला बालबच्चा काखी च्यापेर कुनामा लुकेर जोगिएको लक्ष्मीले सुनाइन् । 'उता गयो, उतैका प्रहरीले लखेट्ने, यता आयो आफ्नै देशकाले,' उनले भनिन्, 'पहिलोपटक यस्तो पीडा भोगियो, जीवनभरलाई नमिठो सम्झना भयो ।'

उनीहरू त्यस रात बेलहिया नाकास्थित सडकमै बसे । अन्य नेपाली पनि त्यहीँ थिए । 'नेपालको प्रहरीले पानी पनि सोधेनन्,' उनले दुखेसो पोखिन्, 'सुत्केरी शरीर, बालबच्चा, आफ्नै बुद्धि बिग्रिएर देश आएछु जस्तो भयो ।' दिल्लीमै छँदा उनीहरूलाई बच्चासँग यात्रा नगर्न साथीहरूले सुझाव दिएका थिए । त्यसबेला ती साथीहरूलाई झलझली सम्झिएको उनले सुनाइन् ।

'एउटै लुगामा रगत बगिरहेको थियो,' लक्ष्मीले नाकामा अलपत्र पर्दाको अवस्था बताइन्, 'खानेकुरा केही थिएन बच्चा रुवाउँदै बस्नुपऱ्यो ।' सुत्केरी अवस्थामा घर र माइतमा आराम गर्ने चाहनाले श्रीमान्लाई उनी आफैंले आग्रह गरेर हिँडेकी थिइन् । त्यसबेला नयाँदिल्लीमा पनि कोरोना भाइरस (कोभिड-१९) को जोखिम थियो । त्यही कोरोना संक्रमणको त्रासले आफ्नो मुलुक प्रवेशमा पनि छेकबाँध लाग्ला भन्ने नसोचेको उनको परिवार सीमा क्षेत्रमै तीन दिन बस्नुपऱ्यो । दोस्रो र तेस्रो दिन उनीहरूलाई क्वारेन्टाइनमा राखिएन । अन्ततः चौथो दिन मात्रै लक्ष्मीको परिवार नेपाल भित्रन पायो ।

नगरपालिकाको क्वारेन्टाइनमा बसेपछि सुत्केरी आहार मिलेको छ । घ्यू र पोषिलो खाना पाएकोमा उनले खुसी व्यक्त गरिन् । यहाँ नआउन्जेल उनीहरूले बाटोमा कहीँ खिचडी खाए, कहीँ केराले भोक मेटे । 'गाडी चढेपछि भारतीय सहयोगीले खानेकुरा दिन्थे, त्यही खाइयो,' उनले सुनाइन्, 'सुत्केरी आहारा कहाँ मिल्थ्यो र ?' यात्राका क्रममा बच्चालाई दूध चुसाउन भने गाह्रो भएको उनले बताइन् । सीमापारि उनीहरू पीडामा थिए भने यता उनीहरूका आफन्त छटपटाइरहेका थिए ।

बेलहिया नाकामा रहँदा उनीहरूले कहिले ढुंगामाथि बसेर समय कटाए त कहिले सडकपेटीमा पल्टिए । यही अवस्थाबारे जानकारी पाएपछि गत बुधबार जिल्ला प्रशासन र तिलोत्तमा नगरपालिका उनीहरूको उद्धार गर्ने निर्णयमा पुगेका थिए । 'तिलोत्तमा लक्ष्मीको घर र माइती दुवै हो,' नगरप्रमुख बासुदेव घिमिरेले भने, 'भारतीय प्रशासनसँग छलफल गरेर उनको परिवारलाई यहाँ ल्याएका हौं ।' उनीहरूलाई तिलोत्तमा-२ स्थित दुर्गादत्त माविमा बनाइएको क्वारेन्टाइनमा राखिएको छ । लक्ष्मीको माइती घर तिलोत्तमा-८, चार नम्बरमा पर्छ । घर भने तिलोत्तमा-१०, कान्छीबजारमा छ ।

१४ दिन क्वारेन्टाइनमा बस्नुपर्ने भएपछि लक्ष्मीलाई माइतीघर, आमा र घरको न्यास्रो बढेको छ । 'यहाँ बस्न बाध्य छु, जान पाउँदिन,' उनले भनिन्, 'आफ्नै आँगन बिरानो भयो ।' उनकी ठूली छोरी तीन वर्षकी भइन् । अर्की डेढ वर्षकी छन् । अहिले क्वारेन्टाइनमा लक्ष्मीलाई ज्वानोको झोलसहित फलफूल, दूध, अण्डा, मासु, घ्यूको प्रबन्ध मिलाइएको तिलोत्तमा नगरपालिकाका प्रवक्ता सुरेन्द्र श्रीले बताए । मधवलीया स्वास्थ्य चौकी प्रमुख रामेश्वर ढकालको नेतृत्वमा खटिएको टोलीले उनीहरूको स्वास्थ्य अवस्थाबारे निगरानी गरिरहेको छ । अहिले बच्चा र आमा दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको ढकालले बताए ।

निकुञ्जमा तस्करको बिगबिगी

अब्दुल्लाह मियाँ (काठमाडौं)

लकडाउनको मौका छोपेर वन्यजन्तु सिकार र काठ तस्करी गर्नेको संख्या तराईका निकुञ्ज र आरक्षभित्र बढेको छ । चितवन, बर्दिया र बाँकेस्थित निकुञ्ज क्षेत्रमा यस्ता गतिविधि बढेको सम्बन्धित निकुञ्जका प्रमुख संरक्षण अधिकृत (चिफ वार्डेन) हरूले बताएका छन् ।

बर्दिया राष्ट्रिय निकुञ्जमा लकडाउनको करिब दुई सातामा २८ जना व्यक्ति समातिएका छन् । बर्दिया निकुञ्जका चिफ वार्डेन अणनाथ बरालका अनुसार १८ जना अवैध तरिकाले काठ ओसार्ने र १० जनालाई वन्यजन्तु सिकारका लागि गएका बेला समातिएको हो ।

राष्ट्रिय निकुञ्ज ऐनमा संरक्षित वन्यजन्तु उल्लेख गरिएको 'चौका' को सिकार गर्ने पाँच जनालाई बर्दिया र बाँकेस्थित निकुञ्जको संयुक्त टोलीले

बर्दियामा २८, चितवनमा डुंगासहित २२ र शुक्लाफाँटामा १४ जना समातिए

मध्यवर्ती क्षेत्रमा पर्ने वैजनाथ गाउँपालिकाबाट समातेको हो । यसबीचमा अवैध एउटा एक्स्काभेटर, एक ट्याक्टर र एक सय क्युबिक फिट काठमसेत बरामद गरेको छ ।

वन्यजन्तुको तस्करी बढ्न सक्ने भन्दै बर्दियाको चोरीसिकार नियन्त्रण युवा परिचालन अभियान (सीबीएपीयू) ले समेत निकुञ्जको गस्ती गरिरहेको सीबीएपीयूका हेमन्त आचार्यले बताए । उनीहरूले हरेक दिन आलोपालो गरी निकुञ्जको टोलीलाई गस्तीमा साथ दिने गरेका छन् । केही दिनअघि राजापुर नगरपालिकाको शंकरनगरमा एक हात्ती करेन्ट लगाएर मारिएको अवस्थामा फेला परेको थियो ।

चितवन राष्ट्रिय निकुञ्जमा शनिबार मात्रै २२ जनालाई पक्राउ गरिएको छ । निकुञ्जका कर्मचारी र सुरक्षार्थ तैनाथ बटुकदल गणको संयुक्त गस्ती टोलीले अवैध गतिविधि गर्ने हिसाबले निकुञ्ज छिरेका २२ जनालाई पक्राउ गरिएको चिफ वार्डेन नारायणप्रसाद रुपाखेतीले कान्तिपुरलाई बताए । केही दिनअघि निकुञ्जको अमलटारी र सौराहा नजिकको खोलामा तीन वटा घडियाल गोही मारिएको अवस्थामा फेला परेका थिए ।

रुपाखेतीका अनुसार माछा मार्न निकुञ्जभित्र लगिएको एक डुंगासमेत बरामद गरिएको छ । 'लकडाउनले बजार बन्द भएपछि मानिसहरूको ध्यान निकुञ्जतिर बढेको छ,' उनले भने, 'त्यसैले हामीले निगरानी पनि बढाएका छौं ।'

यो निकुञ्ज भएर बग्ने नारायणी र राप्ती नदीमा तियारी जाल हालेर माछा मार्ने क्रममा गोही धेरै मारिने गरेका छन् । गत आर्थिक वर्षमा मात्र नौ वटा गोही मारिएका थिए । नारायणी र राप्तीमा दुई सय ५० वटा घडियाल गोही छन् । गोही प्रजनन केन्द्रमा हुर्काएर निकुञ्जले हरेक वर्ष प्राकृतिक वासस्थानमा गोही छाड्छ ।

बाँके राष्ट्रिय निकुञ्जका चिफ वार्डेन प्रमोद भट्टराईले अहिलेसम्म चोरीका घटना नभए पनि सम्भावित घटनालाई मध्यनजर गर्दै गस्ती बढाइएको बताए । लकडाउनका बीचमा तराई र चुरे क्षेत्रमा काठ तस्करी गर्ने क्रम पनि बढेको छ । सुदूरपश्चिमको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा १४ जनालाई पक्राउ गरिएको चिफ वार्डेन लक्ष्मण पौड्यालले जानकारी दिए । चार जना काठ र अरू १० जना अवैध हिसाबले माछा मार्नेहरू हुन् ।

चितवन निकुञ्जसँग जोडिएको पर्सा निकुञ्जमा पनि गत साता हतियारधारी तस्कर भेटिएपछि निगरानी बढाइएको छ । निकुञ्जका सहायक संरक्षण अधिकृत अशोकुमार रामले सम्भावित क्षेत्रमा गस्तीलाई व्यापक बनाइएको जनाए । लकडाउनमा सम्भावित चोरीसिकारका घटना हुन सक्ने भए पनि ढोरपाटन सिकार आरक्ष र रारा राष्ट्रिय निकुञ्ज प्रमुखविहीन छन् । ढोरपाटनमा निमित्त प्रमुख तोकिएका पुरुषोत्तम शर्मा र रारामा निमित्त प्रमुख तोकिएका विष्णुप्रसाद थपलिया लकडाउनका कारण कार्यस्थल जान पाएका छैनन् ।

संकटमा घरबाटै काम

लकडाउनमा बाहिर निस्किन नपाएपछि घरैबाट काम गर्ने 'वर्क फ्रम होम' अवधारणा धेरैले अँगालेका छन्, नयाँ प्रविधिको उपयोगसँगै भर्चुअल मिटिङ उपयोगी बनेको छ

राजु घिसिङ (काठमाडौं)

कोभिड-१९ महामारीबाट जोगिन सरकारले देशव्यापी रूपमा लकडाउन घोषणा गरेको दुई साता भएको छ । मजदुर र कर्मचारी जहाँ छन्, त्यहीं बस्नुपरेपछि उद्योग र कार्यालयमा ताल्चा लागेको छ । यही संकटमा केही कम्पनी/कार्यालयले भने 'वर्क फ्रम होम' को अवधारणा पछ्याउँदै लकडाउन उल्लंघन नगरी घरबाटै निरन्तर काम गरिरहेका छन् । मिटिङ पनि म्यासेन्जर, भाइबर, ह्वाटसएप लगायतमा भर्चुअल्ली भइरहेको छ ।

अमेरिकी अर्बपति वारेन बफेटको बर्कसायर हाथवे कम्पनीअन्तर्गत पर्छ, टीटीआई इन्क । टेक्सासमा मुख्यालय रहेको यसैको एउटा कार्यालय छ, नेपालमा । सन् २०१३ मा स्थापित टीटीआई इलेक्ट्रोनिक्स नेपाल प्रालिमा ५३ जनाले काम गर्छन् । तर १० चैतको बेलुका सरकारले भोलिपल्टदेखि देशभर लकडाउन गर्ने घोषणा गरेपछि चौबिसै घण्टा काम गर्नुपर्ने यो कार्यालय संकटमा पऱ्यो ।

धुम्बाराहीमा कार्यालय रहेको टीटीआई इलेक्ट्रोनिक्स नेपालका महाप्रबन्धक नवीन पाँडेले भने, 'सोचिएकै थिएन, अचानक लकडाउन भयो । कर्मचारीको सुरक्षा हाम्रो प्राथमिकता हो । सरकारको नियम मान्नैपर्छ । कामको चाप एकदमै बढिरहेको थियो । त्यसैले लकडाउन उल्लंघन नगरी कसरी काम गर्ने भन्ने विकल्पको खोजीमा 'वर्क फ्रम होम'को अवधारणा अपनाउने निर्णय गरियो ।' उनका अनुसार दुई तीन दिनमै अफिसबाट कम्प्युटर घरघर लगेर वर्क स्टेसन तयार गरियो । अनि धमाधम काम । ५३ जनामध्ये ४९ स्टाफले अहिले घरबाटै काम गरिरहेका छन् ।

'घरमा रहेर काम गर्दा सामाजिक रूपमा टाढै बस्न सकिन्छ, जसले गर्दा कोभिड-१९ को संक्रमणबाट पनि टाढै रहन सकिन्छ,' महाप्रबन्धक पाँडेले भने, 'काम पनि चलिरह्यो, आफूलाई बजारको नकारात्मक हल्लाबाट टाढै राख्दै काममै फोकस हुन सकियो ।' उनले काम नहुँदा उत्पन्न हुने आर्थिक संकट पनि टरेको बताए । 'यस्तो संकटमा पनि काम नियमित गर्दा सबैले प्रशंसा गरिरहेका छन्,' उनले भने ।

टीटीआई इलेक्ट्रोनिक्स नेपालका कर्मचारीहरू घरबाटै काम गर्दै ।

टीटीआईले अमेरिका, युरोप, कोरिया, चीन, भारतलगायत धेरै देशमा इलेक्ट्रोनिक कम्पोनेन्ट वितरण गर्छ । हाल कोभिड-१९ को उपचारमा आवश्यक पर्ने सामग्री वितरणमा केन्द्रित रहेको महाप्रबन्धक पाँडेले बताए । यसमा नेपालको कार्यालयबाट प्रशासनिक काम हुन्छ ।

टीटीआई इन्टरनेसनलअन्तर्गत एक्ट इस्ट प्रोग्रामको कार्यालय पाटनढोकामा रहेको छ । हात्तीपाइले रोगसम्बन्धी काम गर्ने यस संस्थाकी फाइनन्स एन्ड ग्रान्ट्स म्यानेजर दीप्ति सिलवाल पनि लकडाउन लागू भएदेखि घरबाटै काम गरिरहेकी छन् । 'इन्टरनेट भएकाले घरबाटै काम गर्न सजिलो भएको छ । तर अफिसमै गरेजस्तो सबै काम भने घरमा बसेर गर्न सकिँदैन,' उनले भनिन् । यस संस्थमा कार्यरत सबैले घरबाटै काम गरिरहेको पनि उनले बताइन् ।

अडिटिङ फर्म जोशी एन्ड भण्डारीका साझेदार (पार्टनर) प्रवीनकुमार झाले पनि आफ्नो फर्ममा कार्यरत ५८ जनाले नै लकडाउन सुरु भएयता घरबाटै काम गरिरहेको बताए । उनले भने, 'हाम्रो ९० प्रतिशत क्लाइन्ट नेपाली छन्, उनीहरूको अफिस गएर काम गर्नुपर्छ तर अडिटिङ अत्यावश्यक वस्तुमा पर्दैन, त्यसैले हामीले आफ्नौ घरबाट काम गरिरहेका छौं । मिटिङ पनि भाइबरबाटै गरिरहेका छौं ।'

शारीरिक रूपमा कार्यालयमै उपस्थित भएर काम गर्नुपर्नेहरूका लागि भने तत्काललाई जागिरबाट आराम लिँदै सामाजिक दूरी राखेर घरमै बस्नुको विकल्प छैन ।

नयाँ अवधारणा

नेपालमा ५ वर्षअघि महाभूकम्पले संकट निम्त्याएको थियो । त्यसपछिको नाकाबन्दीले पनि अस्तव्यस्त बनायो । अहिले चीनको वुहानबाट फैलिएको कोभिड-१९ को महामारी आइलाग्यो । यसैसँग जुध्दै गुजाराका लागि 'वर्क फ्रम होम'को अवधारणा पनि आइपुग्यो ।

'छोटो अवधि काम नगरे पनि कम्पनीले तलब त दिन्छ तर लकडाउन लामो अवधि गयो भने केही भन्न सकिँदैन, त्यसका लागि पनि घरबाटै काम गर्ने अवधारणा उपयुक्त हो,' टीटीआई नेपालका महाप्रबन्धक पाँडेले भने, 'सबैको काम घरबाट गर्न सम्भव छैन, जुन सम्भव छ त्यो सञ्चालन गर्नुपर्छ ।'

इन्टरनेट ब्यान्डविथको माग उच्च

संकटका बेला घरमै काम गरे पनि आफ्नो कार्यालयमा जस्तो भने नहुने गुनासो छ । अफिसमा त्यही कामका लागि बढी स्पिडको इन्टरनेट लिइएको हुन्छ, जुन घरमा उपलब्ध हुँदैन । घरबाटै काम गर्दा इन्टरनेट स्लो भएको धेरैको गुनासो छ । लकडाउनमा खपत बढेपछि इन्टरनेट ब्यान्डविथको माग ५० प्रतिशतसम्म बढेको बताइन्छ ।

भायनेटका महानिर्देशक विनय बोहरा भन्छन्, 'इन्टरनेट ब्यान्डविथको माग बढेको छ तर लकडाउनले गर्दा जोड्न पाइएको छैन । इन्टरनेट बिग्रिएको घरमा बनाउन जान पनि पाइएको छैन । अत्यावश्यक सेवामा परे पनि लकडाउनले समस्या परेको छ ।'

बोहराले थपे, 'सबैले अनलाइन पे चलाउँदैनन्, इन्टरनेट सेवा नवीकरण गर्ने बेला कसरी गर्ने भन्ने समस्या छ । त्यसैले पैसा उठाउन र स्टाफलाई तलब खुवाउन पनि गाह्रो भएको छ ।'

परिवारलाई समय, अभ्यासमा कमी

कोरोना ब्रेकमा नेपाली क्रिकेटर

सन्जु पौडेल (तिलोत्तमा)

खेलाडी प्रायजसो साँझ-बिहान व्यायाम र दिउँसो अभ्यास खेल वा प्रतियोगिताहरूमा व्यस्त रहन्थे। अहिले खेलाडीको दैनिकी फेरिएको छ। कोभिड-१९ संक्रमणको महामारीका कारण उनीहरूको खेल अभ्यासमा बाधा पुगेको छ। देश अहिले लकडाउनको स्थितिमा छ।

कोरोना भाइरस संक्रमणका कारण सबैजसो राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिता रोकिएका छन्। कोरोना 'ब्रेक' को अधिकांस समय खेलाडीहरूले परिवारसित बिताइरहेका छन्। विभिन्न प्रतियोगिता रोकिएपछि दैनिक तालिका फेरिएको यहाँ भेटिएका क्रिकेट खेलाडीहरूले बताएका छन्।

सधैं बिहान ६ बजे उठेर होस्टलका विद्यार्थी लिएर सँगै अभ्यास गर्ने पूर्व राष्ट्रिय क्रिकेट खेलाडी शक्ति गौचन अहिले ढिलो ओछ्यान छाड्छन्। 'बिहान साढे ७ बजेतिर उठ्छु,' उनले दैनिकी सुनाए, 'फ्रेस भएपछि मात्र ब्याट समात्ने गरेको छु।'

घरमै इन्डोर सिकाइ केन्द्र रहेकाले अभ्यासलाई निरन्तरता दिएको शक्तिले बताए। 'लकडाउन हुनुअघि बिहानै विद्यार्थी जम्मा हुन्थे। उनीहरूलाई सिकाउँदा सजिलै समय बित्ने गर्थ्यो। अहिले दिन कटाउन समस्या छ।' बिहान अभ्यासपछि खाजा खाएपछि केहीबेर टीभीको खेल च्यानलमा भुलिन्थे उनी। त्यसपछि आराम गर्ने तालिका हुन्थ्यो। घरमै सञ्चालित एकेडेमीको होस्टलमा रहेका विद्यार्थीलाई अध्ययनमा सघाउने, होस्टलमा खाना पकाउनेदेखि हरेक काममा सहयोग गर्दै बिहानी समय बित्थ्यो। विद्यार्थी स्कुल गएपछि उनी वित्तीय संस्था, बजार र कुनै कार्यक्रमको निम्तो पूरा गर्न भ्याउँथे। त्यसपछि बुटवलस्थित न्यु होराइजन माविका विद्यार्थीलाई प्रशिक्षण दिन पुग्थे। दिउँसो ३ बजेसम्म आधारभूत प्रशिक्षण र थप सिकाउनुपर्ने भए केही बढी समय बिताउँथे। त्यसपछि घर आउने, साँझका प्रशिक्षार्थीसँग एकेडेमीमै खेल्ने, गफिने गर्ने र केहीबेर मोटिभेसनल कुरामा दिन कटाउँथे उनी। साँझको ७ बजेपछि परिवार, छोराछोरीसँग समय बित्थ्यो।

अहिले विद्यार्थी सबै घर-घरमा छन्। 'एकेडेमीका विद्यार्थी, होस्टेलका विद्यार्थी र छोराछोरी एकै लाग्छन्,' शक्तिले भने, 'त्यसैले सबैसँग समय बिताइरहेको हुन्थें। अहिले त्यसमा कमी आएको छ।'

समाचार हेर्दा, सुन्दा एकदमै भयावह लाग्ने अवस्था रहेकाले सबैलाई घरमै बसेर सुरक्षित हुन र कहींकतै छुँदा आफ्नो हातलाई साबुनपानीले मजाले धुन सुझाउँछन् उनी। 'कोरोनाका कारण विदेशमा कति मानिस मरिरहेका छन्। मान्छेबाट मान्छेमा सर्ने भाइरस भएकाले हामी आफैं सचेत हुनुपर्छ। घुम्ने, खेल्ने, रमाउने दिन आउँछ। अहिले भने घरमै बसम्,' उनले सुझाए।

आफैंले आफैंलाई बचाउने र अरुलाई सल्लाह दिएर बाँच्न सहयोग गर्ने बेला भएको उनी बताउँछन्।' अति आवश्यक सामग्री खरिद गर्न पहिले पनि आफैं बजार जाने शक्तिले अहिले सामान किन्दा दूरी कायम गर्नुका साथै मास्क प्रयोग गर्ने गरेको बताए।

अर्का क्रिकेटर वसन्त रेग्मीले पनि लकडाउनले समय तालिकादेखि अध्यासमा प्रभाव पारेको बताए। मर्निङ वाकमा निस्कने उनी अहिले मजाले सुत्छन्। उठेपछि घरको छतमा हल्का व्यायाम गर्छन्। चिया पकाउने, खाना पकाउने, आमाबुवासँग दिनभर गफ गर्ने गर्छन्।

कोरोनाका कारण विशेष समय पाए पनि गत माघमा जन्मिएकी छोरीलाई खेलाउन नपाउँदा भने उनी आत्तिएका छन्। नेपालगन्ज ससुराली रहेका वसन्तको घर सिद्धार्थनगरमा छ। श्रीमती र छोरी माइती छन्। भिडियो कल गरेर छोरी न्यास्रो मेट्नुपरेको उनले बताए। 'छोरीको खुबै न्यास्रो लाग्छ, यो बेला साथमा भएको भए झन् छोरीलाई खेलाउन पाइन्थ्यो,' उनले भने। क्रिकेटबाहेक अन्य खेलमा पनि रुचि भएका वसन्त बिहान ब्याडमिन्टन कोर्ट पुग्थे। 'साथीभाइसँग भेटघाट र खेल खेलिन्थ्यो,' उनले भने, 'कोरोनाको त्रासका कारण अल्छीपन बढेको छ।' बुवाआमासँग पारिवारिक गफ र बाल्यकालका कुरा सुन्दा भने खुसी नै महसुस भएको उनले सुनाए।

अर्का क्रिकेर सुशन भारीलाई भने लकडाउनले अलि फरक अनुभव दिलाएको छ। तीन महिना जति भएको थियो उनी घर आउन नपाएको। लकडाउनले परिवार भेट्ने चाहना पूरा गरिदिएकामा अहिले उनी खुसी छन्। 'परिवार भेट्न पाएको अर्थमा खुसी लागे पनि गेम खेल्न नपाउँदा र अभ्यास नहुँदा लकडाउनपछि मिहिनेत कति बढ्ला भन्ने चिन्ता छ,' उनले भने, 'अहिले त मोबाइलमा पोट खेल्ने, भिडियो कल गर्ने गर्दामै ठीक छ।' विदेशमा रहेकी दिदीसँग उनी अनलाइन गेम खेल्छन्। साथीभाइसँग भिडियोकलमा व्यस्त रहन्छन्, रमाइलो गर्दै हाँस्ने काम भइरहेको उनले सुनाए। पहिले बिहानै व्यायामसँगै बल घुमाउने, खाजा खाने, बाहिरी काम सकेर दिउँसोको ३ देखि ७ बजेसम्म लगातार क्रिकेट सिक्ने र खेल्ने गरेका उनी अहिलेको बसाइ धेरै आरामको समय मान्छन्। पहिले साँझमा प्रायः साथीभाइसँग भेटघाट र रमाइलो गर्ने गरेको र अहिले त्यो समय टीभी हेर्ने र सामाजिक सन्जालमा बिताइरहेको उनले सुनाए।

यद्यपि बिहानी अभ्यास र खुला ठाउँमा बल फ्याँक्न नपाए पनि उपलब्ध स्थानमा आफ्नो सिकाइ निरन्तर जारी राखेको उनले बताए। सुशनले घरमा आमालाई खाजा पकाउनदेखि तरकारी केलाउन, करेसाबारीमा पानी राख्न, गोडमेल गर्न सघाउने पनि गरेका छन्। 'पहिलो पटक यसरी घर बसेर पकाउने अभ्यास गर्दै छु,' उनले भने, 'सजिलो नहुने रैछ।' सबै कुरा मिलेमा मात्रै मिठो पाक्ने भएकाले त्यो अड्कलको सिकाइ पनि गरिरहेको सुशनले सुनाए। उनको यो बसाइप्रति आमा भने निकै खुसी छन्। निरन्तर खेल खेलिरहँदा सुशन घरमा बस्ने मौका पाउँदैनथे। लकडाउनले मौका दिएको अनुभव उनले साटिन्।

लकडाउन हरेक नागरिकको हितका लागि भएकाले यसको पालना आफूले पनि गरेको र सबैले गर्नुपर्ने सुसन सुझाउँछन्। विषम परिस्थिति रहेकाले सबै सतर्क हुनुपर्नेमा उनको सुझाव छ।

राष्ट्रिय टिममा एकपटक खेलेपछि हरेक खेलाडीको चाहना पुनः टिममा पर्न पाए हुन्थ्यो भन्ने हुन्छ। त्यही पर्खाइमा अभ्यासरत कृष्ण कार्कीलाई लकडाउनले योगसाधना सिकाएको छ। बिहान-बेलुकाको दुई घण्टा उनी योग सिकिरहेका छन्। बिहानी वर्कआउटमा बाहिर जान नपाएपछि योगसँगै उनले शारीरिक व्यायाम गर्छन्। 'घरमा लगातार बसिरहेको बानी थिएन,' उनले भने, 'सुरुको दुई दिन अति नै उकुसमुकुस भयो। अहिले त लकडाउनअनुसारकै रुटिन चलेको छ।'

कृष्णलाई पनि अन्यलाई जस्तै निद्राले साथ दिएको छ। मजाले सुत्ने, उठ्ने, खाने, टीभी हेर्ने, क्रिकेटका पुराना खेल हेर्ने। यस्तै दिनचर्या चलिरहेको उनले सुनाए। परिवारमा उनको बसाइले खुसी थपेको छ। सबैजना एकदम खुसी भएको र आफूसँग खेलबारे जिज्ञासा राखिरहेको उनले बताए। उनले अहिलेको स्थिति डरलाग्दो भएकाले घरमै बसेर तालिका बनाएर नयाँ कुरा सिक्ने, परिवारसँग समय बिताउने गरेका छन्। 'खेलाडीले अघिपछि खेल खेल्दा अरु कुरामा ध्यान दिनै भ्याइँदैन,' उनले भने, 'अहिले अन्य विषयमा पनि मजाले चासो दिन पाइएको छ।'

लकडाउनको सदुपयोग गर्दै परिवारका साथ वसन्त रेग्मी (माथि), टीभी हेर्दै कृष्ण कार्की र शक्ति गौचन तथा भान्सामा काम गरिरहेका सुशन भारी। *तस्विर : कान्तिपुर*

'सेल्फ' प्रशिक्षणमा रम्दै राष्ट्रिय फुटबलर

हेटौंडा-१० स्थित फरेस्ट्री मैदानमा अभ्यास गर्दै अन्जन र रन्जन। *तस्विर : सुवास/कान्तिपुर*

सुवास बिडारी (मकवानपुर)

फुटबल खेलाडी उत्पादनको हिसाबले मकवानपुर जिल्ला पनि अग्रस्थानमा आउँछ। नेपालको पुरुष फुटबलको राष्ट्रिय टोलीमा मकवानपुरका चारजना खेलाडीले नियमित रूपमा स्थान बनाइरहेका छन्। अन्य खेलाडीहरूको पनि राष्ट्रिय टोलीमा स्थान बनाउने र बाहिरिने क्रम चलिरहेको छ। विश्वव्यापी फैलिएको कोरोना भाइरस (कोभिड-१९) को असर देशका चर्चित फुटबलरमा पनि परिरहेको छ।

मकवानपुरबाट राष्ट्रिय टोलीमा रहेका खेलाडी अन्जन विष्ट, रन्जन विष्ट, सुनील बल र एलन न्यौपाने हुन्। रन्जन र अन्जन दाजुभाइ हुन्। कोरोनाका कारण अहिले विष्ट दाजुभाइ र सुनील हाल गृहनगर हेटौंडामै छन् भने एलन एक महिनाअगाडि मात्र अस्ट्रेलियातर्फ लागेका थिए। विभिन्न उमेर समूहमा नेपालको राष्ट्रिय टोलीको जर्सी लगाएर मैदानमा उत्रेका विंगर तथा च्यासलका कप्तान अमिर श्रेष्ठ र मनाङ मर्स्याङ्दी क्लबका गोलरक्षक अशोक बराल पनि हेटौंडामै छन्।

मनाङको अग्रपंक्ति सम्हालिरहेका विष्ट दाजुभाइ आफूलाई फिट राख्नका लागि हेटौंडा-१० स्थित घर नजिकै रहेको वनविज्ञान अध्ययन संस्थान (फरेस्ट्री) मैदानमा बेलुकी समयमा प्रशिक्षण गरिरहेका छन्। 'क्लबमा हुँदा समूहमा रहेर प्रशिक्षकको निर्देशन अनुसार प्रशिक्षण गरिन्थ्यो। अहिले एक्लै आफूलाई फिट राख्नका लागि प्रशिक्षण गरिरहेको छु,' अन्जनले बेलुकी समय प्रशिक्षणमा बिताए पनि बिहान र दिउँसो घरमै बसिरहेको बताए। गायनमा सौखिन उनी गिटार बजाएर दिन काटिरहेको बताउँछन्।

रन्जन भने बिहान र दिउँसो घरमै बसिरहेको र बेलुकाको समयमा 'सेल्फ' प्रशिक्षण गरिरहेको बताउँछन्। ए डिभिजन लिग र मोफसलमा भएका विभिन्न नकआउट फुटबल प्रतियोगितापछि घरमा आएर परिवारसँग बस्दा आफूलाई फिट महसुस गरेको उनले सुनाए। भने, 'लिगलगत्तै विभिन्न जिल्लामा भएको नकआउट फुटबलको व्यस्ततावाट राहत मिलेको छ।' उनले फुटबलप्रेमी एवं सबैलाई कोरोनाबाट बच्नका लागि सुरक्षित घरमै बस्न आफ्नो फेसबुक पेजमार्फत् आग्रह गरिरहेको बताए।

नेपालले आफ्नै भूमिमा १३ औं सागमा फुटबलको स्वर्ण पदक जित्दा महत्त्वपूर्ण भूमिका खेलेका सुनील अहिले हेटौंडा-१४ स्थित आफ्नै घरमा छन्। 'घर नजिकैको चौरमा बिहान र बेलुका पसिना बगाइरहेको छु। यो समयमा कहाँ जानु। घरमै बसेर दिन बितिरहेको छ,' उनले लिगमा च्यासलबाट खेल्दा सोचेजस्तो नतिजा नआए पनि अझै आफ्नो खेललाई कसरी तिखार्न सकिन्छ भनेर भरपूर सोच्ने मौका लकडाउनले दिएको बताए। 'अन्य क्लबमा जानेबारे अहिल्यै सोचेको छैन,' थ्रीस्टार छाडेर लिगअघि च्यासलमा आबद्ध उनले भने।

'ए' डिभिजन लिगमा विपक्षी खेलाडीविरुद्ध अभद्र व्यवहार गरेपछि कारबाही भोगेका अशोक बराल पनि अहिले फरेस्ट्रीमै अभ्यास गरिरहेकै भेटिन्छन्। मनाङले धरानमा भएको बुढासुब्बा गोल्डकप र पोखराको आहा-रारा गोल्डकप जित्दा उत्कृष्ट गोलरक्षक घोषित अशोक आफूलाई फिट राख्न बिहान र बेलुका नै प्रशिक्षण गरिरहेको बताउँछन्। यस्तै अमिर श्रेष्ठ पनि हेटौंडा-९ स्थित पशुपतिनगरमा रहेको औद्योगिक क्षेत्रको मैदानमा नियमित प्रशिक्षण गरिरहेका छन्। 'घर नजिकैको जुनियर भाइ र म दैनिक प्रशिक्षण गरिरहेका छौं,' अमिरले लकडाउनको दिनदेखि नै घरबाट मैदानबाहेक अन्यत्र नगएको सुनाए।

संकटा क्लबसँग आबद्ध मकवानपुरे गोलरक्षक रोहित कार्की र बिग्रेड ब्वाइजका डिफेन्डर एन्जल महर्जनलगायतका खेलाडी पनि अहिले घरमै छन्। जिल्ला फुटबल संघ मकवानपुरका प्रशिक्षक विजयलाल श्रेष्ठ आफूसँग नियमित रूपमा प्रशिक्षण गर्ने करिब ४० भन्दा बढी खेलाडीलाई लकडाउनको घोषणा भएसँगै घरमै बसेर सामान्य अभ्यास गर्न आग्रह गरिएको बताउँछन्।

वाल्करले गरे लकडाउन उल्लंघन

म्यानचेस्टर (एपी)- इंग्ल्यान्ड डिफेन्डर केली वाल्करलाई इंग्लिस प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीले कारबाही गर्ने सम्भावना बढेको छ। कोरोना भाइरस संक्रमणका बेला गरिएको 'लकडाउन' को उनले उल्लंघन गरेका थिए। सिटीका २९ वर्षीय खेलाडीले यसअघि आफूबाट भूल भएको भन्दै माफी पनि मागिसकेका छन्।

उनले गत साता दुई यौनकर्मीलाई घरमा निम्त्याएर भोजको आयोजना गरेका थिए। यसक्रममा उनले सरकारले घोषणा गरेको सामाजिक दूरीको नियम उल्लंघन गरेका थिए। अहिले इंग्ल्यान्ड तीन साता लामो 'लकडाउन' बाट गुज्रिइरहेको छ। वाल्करले भनेका छन्, 'मैले गर्न नहुने काम गरें, त्यसैले सार्वजनिक रूपमा माफी माग्छु।' उनले आफ्नो निजी जीवन पत्रिकाका लागि मसलाको समाचार भएकामा दुःख पनि व्यक्त गरेका छन्। उनले भनेका छन्, 'व्यावसायिक फुटबल खेलाडी भएको नाताले मलाई मेरो जिम्मेवारी थाहा छ। तर मैले नियम उल्लंघन गर्ने काम गरें। म आफ्नो परिवार, साथी, क्लब र समर्थकसामु क्षमा माग्न चाहन्छु।'

च्याम्पियन्स लिग स्थगित हुन सक्ने

बर्लिन (एजेन्सी)- युरोपेली फुटबल महासंघका अध्यक्ष एलेक्जेन्डर केफरिनले यस सिजनको युरोपेली च्याम्पियन्स लिग र युरोपा लिग स्थगित हुनसक्ने बताएका छन्। उनले प्रतियोगिता नै स्थगित गर्नुको विकल्पमा दर्शकविहीन बन्द रंगशालामा खेलाउनु राम्रो भएको पनि मानेका छन्। युरोपेली क्लब फुटबलको दुई ठूला प्रतियोगिता अहिले अनिश्चित समयका लागि सारिएको स्थितिमा छ।

जर्मन पत्रिका जेडडीएफसँगको कुराकानीमा अध्यक्ष केफरिनले भनेका छन्, 'सेप्टेम्बर वा अक्टोबर महिनासम्म प्रतियोगिता चलाइरहनुको कुनै अर्थ हुन्न।' उनले जतिबेलासम्म स्थिति अनुकूल हुन्न र कोरोना भाइरस संक्रमणको डर रहिरहन्छ, त्यतिबेलासम्म फुटबल खेल्नु ठीक नहुने पनि स्वीकारेका छन्।

विश्व टी-२० सफल हुने विश्वास

मेलबर्न (रोयटर्स)- ट्वान्टी-२० विश्वकपका आयोजकले यो वर्ष हुने प्रतियोगिता सफल हुने विश्वास व्यक्त गरेका छन्। कोभिड-१९ का कारण यो प्रतियोगिता अस्ट्रेलियाली नियमअनुसारको फुटबल र रग्बी लिगकै समयमा ट्वान्टी-२० विश्वकप पनि परेको छ। आयोजकले दर्शकलाई धेरै समस्या नहुने मानेको छ।

प्रतियोगिता अक्टोबर १८ देखि नोभेम्बर १५ सम्म हुनेछ। यो अस्ट्रेलियामा सबैभन्दा बढी क्रिकेटमा दर्शक हुने समय हो। तर कोभिड-१९ का कारण अस्ट्रेलियन लिग फुटबल (एएफएल) र नेसलन रग्बी लिग (एएफएल) स्थगित भएयता ट्वान्टी-२० विश्वकप हुने समयमै सारिएको हो। आयोजक कमिटीका सीईओ निक हकलीले भने, 'लामो समयपछि देशमा ट्वान्टी-२० क्रिकेटको विश्वकप फर्केको छ र यसलाई हेर्न मन पराउने दर्शकको कमी हुने छैन। हाम्रो क्रिकेट प्रशंसकलाई विश्वकप जस्ता ठूला प्रतियोगिता मनपर्छ। यो हाम्रो राष्ट्रिय खेल पनि हो। अझ यसले अन्तर्राष्ट्रिय दर्शक आकर्षित पार्नेछ।'



कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा